# सम्पादकीय

आफ्नो स्थापनाकालदेखि कमलाखोचँ क्षेत्रमा कमलानदीको सामिप्यतामा रही शिक्षाको आलोक छर्दै आएको श्री माध्यमिक विद्यालय लदाभीर आफैंमा अपरिचित र अनौठो नाम भने पक्कै होइन । विद्यालय स्थापना गरी फलाउने फुलाउने र संरक्षण गर्ने क्रममा यस क्षेत्रका अग्रज अभिभावक , विद्यार्थी,शिक्षक र विभिन्न निकायको भूमिकालाई हार्दिक साधुवाद नदिइरहन सकिन्नँ। आफ्नो गास काटेर सेवाको पवित्र भावना राखी विद्यालयलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउने समस्त अग्रजहरु चिरकालसम्म वन्दनीय हुनुहुन्छ । उहाँहरुको हौसला , प्रेरणा र उत्साहका कारण आज विद्यालयको बढोत्तरी स्वीकार्नै पर्छ । आज माध्यमिक विद्यालय लदाभीर आफ्नो दर्बिलो र सार्थक ढङ्गले सबैको प्रेरणाको श्रोत बनेको छ। ६६ औं वसन्त पार गरेको यस संस्थाले यस भेगका बालबालिकाहरुलाई शिक्षाको आलोक छर्दै देशका विभिन्न तहका शैक्षिक जनशक्ति उत्पादन गर्न सफल भएको छ । प्राविधिक धार तर्फका विविध कार्यक्रम सञ्चालन गर्दै आएको यस संस्थाले आफ्नै जगमा उभ्याएर स्नातकोत्तर सम्मको भातृ संस्था स्थापना गर्न समेत अनुकरणीय र अविस्मरणीय जिम्मेवारी पूरा गरेको देखिन्छ ।

शिशु कक्षा देखि १२ कक्षासम्म विज्ञान , व्यवस्थापन , शिक्षा तथा कृषि धारमा समेत आफ्नो विरासत राख्न सफल यस विद्यालय सिन्धुली जिल्लाकै अब्बल विद्यालय मानिन्छ । ऐतिहासिक र धार्मिक महत्व बोकेको कमला नदीको निकट ,मदन भण्डारी तथा सिद्धिचरण जस्ता राष्ट्रिय गरिमा बोकेका राजमार्गको समीपमा अवस्थित यो संस्था सिन्धुली जिल्लाको पूर्वी क्षेत्रको शैक्षिक धरोहर बन्न पुगेको छ। विगतदेखि वर्तमानसम्म यस विद्यालयले दर्जनौं ओजश्वी तथा लब्धप्रतिष्ठित व्यक्तिहरु जन्माएको तथ्य घाम जत्तिकै छर्लङ्ग छ । यसै सन्दर्भमा यस वर्ष यस विद्यालयले विद्यालयको प्राज्ञिक मुखपत्र लदाभीर आवाज स्मारिकाको प्रथम अंक प्रकाशन गर्ने प्रयास गरेको छ। यस भित्र विज्ञ शिक्षक, विद्धत अभिभावक, मेधावी विद्यार्थी तथा विभिन्न प्राज्ञिक सज्जन वृन्दका लेख , रचना र समीक्षात्मक कोसेली सजाउन लागिएको छ । यस्ता रचनात्मक र प्रेरणादायी कार्यले भोलिको पिँढी झनै सशक्त र जियाले बन्ने अपेक्षा गरिएको छ । विद्यार्थी वर्गमा खोज अनुसन्धान गर्ने भोक जाग्ने छ भने पाठक वर्गमा समीक्षात्मक दृष्टिकोण प्रगाढ बन्ने छ । नव प्रकाशित यो स्मारिका सबैका लागि वैयक्तिक वृत्तिका निमित्त कोसेढुङ्गा बन्ने विश्वासका साथ मुद्रणीय कार्यमा केही त्रुटि हुन गएको भए सकरात्मक सल्लाह , सुझाव एवम् मार्गदर्शनको अपेक्षा गर्दछौ ।

सम्पादक मण्डल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८०/०८१
चलानी नं:–



## शुभकामना

सिन्धुली जिल्ला दुधौली नगरपालिका ९ नं वडामा सञ्चालनमा रहेको तथा बागमती प्रदेशको नमूना विद्यालय कार्यक्रम सञ्चालन भइरहेको श्री मा. वि. लदाभिर, दुधौलीले ६६ औं वार्षिक समारोहको पुनित अवसरमा प्रथम अंक **लदाभिर आवाज** स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। विद्यालयको अवस्थाको झलक दिने, ऐतिहासिक विवरण समावेश हुने, विद्यालयको वर्तमान अवस्थाको समग्र गतिविधिको सूचनामूलक लेखहरु समावेश हुने, विज्ञ, शिक्षाविद अभिभावक, पूर्व विद्यार्थी तथा वर्तमान कार्यरत शिक्षक विद्यार्थीहरुको  सिर्जनशीलतावाट सामुहिक उदरदायित्व वहन गरी विद्यालयको बौधिक सम्पतिको रुपमा उत्पति हुने यस स्मारिका एउटा ऐतिहासिक दस्तावेजको रुपमा रहने अपेक्षा गरेको छु ।

विद्यालय दर्पणको रुपमा रहने यस स्मारिकाले विद्यालयको राम्रा प्रयास र सुधार गर्नुपर्ने पक्षमा केन्द्रित भइ समग्र शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुर्याउन सक्ने अपेक्षा लिएको छु ।

अन्त्यमा, प्रकाशन हुन लागेको यस स्मारिकाले पुर्याउने योगदानको प्रशंसा गर्दै विद्यालयले एकाइसौं सताब्दी सुहाउदो जनशक्ति उत्पादन गरी राष्ट्र विकासमा महत्वपूर्ण योगदान पुर्याउन सकोस भन्ने शुभकामना व्यक्त गर्दछु

.........................

**२०८० चैत्र**

(महानिर्देशक)

दिपेन्द्र सुवेदी

फोन नं. ०५७-५२७१०४ (परीक्षा), ०५७-५२७१०५(सूचना अधिकारी)   ०५७-५२७१०६(कार्यालय प्रमुख),
इमेलः edd.bagamati@gmail.com      वेवसाइटः edd.bagamati.gov.np

दुधौली नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

मिति : २०८०/१२/२२

## शुभकामना मन्तव्य

सिन्धुली जिल्लाको शैक्षिक इतिहासमा अग्रज शैक्षिक सस्थाहरु मध्येको श्री माध्यमिक विद्यालय लदाभिरले पुरानो ईतिहास बोकेको शैक्षिक संस्थाको रुपमा स्थापित भएता पनि हालको बदलिदो शैक्षिक परिवेशमा समेत आफुलाई परिमार्जित गर्दै अब्बल शैक्षिक संस्थाको रुपमा दुधौली नगरपालिकामा स्थापित रहेको देखिन्छ । यस सस्थाले आफ्नो स्थापनाको ६६औं स्थापना वर्षको पावन अवसरमा लदाभिर आवाज नामक स्मारिकाको पहिलो अंङ्क प्रकाशन गर्न लागेकोले मलाई निकै खुसी तुल्याएको छ। स्मारिका, पत्रिका, जर्नल, मुखपत्र जस्ता अभिलेखहरु संस्थाका सृजना र आभुषण हुन भने विद्यालय जस्तो शैक्षिक संस्थाको लागि यो अत्यन्त आवश्यक र अपरिहार्य जस्तै हुन्छ। बिद्यालयले ६६औं वार्षिकी नमूना विद्यालय घोषणा कार्यक्रमको सुअवसर पारेर संस्थाको स्मारिका प्रकाशन गर्न लागिएकोमा मेरो व्यक्तिगत र समग्र दुधौली नगरको तर्फबाट शुभकामना व्यक्त गर्न चाहन्छु। बिद्यालयले यस भेगको शिक्षाको कल्पवृक्ष बनेर ६६औं वसन्त पार गर्दागर्दै धेरै राष्ट्रिय व्यक्तित्व र चरित्रहरुको निर्माणमा योगदान पुर्‍याएकोमा नगरवासी हर्षित नैछौ। राष्ट्रका बिभिन्न क्षेत्रमा आवश्यक दक्ष र योग्य जनशक्तिको परिपुर्तिमा मा.वि लदाभिरको उल्लेख्य भुमिका रहेको सगौरव भन्न सकिन्छ। हाम्रो नगरको अनुभवी परिपक्व विद्यालय र माध्मिक तह सम्म विभिन्न विद्या साथै प्राविधिक धार समेत अध्ययन अध्यापन गराउने संस्था भएको हुनाले यसले आप्नै पहिचान र गर्विलो ईतिहास वनाउन सफल भएको छ। राज्यको शिक्षा नीति अनुरुप सामुदायिक विद्यालयमा समान शैक्षिक पहुँच, नविनतम सूचना प्रबिधिको अधिकतम् प्रयोग सहित आधुनिक शिक्षण विद्या मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरुलाई प्रभावकारी वनाई प्रवर्तनात्मक अभ्यास मार्फत बिधार्थीको सिकाई उपलब्धी उच्च वनाउदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकासका साथै सामुदायिक विद्यालयलाई अभिभावकत्व तथा बालबालिकाको पहिलो रोजाईको विद्यालयको रुपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिमा नेतृत्वदायी भूमिका खेल्न नमूना विद्यालयको आवश्यक्ता देखिएको अवस्थामा नमुना विद्यालय कार्यक्रममा श्री मा.वि. लदाभिर सहभागी भई अघि वढदैछ भन्ने विषय हामी सवैको लागि सुखद् र गौरवको कुरा हो। नमुना शब्द आफैमा महत्वपुर्ण कुरा हो । नमुना बनाउने सोच राख्नु महत्वपूर्ण योजना हो तथापी यसले विद्यालयका अन्तरङ्ग र बहिरङ्ग पक्ष नमुना बन्न सक्नु, सरोकारबाला पक्षहरु नमुना बन्न सक्नु र नमुना विद्यालयको अवधारणामा परिकल्पना गरे जस्तो मापदण्ड वमोजिम नेतृत्व, व्यवस्थापन, विधार्थी, शिक्षक, अभिभावक अनि विद्यालयको रुप र सार (गुण) नमुना हुन सक्नु नै वास्तवमा नमुना हो। उक्त कुरामा विद्यालय सदैव सचेत र सजग छ भन्ने लागेको छ। अन्त्यमा श्री मा.वि लदाभिर नमुना विद्यालयको बाटोमा अघि जादैछ, नमुना गोरेटो कोर्दै छ ।यस विद्यालयको नमुना शैक्षिक गोरेटोबाट यस पालिकाका अरु विद्यालयहरुले पनि नमुना शैक्षिक अभ्यास अनुकरण गर्न पाउनेछन र त्यही मार्गमा आफुलाई अघि बढाउन मार्गदर्शक विद्यालय बन्ने छ भन्ने विश्वास लिन चाहान्छु। साथै यस विद्यालय र समग्र दुधौली शिक्षा अनुकरणीय, नवप्रवर्तनात्मक, खोजमुखि, व्यवहारिक, व्यवसायीक, रोजगारीमुखी हुन र विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादनमा सफलता मिलोस भन्ने कामना सहित श्री माध्यमिक विद्यालय लदाभिरको उत्तरोतर प्रगतिको शुभाकामना ब्यक्त गर्दछु ।

धन्यवाद !!!

२०८०।१२।२२

दिनेश अधिकारी
नगर प्रमुख

दिनेश अधिकारी
नगर प्रमुख

०४७-४१२०४५, ४१२०५२ dudhaulinp@gmail.com

श्याम कुमार घिमिरे
संघिय सासंद
क्षेत्र नं. १, सिन्धुली
केन्द्रिय सदस्य नेपाली कांग्रेस

Shyam Kumar Ghimire
Member of Parliament
Constituency-1, Sindhuli
Central Commitee Member Nepali Congress

# शुभकामना

श्री माध्यामिक विद्यालय लदामिरको ६६औं वार्षिक उत्सवको अवसरमा "लदामिर आवाज" भन्ने स्मारिका प्रकाशित गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । यस विद्यालयले विगतका वर्षहरुमा यत्तिका गुणस्तरिय विद्यार्थीहरु उत्पादन गरेर समाजलाई लगाएको योगदान अतुलनिय छ । यो विद्यालय निरन्तर रुपमा गुणस्तरका हिसावले सिन्धुली जिल्लामै अब्बल रहँदै आएको जागजागेर छ । यस विद्यालयले कायम गरेको यो प्रतिष्ठा भविष्यमा पनि कायम रहोस् भन्ने शुभकामना दिन चाहन्छु । यस विद्यालयलाई आजको यस अवस्था सम्म ल्याइपुऱ्याउन अथक मेहनत गर्ने आदर्णिय प्रधानाध्यापक श्री मोहन शाही लगायत सम्पूर्ण विद्यालय परिवार, व्यवस्थापन समिति लगायत सम्पूर्ण अभिभावकहरुमा धन्यवाद ज्ञापन गर्दै यस विद्यालयको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद

जय नेपाल
माननिय श्याम कुमार घिमिरे

दुधौली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुधौली, सिन्धुली

बागमती प्रदेश, नेपाल

दुधौली नगरपालिका नगरकार्यपालिकाको कार्यालय दुधौली, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

प.स.: ०८०।०८१

च.नं.:



## शुभकामना ।

सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. ०९ मा अवस्थित श्री मा.वि. लदाभिर बि.स. २०१५ सालमा स्थापना भई हाल बागमती प्रदेशको नमूना विद्यालय कार्यक्रम समेत सञ्चालन गरी मुलुकको शैक्षिक विकास तथा उन्नयनमा विशिष्ट योगदान पुऱ्याएको, यस विद्यालयको ६६ औं वार्षिकोत्सवको पावन अवसरमा प्रथम अंक **लदाभिर आवाज** स्मारिका प्रकाशन हुन लागेकोमा अत्यन्तै खुशी लागेको छ ।

जीवनोपयोगी, व्यवहारकुशल ज्ञान र सीप आर्जन गरी एउटा सुयोग्य नागरिक तयार गर्ने जग भनेको विद्यालय शिक्षा नै हो । शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यालय तहबाटै सबैले जिम्मेवार ढङ्गले काम गर्नुपर्दछ । विद्यालयलाई थप सशक्त र प्रभावकारी ढङ्गबाट अगाडी बढाउनका लागि विद्यालय सञ्चालक, शिक्षक, अभिभावक र विद्यार्थी सबै समन्वय, सहकार्य र सहजीकरणका साथ अघि बढ्नु हुने छ भन्ने विश्वास लिएको छु ।

विद्यालयले स्थानीय, राष्ट्रिय, र अन्तराष्ट्रिय माग र आवश्यकता अनुरूप दक्ष जनशक्ति तयार गर्न सक्षम बनोस् । देशमा परिचित हुनेगरी शैक्षिक उननयन होस् । बि.स. २०८१ साल बैशाख ६ गते विद्यालयले मनाउन लागेको वार्षिकोत्सवको सफल रूपमा सम्पन्न होस् भनी शुभकामना प्रकट गर्दछु ।

..............

२०८० चैत्र

हरिलाल विश्वकर्मा

विद्यालय निरीक्षक

हरिलाल विश्वकर्मा
विद्यालय निरीक्षक

# मा.वि. लदाभिर, पूर्वचरणका केही सम्झनाहरु

- देवि प्रसाद पराजुली
(पूर्व शिक्षक)

यस बिद्यालयमा मैले २०३८ साल बैशाख २ गतेबाट शिक्षकको नियुक्ति लिए र २०७३ मंसिर १ गतेबाट यो पेशालाई अन्त्य गरे । सायद यति लामो अवधि सम्म यसै बिद्यालयमा मात्र निरन्तर अध्ययापन गर्ने शिक्षक अहिले सम्मको गणनामा म मात्रै हो भन्ने लाग्छ र यसो भन्न पाउनुमा गर्वको अनुभूति पनि गरेको छु । यस मा.वि. लदाभिरले एउटा स्मारिका प्रकाशन गर्न लाग्दा पुर्व शिक्षकको हैसियतले मैले पनि केही पुराना विद्यालय सम्बन्धी सम्झनाहरुलाई पस्कनु पर्ने मेरो आफनो दायित्व पनि हो भनेर मैले जमर्को गरेको छु । ३५ बर्ष ७ महिनाको अनुभव सम्झना र महत्वपूर्ण रमाईला नरमाईला क्षणहरुलाई एउटा सानो लेखमा समेट्न त संभव छैन तथापी केही कलम चलाउँदै गर्दा सम्झनाको अगाडी आएका क्षणहरुलाई टुक्रे रुपमा पस्कने प्रयास गरेको छु ।

म २४ बर्षको थिएँ , मलाई त्यहाको स्थानीय व्यक्तित्व जसलाई  म काका' भन्थैं सम्मर बहादुर गुरुङ , वहाँले मलाई पद्मा घले सित (कजिनी साहेव) र तत्कालीन प्र.अ. ठाकुरनाथ शर्मासित भेट गराइदिनु भयो । भर्खर मा.वि. संचालनको क्रममा रहेछ , यो बर्ष कक्षा नौ संचालन रहेछ । नेपाली बिषय प्र.अ. आफैले पढाउदै गरेको कुरा थाहा पाएँ । नेपाली पढाउने शिक्षकको आवश्यकता पाएँ । नागरिकता मेरो बनेको थिएन , म भोलीपल्टै नागरिकता बनाउन सिन्धुली जिल्ला प्रशासन तिर दौडिएँ । मेरो नागरिकतामा हस्ताक्षर गर्ने बेलामा प्रमुख जिल्ला अधिकारी ज्यू ले कहाँ पढेको ? के गर्छौ ? तिम्रो दायाँबायाँ केही छ , छैन ? राजा व्यबस्था प्रति तिम्रो धारण के छ ? यस्तै यस्तै प्रश्नले मलाई निक्कै बेर केरकार गर्नु भयो र अन्ततः नागरिकता प्राप्त गरैं । मैले जनकपुर नजिक मटिहानी संस्कृत क्याम्पसबाट स्नातक (शास्त्री) को अन्तिम परीक्षा दिएर आएको थिएँ । रिजल्ट निस्किसकेको थिएन । रिजल्ट आएपछि मा.वि. दरबन्दीमा लैजाने सहमतिका साथ मैले २०३८/०१/०२ गते प्रा.वि. को नियुक्ति पाएँ । यस विद्यालयमा यसरी मेरो विधिवतरुपमा शिक्षक पेशा आरम्भ भयो ।

त्यसबेला विद्यालय कक्षा ९ सम्म संचालन थियो । हामी शिक्षकहरु ९ जना थियौ । सबै पिरियड पढाउनु पर्थ्यो । तलदेखि माथि ९ कक्षा सम्मका नेपाली बिषयको ढाकर मैले बोके । भर्खर पाएको जागिर, युवा नयाँ जोश भएर पनि होला पढाउन रमाईलो लाग्थ्यो । आठ नौ कक्षामा पढ्ने विद्यार्थीहरुलाई पढाउन पाउँदा कस्तो कस्तो अर्कै आनन्द आउँथ्यो । त्यसबेला प्रा.वि. शिक्षकको तलब मासिक २५५।- थियो । मेरो वैशाख २ गते नियुक्ति भयो जेष्ठ १५ गते विद्यालयको लेखापालको रुपमा मासिक १५५।- दिने गरि दुर्गा बहादुर हमाललाई बिद्यालयले नियुक्त गर्‍यो ।अहिले यसो कहिले काही सोच्ने गर्छु दुधौली बजारबाट एउटा प्लाष्टिकको झोलामा घरायसी सामान झुण्ड्याएर फर्कदै गर्दा ,त्यस बेलाको तलबसित हिसाव गर्छु , वर्षदिनको तलव त्यही प्लाष्टिकको झोला भित्र अटेको हुन्छ अनि आफैले आफूलाई भन्न मन लाग्छ अब त अरुको  इतिहास किन पढ्छस् ? इतिहास त आफै भइसकिस् ।

ठाकुरनाथ शर्मा हाम्रो हेडसर मात्र नभएर एउटा भरपर्दो अभिभावक, हामी धेरै ठिटा शिक्षकहरुको बिच परिपक्क उमेरको व्यक्तित्व भएकाले वहाँलाई पदीय जिम्मेवारीको रुपमा मात्र नभएर एउटा भरपर्दो अभिभावक हामी धेरै ठिटा शिक्षकहरुको बिच परिपक्क उमेरको व्यक्तित्व भएकाले वहाँलाई पदीय  मात्र नभएर भावनात्मक रुपमा पनि वहाँलाई सम्मान र विश्वास गर्थैं अहिले पनि म हेडसर शब्द सित ठाकुरसरलाई सम्झिन्छु । २०५५ सालमा वहाँ र मेरो बिच गुनासो गर्ने कुनै ठाउँ रहेन । अहिले वहाँ पार्थिव शरीरमा हुनुहुन्न तथापि वहाँप्रतिको सम्मान , सद्भाव र सम्झनामा मेरो लागि अझ बढी ताजा

छ । पंचायती व्यबस्था नढल्दै सायद त्यसबेलाको राष्ट्रिय पंचायतको चुनावको चहलपहल मध्य भएको रहेछ , कुन बेला हो, मिति चै किटान गर्न सकिन । ठाकुर सरले एकदिन  हामी सबै शिक्षकलाई सि.डि.ओ. साहेवले बोलाउनु भएको छ जाउ भन्नुभयो । हामीलाई वरीपरी राखेर निर्देशन दिनुभयो । तपाईहरु सरकारी कर्मचारी हो त्यसैले यो चुनावमा फलानो मान्छेलाई भोट दिनु होला , यदि दायाँ-बायाँ गर्नुभयो भने प्रशासनको आखा तपाईहरुको घरको झयालमा पनि हुन्छ । पछि नराम्रो होला ख्याल गर्नुहोस भन्नुभयो । त्यहाँ हामीले बादबिवाद गर्न उचित ठानेनौ । हवस हजुर भन्दै उठ्यौ । कताकता हामी कति निरिह कर्मचारी रहेछौ भन्ने नमिठो स्वाद बोकेर आ-आफनो बाटो लाग्यौ । यस बारेमा पछि साथीहरुसित पनि छलफल गर्न मन लागेन किन भने तत्कालिन प्रशासनका आँखा  आफनै नजिक हुनसक्छ भन्ने लाग्यो । अरु साथीहरुले पनि खासै यस बारेमा कुरा उठाउनु पनि भएन ।

२०४२ सालमा शैक्षिक आन्दोलन भयो । यसको प्रभाव हाम्रो बिद्यालयमा पनि पर्‍यो । कसो,कसो बिद्यार्थी भाईहरु चै प्रहरी हिरासतबाट नै मुक्त भए हामी ३ जना शिक्षकहरुको यात्रा चै जेलसम्म पुग्यो । १६ दिन पछि प्रहरी हिरासत र १३ दिनको जेल बसाईपछि हामी पनि रिहा भयौ । तत्कालीन बिद्यालय संचालक समितिका अध्यक्ष मोहन बहादुर राउत र भु.पु. जिल्ला पंचायत सदस्य तथा हामी धेरैको मिलनसार लोकप्रिय दाजु कोमल बहादुर कार्कीको रोहबरमा सि.डि.ओ. साबबाट हामी छुट्यौ । जेलभित्र खानबस्न किनेको सामानहरु हामी ३ जनाले बर्दिबासमा अंशबण्डा गरेर बिद्यालय आयौ । हामी छुटेको भोलीपल्ट नै हो क्यारे राजाको दरबार नजिक बम पड्कीयो । राजारामले पड्काएको भन्थे । एकदिन ढिलो भएको भए सायद कम्तिमा पनि हाम्रो जेल बसाई ६ महिना हुन्थ्यो होला ।  यो काण्डमा हाम्रौ शिक्षक दाजु भक्त बहादुर कार्कीलाई गिरफ्तार गरे । केही दिन  कार्की सरले पनि दुख पाउनु भयो । प्रहरी हिरासत र जेलजिवनको अनुभव गर्ने मौका पाईयो । कैदिहरुका साबिति कुरा सुनेर दङग भईयो । व्यबस्था बिरोधी  अभियोगमा हिरासत र जेलयात्राको अनुभवलाई आहले चै मैले सौभाग्य यात्रा नै ठानेको छु ।

छ महिना प्रा.वि. १८ महिना नि.मा.शिक्षकको रुपमा रहेर मलाई बिद्यालयले मा.शि. को रुपमा पद स्थापना गर्‍यो । कतिपयले मात्र मलाई अझै पनि नामले चिन्नुहुन्छ तर धेरैले मलाई पराजुली सर भनेर मात्र चिन्दछन् । अब यि र यस्ता कुरा गरेर साध्य पनि हुन्न र छैन पनि । म केही स-साना, मसिना तर सम्झना लायक बिद्यालय भित्रका सम्झनाहरुलाई अब आशिंक र टुक्रे रुपमा प्रस्तुत गर्न खोजे ।

अहिले दुधौली खिरयानीको दुर्गा मन्दिर नेर पहिले यस बिद्यालयको एउटा पाचँ, छ कोठे काठको भवन थियो । यहि भवनमा अफिस र केही कक्षाहरु संचालन गरेका थियौ । प्रा.वि. तहको केटाकेटीहरुलाई कजिनी आमैको बस्तु बाध्न बनाईएको कटेरोमा पढाउने गर्थ्यौ । कजिनी आमा तत्कालीन दुधौली गाउ पंचायतको प्रधानपञ्च हुनुहुन्थ्यो । जिल्लाकै चर्चित ब्यत्तित्वमा पर्नु हून्थ्यो । उहाँ निरक्षर भएर पनि नेतृत्व क्षमता कुशल थियो । बेला समय पनि त्यस्तै थियो, वहाँमा अलि बढि हैकमी प्रवृत्ति पाइन्थ्यो । कजिनी आमैको भान्सामा ८/१० जना मानिस जो गएपनि खाना खानलाई  भनिरहनु पर्दैनथ्यो । सदाबहार भान्सा चलिरहन्थ्यो । खाना बनाउने मानिस छुट्टै हुन्थे । स्कुल चलाउनु पर्छ अझ ठुलो बनाउनु पर्छ भन्ने भावना चै थियो । यो बिद्यालय संञ्चालन गर्ने सवालमा तत्कालीन जिल्ला पंचायत सदस्य मोहन बहादुर राउतको उल्लेखनीय भुमीका छ । लामो समय सम्म बिद्यालय संचालक समितीको अध्यक्ष रहेर बिद्यालयको व्यवस्थापन शैक्षिक उन्नयन गर्ने कार्यमा वहााको उललेखनीय र महत्वयुर्ण योथदान छ । अलेली पढेलेखेको सबैतिर बुझेको, नेतृत्व क्षमता राम्रो भएकाले वहाँका नेतृत्वमा रहेर काम गर्न आमीलाई सजिलो र रमाईलो लाग्थ्यो । वहाँ रसिक मिलनसार हुनुहुन्थ्यो । तत्कालीन सिन्धुली जिल्लाका जिल्ला सभापति टिकाजगँ थापा मोहन बहादुर राउतको जुवाई हुनुहुन्थ्यो भने तत्कालीन सांसद महिला

राज्यमन्त्रि भद्रा भले कजिनी आमैको नजिकको हुनुहुन्थ्यो । टिकाजंग थापा र भद्रा घले यस जिल्लाको राजनैतिक प्रतिस्पर्धी भएपनि कजिनी आमै र मोहन बहादुर ज्यू को कारणले यी दुबै नेताबाट मा.वि. लदाभिरले आफ्नो बिकासको निम्तिको वेला मौकामा सहयोग पायो ।

त्यस ताका प्रत्येक बर्ष जिल्ला स्तरीय अन्तर मा.वि. वीरेन्द्र सिल्ड प्रतियोगिता हुने गर्थ्यो । फिल्ड, ट्र्याक तथा भूवनोटको आधारले सजिलो भएर होला यो कार्यक्रम कहिले सिन्धुली सदरमुकाम, कहिले भिमान अनि कहिले भलुवाही र लदाभिरमा संचालन हुन्थ्यो । सिल्ड कुन बिद्यालयले लैजाने भन्ने कुरामा खुब जोड चल्थ्यो । दनुवार समुदायको बाक्लो बस्ति भएकाले हाम्रो बिद्यालयमा दनुवार जातीका विद्यार्थीहरु प्रशस्तै थिए छ छन् पनि । एथलेटिक्स याने हाईजम्प , लङजम्प, ट्रिपलजम्प,दौड जस्ता खेलमा उनिहरुलाई अरुले नसक्ने एक पटक तत्कालीन जिल्ला शिक्षा अधिकारीले हाम्रा बिद्यार्थीहरुलाई ८००/१५०० मिटर दौडमा फष्ट हुने बिद्यार्थीहरुलाई बड्की घोडा र १००/२०० मिटरमा फष्ट हुनेलाई छोड्की घोडा अनि हाईजम्पमा फष्ट हुनेलाई हेलिकेप्टर उपनाम दिनुभएको थियो । त्यस ताका एथलेटिक्स तर्फ बेजोड प्रतिभा देखाएर मा.वि. लदाभिरलाई चिनाउने बिद्यार्थीहरुको संझना गर्दा लक्ष्मण अधिकारी, रामवरण यादव , ब्रमहलाल कुमर, काशी अधिकारी र छात्रा तर्फ ज्योतिका गूरुङ, रेवती गूरुङ मनु पौडेल, गिता स्याङतान, सुकुमाया तामाङ आदिको नाम बिर्सन सकिदैन । यो प्रतियोगितामा एथलेटिक्स तर्फ पहिलो हुनेलाई (५) दोस्रो लाई (३) र तेस्रो हुने बिद्यालयलाई (२) अङ्क दिईन्थ्यो भने भलिवल तर्फ ३/२/१ गरेर नम्बर दिईन्थ्यो । एथलेटिक्स तर्फ पहिलो ५ नं. त करिव हाम्रै हुन्थ्यो । भलिवल जिल्ला भरी मै राम्रो प्रतिभा देखाएर परिचित बन्न त्यस बेलाकी छात्रा हाल बाग्मती प्रदेशकी सांसद कसुकुमाया तामाङ सफल बनिन यसरी खेलकुदको क्षेत्रबाट सर्बप्रथम हाम्रो बिद्यालय जिल्ला भरि नै चर्चामा आयो ।

सायद २०३९ सालतिरको कुरा हुनुपर्छ । एक जना भाईले जागिर छोडेर खाली भएकोले कार्यालय सहयोगीमा गाउकै नजिक भनेर रामस्वरुप अधिकारीलाई कार्यालय सहयोगीमा बिद्यालयले भर्ना गर्‍यो । २०/२१ बर्षको भाई एकदिन कक्षा ९ र १० का बिद्यार्थी भाईबहिनीहरु ऋाफ्ना केही माग लिएर अफिसमा झुरुम्म आए । हेडसर सगैं हामी पनि अफिसमै छा । हामीलाई करिव आधा घण्टा समय लाग्यो - बिद्यार्थीलाई चित्त बुझाउन । बिद्यार्थीहरु आ-आफना कक्षा तिर लागे । अर्को पिरियडको घण्टी बजाउने बेला भयो । रामस्वरुप छैन भरै निक्कै खोजि गर्दा हेडसरको टेवल कुनी लुकेर बसेको रहेछ , बिचरा नया केटो धेरै बिद्यार्थी अफिसमा एकैचोटी आउदा डर लागेछ । पछि त बानी पर्‍यो यो घटना अहिले पनि घरीघरी सम्झन्छु । रामस्वरुप भाई पछि मोटरसाईकल दुर्घटनामा पर्‍यो ।अरहले उ यस संसारमा छैन ता पनि मैले उसलाई बिर्सन सकेको छैन ।

पहिला गाईगोठमा पढाएर प्रारम्भ गरिएको यो बिद्यालय अहिले भौतिक संरचना मा संपन्न नै छ भन्नैपर्छ शैक्षिक क्षेत्रमा पनि न राम्रो छैन । यस बिद्यालयलाई अघि बढाउने प्रारम्भिक चरणमा उल्लेखनीय योगदान दिने व्यक्तित्वहरुलाई सम्झनु पर्दा कजिनी आमा र मोहन बहादुर राउतका अतिरिक्त कोमल बहादुर कार्की, भैरव बहादुर राउत , कृष्णबहादुर गिरी , मोहन बहादुर थापा ,गणेश बहादुर बस्नेत जस्ता व्यक्तित्वहरुको नाम अगाडी आउछ । त्यसपछि बिद्यालय व्यबस्थापन समितिको अध्यक्षको रुपमा गंगाप्रसाद गिरी, प्रतापराज घले, घनश्याम राउत र कुमार शर्माको नेतृत्वमा मा.वि. लदाभिर निरन्तर रुपमा अघि बढिरहेको छ । मैले शिक्षकको रुपमा बिद्यालय छोडेको पनि सात बर्ष पुरा भयो । नया सहकर्मी साथीहरु धेरै हुनुहुन्छ । मेरा समकालिन त्यस बिद्यालयका निवृत्त साथीहरु सम्झिनु पर्दा दाजु भक्तबहादुर कार्की , सिताराम खड्का, कालेन्द्र प्रसाद सिहं ,राधेश्याम, भरतवावु बानिया , रमेश, सुमन, तेजप्रसाद जस्ता साथीहरु संझिन्छु । ठाकुरनाथ शर्मा पछि म आफै र कालेन्द्र प्रसाद सिहं, भक्त बहादुर

कार्की प्र.अ. हुदै हाल मोहन शाही ठकुरुको प्र.अ. को कार्याकाल चलिरहेको यस बिद्यालयमा म कार्यरत हुदैको बखत सहकमीृको रुपमा रहनु हुने बौद्धिक व्यत्तित्व शम्भु प्रसाद दहाल, टेकनाथ पहाडी , सर्मिला कुमारी शाही, शोभा बस्नेत , सारदा हमाल अझै कार्यरत हुनुहुन्छ त्यसैले पनि यो बिद्यालयको संझनामा आफुलाई ताजगीको रुपमा राख्न सकेको छ । बिद्यालयको निरन्तर उन्नती, प्रगति भईरहोस , यही शुभकामना ।

## विद्यालयमा १५ वर्ष : फर्केर हेर्दा

- जीवनहरि आचार्य
पूर्व विद्यार्थी

जीवनका सन्दर्भसँग गतिमान् हुँदै जाने क्रममा ०६४ सालमा आफ्नै जन्मभूमिका समाजसेवीहरू, अग्रज शैक्षिक व्यक्तित्वहरूको शिक्षाप्रतिको सकारात्मक सोचबाट खुलेको क्याम्पस कमला बहुमुखीमा र क्याम्पसको जननी श्री मावि लदाभिरमा म पनि शिक्षकको रूपमा एकाकार हुन पुगें। आफ्नो बाल्यकालीन शैक्षिक वातावरण प्यारो विद्यालयको प्राङ्गणमा तिनै सुखमय विद्यार्थी जीवनका पूर्वस्मृतिहरूको पलङ्गमा ढल्किएर आजको पेशागत दैनन्दिन जीवनको आनन्द बटुलिरहेको म र मेरो विद्यालय हिजो र आज के थियो, के भयो यस्तै धेरै प्रश्नहरू बारम्बार आउने र हराउने गर्थे मेरो मगजमा। हुनत हामी विद्यलयमा हाम्रा गुरूहरूमाझ थियौं। पुस्ताका रूपमा हेर्दा गुरु पुस्ता र चेला पुस्ता थियौं तर चेलामा पनि प्रौढ चेला र अप्रौढ चेला थियौं। प्रौढ चेलाहरूमा शम्भु दाहाल, मोहन शाही बद्री आचार्य, टेकनाथ पहाडी हुनुहुन्थ्यो अप्रौढ चेलाहरूमा म पनि पर्थे। हेड सर सीताराम खड्का हुनुहुन्थ्यो, माया गर्नुहुन्थ्यो " तँलाई फस्ट डिभिजन भर मैले ल्याएको भनेर बारम्बार भन्नुहुन्थ्यो " हुन पनि नियुक्तिमै फस्ट डिभिजनमा फास गरेको भेनेर लेख्नुभएको रहेछ सम्झदा रमाइलो लाग्छ । तर म काठमाडौं छाडेर यता आएको चाहिँ क्याम्पसकै लागि होः जसको सूत्रधार अग्रज मोहन शाही ठकुरी हुनुभयो। माया गरेर बोलाउनु भयो आइयो सँगै क्याम्पसकै लागि भनेर आउने गाधिराज मगर सर पनि हो। तर क्याम्पस भर्खरै सुरु भएको अर्थव्यवस्था पनि समान्य भएको र क्याम्पसको वेतन थोरै हुँदा विद्यालयमा पनि घण्टी भएको र जनशक्ति आवश्यक पनि भएको हुँदा उता पनि जोडिने अवसर पाएँ। विद्यालयको माया गुरुहरूको आशीर्वाद र अग्रजहरूको सहयोग पाएँ। क्याम्पसमा पूर्णकालीन र विद्यालयमा अल्पकालीन शिक्षक बनेर सेवा गर्ने अवसर पाएँ सेवाको निरन्तरता २०७८ सम्म रह्यो । २०६४ मंसिर क्याम्पस र मावि लदाभिरमा शिक्षण थालियो । विद्यालय त ठिकै भयो क्याम्पस फलामका चिउरा जत्तिकै भयो। विद्यार्थी सबैजसो नमस्कार गर्नुपर्ने हुनुभयो। सर्मिला शाही, शारदा ठकुरी उषा बानियाँ शोभा बस्नेत धेरै आदरणीयहरू। सुरुमा त अलि धक लाग्यो। पहिलो दिन नै क्याम्पस प्रमुख सरले अग्निपरीक्षा गर्नुभयो । उद्घाटन तथा अभिमुखीकरण कार्यक्रम चलाउनू भनेर। पूर्वतयारी हुने कुरै भएन हिजो भन्नुभएन नत्र तयारी हालमा हुन्थें । तत्काल-तत्क्षण हुन्छ भन्नै पर्यो भनें। हुनत कार्यक्रम चलाउने कुरा मेरा लागि नौलो थिएन धेरै कार्यक्रमहरू उद्घोषण र भाषण राम्रोसँग गरेको अनुभव थियो मसँग यता आउनुपूर्व संस्थागत विद्यतलय युनियनको काठमाडौं अध्यक्ष र शैक्षिक गणतान्त्रिक मञ्च काठमाडौंको पनि अध्यक्ष थिएँ । अभिमुखीकरण कार्यक्रम चलाएँ। तर कस्तो चलाएँ थाह भएन भोलिपल्ट

विश्वनाथ साह सरले भन्नुभयो। " रे जीवन म छक्क परिहालें। मोरा तिमी यति राम्रोसँग बोल्छौ भन्ने त मैले सोचेको पनि थिइनँ।" हो र गुरु ! आश्चर्य र खुसीसाथ सोधें। " हो नि धेरै राम्रो गर्यो। " अरूले के भने गुरु" हे धेरै राम्रो भने।" ओह ! म त क्याम्पसतिरै पो बरालिएँ । अनि विद्यालयको नेपाली शिक्षक भएर कक्षा ११/१२ मा म पनि पढाउन थालें ३ घण्टीको ३५०० नियम रहेछ त्यसैमा रमाएँ । क्याम्पसमा ८००० गरी जम्मा ११५०० । ०६४ सालमा आफ्नै गुरु देवीप्रसाद पराजुली सरले पढाउनुभएका विद्यार्थी भाइबहिनीहरूका माझ म प्रस्तुत भएँ। हुनत कति मानिसहरूले भन्दा रहेछन् उबेला "पराजुलीसरले पढाएका विद्यार्थी रिझाउन के सक्ला र कति शिक्षक नसकेर भागे।" टिक्दैन होला। तर यस किसिमको भाष्य मेरा लागि काम लागेन। म पनि उहाँकै चेलो गुरु गुण चेलो चिनी । संस्कृत साहित्यबाट शास्त्री गरेको र नेपालीमा एम. ए. अझ म साहित्यशास्त्री थिएँ यद्यपि गुरूजति म होइन र छैन उहाँप्रति सम्मान छ। सहज भयो सेक्सन थियो मेरा कक्षामा विद्यार्थी खचाखच भए। म उत्साही भएँ म शिक्षणमा अझ मिहिनेत र ऊर्जाका साथ लागें, लागिरहँ धेरैबाट माया, कसैबाट ईर्ष्या र थोरैबाट असहयोगको अनभूति गरें । ०६६ सालको अन्त्यतिरबाट विद्यालयमा प्रशासनिक परिवर्तनको सन्दर्भले स्थान पायो। उमाशिपको परिपत्रले स्नातकोत्तर तह गरेको प्राचार्य व्यवस्थापन गर भन्ने आशय व्यक्त गरेपछि परिवर्तनको रङ्गरेखा कोरिन थाल्यो। स्नातकोत्तर तह उत्तीर्ण स्थायी शिक्षक प्राचार्यका लागि योग्य हुने भन्ने चर्चा व्यापक भयो। उक्त प्रावधानका लागि मिल्दो मावि शिक्षक मोहन सर हुनुहुन्थ्यो । बौद्धिक जोसजाँगर भएको र विद्यालयलाई नयाँ शिराबाट लानुपर्छ र नमुना बनाउनुपर्छ भन्ने हुटहुटी उहाँमा निकै थियो यद्यपि क्याम्पसको नेतृत्व गरिरहनुभएको थियो तथापि विद्यालयमा स्थायी भएको हुनाले स्वाभाविक रूपमा विद्यालयप्रति लगाव, झुकाव र उन्नत विद्यालय निर्माण गर्ने सोच पनि थियो। क्याम्पस मेरो अस्थायी हो नेतृत्व जन्माएर छोड्नुपर्छ उतिबेलै भन्नुहुन्थ्यो । नभन्दै नेतृत्व परिवर्तनको वातावरण निकै मलिलो बन्दै गयो। त्यसबेला अध्यक्ष अशोक गुरुङ हुनुहुन्थ्यो । उहाँमा पनि नयाँ ढङ्गले जानुपर्छ र विद्यालयलाई उत्कृष्ट बनाउनुपर्छ भन्ने हुटहुटी निकै रहेको पाएको थिएँ। नेतृत्व परिवर्तनको सन्दर्भमा म पनि जोडिन पुगें किनकि म शिक्षक प्रतिनिधि थिएँ त्यसबेला म विद्यालयको पूर्णकालीन शिक्षक भएको थिएँ। पहिला मोहन सर नै प्रतिनिधि हुनुहुन्थ्यो र फेरि पनि मोहन सर नै हुनुपर्छ भनेर पुरानो पुस्ताले तय गरेको र मोहन सरले हुन्छ भनेर भन्नुभएको थियो रे ! नेतृत्वमा नजाओस् भनेर रोक्न प्रतिनिधि मोहन सर नै बनाउने गुप्त नीति बनेको थियो रे ‼ तर मोहन सरसँग हाम्रो अलि फरक सल्लाह भएको हुँदा शिक्षक बैठकमा मोहन सर स्वयंले, नयाँ विचार युवा पुस्ता भनेर फुलबुट्टा भरेर मलाई प्रस्ताव गर्नुभयो । सुरुमा आश्चर्यभावले हेर्नुभयो। आनेकाने र धेरै आश्चर्यको भावमा समर्थन भयो र म प्रतिनिधि बनेको थिएँ क्षणभरमै । यो एउटा ऐतिहासिक विषय थियो वा भनौं सोच परिवर्तनको दृष्टान्त थियो, दृष्टिकोणमा आएको क्रान्ति थियो, सहअस्तित्व र सहकार्यको बीजारोपण थियो जो भयो। पुरानो पुस्ता प्रशासनिक परिवर्तन चाँहदैन थियो। परिवर्तन भए पनि पुरानैबाट व्यवस्थापन गर्ने योजनामा देखिन्थ्यो जबजब मोहन सरको अनुहार सतहमा आउँथ्यो नेतृत्वको सवालमा तबतव उहाँको अनुहार छोपिने गरी अर्को कार्ड चल्थ्यो जुन कार्डको अघि मोहन सर मौन हुनुपर्थ्यो । नयाँ पुस्ताको अर्को धार मोहन शाहीलाई अलि विश्वास कम गर्ने हो या के हो अराजक हुन् भनेझैँ गर्थे र विविध कुरा गरेर रोक्ने प्रयत्नमा थियो। अन्य कतिपय सामाजिक शक्तिहरू पनि परिवर्तनको पक्षमा पाइएको थिएन। तथापि समयको माग र विद्यालयको आवश्यकताको महसुस गरियो र समितिले (अध्यक्ष) बैठकमा प्रधानाध्यापकलाई परिस्थितिमा अब फेरबदल आयो नयाँ ढङ्गले जानुपर्ने भयो सरले, राजिनामा दिएर

सहयोग गर्नुपर्ने भयो भन्नुभयो तर मान्नुभएन। निकैबेरको तर्कवितर्कपश्चात् राजिनामा गर्नुभयो। एक अर्थमा अलि सकसपूर्वक राजिनामा भयो उहाँलाई त्यति राम्रो लागेन गुरु अलि दुखी हुनुभयो। नचाहँदा नचाहँदै राजिनामा सुखद् त नहुने नै भयो । समयको माग आयो, परिस्थिति प्रतिकूल भयो, नीतिनियम र प्रावधान नयाँ आयो राजिनामा भयो तर विद्यालयको अहित र स्टाफहरूको अहित अनि बद्मासी गरेको कुरा चाहिँ मलाई थाह थिएन सीताराम सरले । यसैबेला हो जस्तो लाग्छ हेड सरको कुर्सीको खुट्टा पनि भाँचिएको पाइएको थियो । के कसरी भयो थाह भएन नहुनुपर्थ्यो भएछ । विद्यालयप्रति सकारात्मक विचार नै थियो उहाँमा। अँ त्यो बेला एउटा संयोग पनि भयो पुरानो पुस्ताका धेरै सरहरू सायद घरतिर बिदामा या व्यक्तिगत काममा भएर हो हुनहुन्न थियो। कुरैकुरामा सबै सरहरू आएपछि राजिनामा गर्छु भनेर पनि भन्नुभयो तर त्यो अवसरका लागि समिति तयार भएन। राजिनामा त भयो तर अब के ? को बन्ने हेड सर प्राचार्य ?? एक छिन कोही नबोल्दा वातावरण शान्त भयो। अनि समितिका सदस्यबाट कुरा आयो अहिल्यै निर्णय नगरौं । बुढापाका सरहरू पनि नभएको बेला छ आवश्यक सल्लाह पनि भएको छैन । यस कुरामा त्यसै गरौं भन्ने मत पनि आयो केहीको तर मलाई त्यो कुरा अलि सहज लागेन अनि मैले आफ्नो विचार राखें। उमाशिपको पत्र पनि यस्तो रहेछ यसको मर्म र भावना सम्बोधन कसरी हुन्छ ? यसको प्रावधानमा जानुको विकल्प नरहेको बताएँ र त्यो प्रावधान (स्नातकोत्तर उत्तीर्ण) मिल्दो पात्र मोहन सर भएको र माविका अन्य सरको स्नातकोत्तर उत्तीर्ण नरहेको पनि बताएँ तथापि अर्को बैठकमा गर्ने कि भन्ने अवस्था रहिरह्यो। मैले विचार गरें र भनें विद्यालयलाई नेतृत्वविहीनताको अवस्थामा राख्नुहुँदैन हामीले आजै निकास दिनुपर्छ । अझै परिस्थिति सङ्लिएन । बाहिर हेरें। मोहन सर लगाएत सरहरू अलि पर हुनुहुँदो रहेछ। मैले समितिलाई भनें अब शिक्षा नियमावलीअनुसार केही कर्मकाण्ड गर्नुपर्ने हुन्छ प्रावधान र नियम छ। उक्त नियमसङ्गत भएन भने मान्य हुँदैन मूल्याङ्कन प्रणालीमा राम्रो अङ्क ल्याउनेलाई प्राचार्य नियुक्त गर्ने नियम छ यसबारेमा मोहन सरलाई थाह छ बोलाएर के कसो हो सोधौं । हेडसरको नियुक्ति त के भयो र जहिले गर्दा पनि भैहाल्यो नि ! मेरो यस प्रस्ताव पछि मौनता छायो। मौनम् स्वीकृति लक्षणम् भनिन्छ कोही बोल्नु भएन बोलाउँ त भन्दा बोलाउनु न त भन्ने भयो मैले बोलाएँ। नियमका बारेमा कुराकानी भयो। अब के गर्ने भन्नेमा फेरि अलमल । होइन अब अलमल नगरौं बनाउनै पर्छ नियमसम्मत कुरा सबैले मान्नैपर्छ। मोहनसरमा समस्या छैन उहाँलाई प्राचार्य बनाउँदा विद्यालयको हित छ म लेखूँ त भनें नलेख्नू भन्ने आवाज आएन । लेखियो उहाँको धेरै र अशोक झा सरको अङ्क थोरै देखियो उहाँलाई प्राचार्य नियुक्त गरियो। हितै भाको देखिएको छ बद्मासी गरेको थाह पाएको छैन। ठिकै भएछ भन्ने लाग्छ । निवर्तमान हेड सरले तँलाई मैले स्कुलमा ल्याएको मलाई धोका दिइस् भनेर गुरु अलि दुःखी हुनुभयो । त्यसो नै त होइन समयले सरलाई हेडसरबाट बिदा दियो दुःख नमान्नू सधैं को भइरहन्छ र गुरु भनें । शिक्षक प्रतिनिधिले माइन्युट लेख्ने चलन थियो लेखिस् भनेर चित्त दुखाउनु भयो । त्यतिमात्र कहाँ हो र अर्को एक जना आदरणीय सर तैंले बौद्धिक अराजकता गरिस् अराजक रछस् भनेर अलिबार मुन्टो बटार्नुभयो। ती सन्दर्भहरू निकै ताजै रहेछन् मनको कुनामा सुरक्षित। हाम्रो समाजमा नेतृत्व पाउन र छोड्न निकै सकस हुनेरहेछ । हेरौं मेरो पनि उही त होला । अब नयाँ रङ्ग, नयाँ ढङ्ग, चाल नयाँ सुरताल नयाँ किनकि नेतृत्व नयाँ कार्यशैली नयाँ। विद्यालयले नयाँ चालक पायो। यात्री सहचालक सबै हामी उही। जबजब गाडी अलि कुछ, घुम्तीहरूमा घुम्न खोज्छ कोही रिंगटा लाग्यो भनेर घोसेमुन्टो लाउने, कोही पेट बटारो, कोही वान्ता गर्ने कोही रोकरोक शौचालय जानुपर्यो भन्छन्। भो त अब !! अनि सहचालक भिडभाड आए कुदा भन्छ ढ्यापढ्याप पार्छ । भिडभाड

सकिए ढ्याप्प पार्छ कुदाउनै दिँदैन । के भयो भनेर चालकले हेर्दा सबै भन्दा पछाडिको यात्रीको टाउको सुन्निएछ ठोकिएर किन यसरी कुदाएको भनेर झोकिन्छ। लु अब के गर्ने ? अनि जहिलेसुकै पुगियोस् जहाँसुकै पुगियोस् भनेर चालक पनि हरेस् खाको अवस्थाबाट निकै वर्ष गुज्रिए विद्यालयका । लय मिलेन या मिलाउन सकिएन। या भनौँ बाजा र ताल मिलेन कैले विद्यालयको जग्गाको सिनामामा समस्या, कैले वालै भत्किने पूर्व पनि लड्यो रे राति दक्षिण पनि ढल्यो रे ! दुबैतिर राजद्वार राखेर वाल पनि लाग्यो विद्यार्थी अलि रोकिन थाले अलि पठनपाठनको वातावरण सुधार भएको सम्झना छ । यस्तैयस्तै भए केही वर्ष सोचेजस्तो चाहेजस्तो भएन तर पनि केही सुधार भयो गरियो। अलि गति लिन लागेको थियो भुँइचालो रोकियो। २०७२ को भुईँचालो भन्दा पनि ममाथि पो पहिले भुइँचालो आयो। हे फसाद्। कुरा के भयो भनें। स्टाफ बैठक थियो नयाँ प्रतिनिधि छनोटको सन्दर्भ थियो। म फेरि विद्यालयमा अल्पकालीन शिक्षक ! एउटा मोड आयो । अर्कैका लागि रचेको खोरमा म जाकिएँ या सिंहासनमा पुगें या धकेलिएँ के भयो तर म भन्छु जे गरें ठिक गरें जजसले मेरा लागि जे गरे ठिकै गरे साधुवात छ पछुताउ छैन । क्याम्पसमा उपप्राध्यापक !!! आफैँले विद्यालयमा अल्पकालीन भएको लेखें। हात कामेन मेरो। तर केहीले बौलायो, विद्यालय दरबन्दी स्थायी गयो सबै छोड्यो त्यसो नगर, हतार नगर पनि भने तर गरे। क्याम्पसको के भर आर्थिक अवस्था नाजुक छ के चल्ला र जागिर खाला भन्थे जेजे भने पनि यता संस्थाले स्थायी भनेर माग्यो। भैगो जे होला भनेर हाम्फालियो उबेलै २०६८ मा अहलेसम्म जहाज पौडाउँदै छु। त्यहिबेला विद्यालयमा विज्ञान विषय चलाउने सल्लाह भयो। शिक्षक राख्न आर्थिक अभाव, विज्ञान चलेको १ वर्षमा त अनुदान आउने अनि मैले विद्यालयमा खाएको पूर्णकालीन तलब अल्पकालीन भएर खाँदा बच्ने र अरू पैसा थपेर विज्ञान विषय पनि चलाउन सकिने हुँदा, क्याम्पसमा पनि कालान्तरमा नेतृत्वको सम्भावना र पेसागत ग्यारेन्टी पनि होलाझैँ ठानेर क्याम्पसतिरै आइयो। तर अरूले भनेझैँ झन्नै गाहै भयो। क्याम्पस मुद्दामामलामा पर्यो !! खिरियानी कि दुधौली भन्ने भयो दुधौली अनुकूल भएर भनव उतै सुरू भयो। पर्यो मुद्दा पुनरावेदनमा। यस्तो छ अनि ?? के चल्नु ?? यता क्याम्पस प्रमुखले पनि राजिनामा दिनुभयो मुद्दामामलामा प्रतिवादी लगाएर किनारा लाग्न बाँकी छँदै छोड्नुभयो। अर्को तनाव ! अब के ? यस्तैमा २९ वर्षको काँधमा थुप्रियो क्याम्पसको भारी। थिचेको थिच्यै छ न मोज न भोज गयो बैंस । भालुको कन्पट !! जिन्दगी दामी छ सबै ठिक छ हजुर कमी छ भन्नेझैँ भइरहन्छ चल्न त चल्या छ ..... छ । चल्या छ उसै। थोरैको मोलिसकिनँ नेताहरूको, मेयरहरूको, सांसदहरूको समाज यही हो, संस्कृति यही हो सोच यही हो थाकैं अब थार्के । नमोली यस्ता संस्था चलाउनै गाह्रो छ । मान्छे भन्छन् नि मोल्छ, चिल्लो घस्छ मिलाउँछ चलाउँछ भनेर मोल्न लाज माने चल्दैन मोल्नेलाई निगाह गर्ने चलन भाको देश र समाजमा । फेरि क्याम्पसतिरै बहकिन पुगेंछु। अँ अब नयाँ शिक्षक प्रतिनिधिको कुरा चल्यो। अब म अल्पकालीन भएको हुँदा मैले हुन मनासिव थिएन । त्यति धेरै पूर्णकालीन सरहरू हुँदाहुँदै मैले चाहनु अस्वभाविक हुन्थ्यो तसर्थ चाहिनँ । स्टाफ बैठक छ हेड सरले बैठकमा नयाँ प्रतिनिधि छनोटका लागि प्रस्ताव गर्नुभयो। कुरा सबैतिरबाट आए। विचार आए। नाम छैन। विचार राख्ने क्रममा मैले विचार राखें। संघले बारम्बार अवसर पायो। एन्टोले पनि एक पटक पायो संगठनले पाएको छैन दिने कि ?? यो पटक संगठनलाई ?? उसले पनि विद्यालयमा अपनत्व स्वामित्व ग्रहण गर्ने अवसर दिने हो कि ?? भनेर विचार राखें। मेरो धारणा नियोजित थिएन न्यायोचित लागेर राखेको थिएँ। अमान्य भयो। त्यतिमात्र होइन। त्यही धारणाले मलाई विद्यालयबाट हटाउनेसम्म खेल भयो खेल । दुः ख लाग्छ सम्झदा । निर्णय नै लेखियो तर निर्णयको व्याख्या जागिर नजाने देखियो जागिर रह्यो। त्यसमा अर्को पनि कारण

थपिएको थियो। शिक्षकले अतिरिक्त पारिश्रमिक खान नपाउने खाए बेरुजु हुने अबउप्रान्त खुवाउन नसकिने भन्ने कुरा आयो। ११/१२ मा अतिरिक्त खाएका सरहरू धेरै रिसाउनुभयो र यो जीवनको काम हो हामीले नपाए पनि ऊ त अल्पकालीन हो खान पाउँछ अझै घण्टी थपेर खाने भयो हेड सर उकास्ने यही हो यसलाई ठेगान लाउने भनेर सबै लाग्नुभयो हटाउन। गुरूअग्रज समवयी धेरै लाग्नुभयो तर हेड सर लगायत केही सरहरू गलत काममा लाग्नुभएन। मेरो घण्टी कसैले नपढाउने भएपछि समयमा भयो अनि एक घण्टी बिना पारिश्रमिक थपेर पढाउनुपर्ने भनेर बौद्धिक यातना दिए यस कुरामा हेड सरबाहेक सबै गुरूवर्ग, अग्रजहरूले गरे । भैगो उनीहरूको अतिरिक्त सबै गैगयो पाएनन् मैले एक घण्टी थपेर पढाउनु पर्दा भैगो भनें किनकि विद्यालयप्रति आस्था र विश्वास अनि अगाध श्रद्धा थियो । खेला यस्तोयस्तो र ठिक उल्टो पनि गरिन्छ र भयो पनि। जे नयाँ काम प्रशासनले नयाँ सोचेको हुन्छ अनि गलत सावित गर्न लागिन्छ । आलोचना हुन्छ रोकिन्छ। अँ एक पटक गम्भीर छलफल भयो विद्यालय सुधार गरौं, अंग्रेजी माध्यम चलाऔं प्रावि भनेर। बरू भोलेन्टियर शिक्षक राखौं, अभिभावकसँग अलिअलि उठाऔं सहमतिमा अनि अंग्रेजी माध्यमबाट चलाऔं भनेर सर्वपक्षीय छलफल भयो। छलफलमा के भयो थाह छ ?? भाकै शिक्षकलाई घण्टी पुगेको छैन नभए लु हिसाब हेर्नू भरेर घन्टी संख्या र शिक्षक भाग गरेर देखाएर हुनै दिइएन । मलाई त दैनिक ३ घण्टी छ म ५ घण्टीसम्म पढाउन सक्छु भन्दै निवृत्त हुनै लागेका शिक्षकले चटक देखाउनुभयो। अनि के हुन्छ ? के प्रयत्न गर्ने नेतृत्वले ?? के दिन सक्छ समाजलाई नयाँ?? अनि उही पुरानै जनशक्तिलाई पुरै अंग्रेजी माध्यममा पढा भनेर छलफल सकियो। छाँद कसेर कुद भनेर कहाँ पुगिन्छ ? जहाँको त्यहीँ न हो यस्तै भैरह्यो। तथापि जेजति भयो फेरि पनि नेतृत्व र सबै सहकर्मीहरूको साथ र सहयोगले नै विद्यालयको सर्वाङ्गीण विकास भएको छ। सार्वजनिक विद्यालयको विकास सहकार्य नै हो सहकार्यका लागि सबैको अस्तित्वको सम्मान हुनुपर्ने हुन्छ। सबैले स्वामित्व र अपनत्वबोध गर्ने वातावरण पाउनुपर्ने हुन्छ त्यसो गर्न नेतृत्व र सहकर्मी दुवै वर्ग समन्वयात्मक कुरामा सचेत हुनै पर्ने रहेछ भन्ने अनुभूति भएको छ । पछिल्लो समय कृषि प्राविधिक धार पनि विद्यालयले पायो तर विद्यालय इन्जिनियरिङ धार चलाउन चाहन्थ्यो। हारियो अरूले जिते लगे। हाम्रो भूगोल सामाजिक नेतृत्व कमजोर देखियो तैपनि नपाउने अवस्था थियो कृषि धार निकै कसरतबाट नेता हरिबोल गजुरेलबाट सहयोग भयो पाइयो। राम्रो विषय हो हाम्रो देशको सन्दर्भमा तर विद्यार्थीबीच खेतमा काम गर्ने विषय, माथि पढ्न गाह्रो छ, घरबाहिरको काम सक्दैनन् गर्न भन्ने नकारात्मक सन्देश गएको छ । सच्याउने कोसिस गर्नुपर्ने छ। सबै धारहरूलाई अझै धारिलो बनाउन दृष्टिकोण र व्यवहार समान चाहिन्छ । पुरानो पुस्ता अनुभव र विवेकको दिग्दर्शनमा अनि नयाँ पुस्ताको पुरूषार्थ र पौरख जोड्न सकियो भने प्रगति कसैले राक्न सक्दैन । नयाँले उछिन्छ कि भनेर नजर अन्दाज गर्ने पुरानाहरू र पुरानाले के जान्या छ र!! हामी त आजका आधुनिक पोत के कुरामा कम छु र भनेर अहम् ले फुलेका नयाँ पुस्ता भए भने तेल र पानीको मिश्रित रूप हुने रहेछ न पिउन मिल्छ, न भुटुन हुन्छ यस्तै भएर हो सार्वजनिक शिक्षामा स्खलन भएको भन्ने अनुभूति भयो । पछिल्लो समय २०७८ साउनतिर मैले विद्यालय छाडें। अलिअलि दुख लाग्यो तथापि छाडें। मैले छाड्नुमा मुलतः दुई कारण थिए। पहिलो अलि समस्या क्याम्पसको स्नातक र स्नातकोत्तरको परीक्षा बन्यो। पहिला बिहान परीक्षा चल्थ्यो पछिल्लो समय धेरै परीक्षाहरू दिउँसो हुनेभयो कक्षा जान भ्याइएन। विद्यार्थीलाई पनि कति क्याम्पसको परीक्षा छ भनेर भन्नू नैतिक प्रश्न मनमा बझिरहेको थियो। अर्को कारण चाहिँ घण्टीमा गनगन। पहिले बेरुजु हन्छ भनेर रोकेको अतिरिक्त घण्टीको पारिश्रमिक अघिल्ला वर्षबाट पाइने र अब रूजु हुने भएको थियो

। मन लागे रूजु नलागे बेरूजु, मनको बात यस्तै हो भनेर आलोचना पनि भएको थियो। कसैकसैले घण्टी नथपे ११/१२ को क्लास नउठ्ने सबैले पढाउन नसक्ने भएपछि कसैलाई बढी कसैलाई घटी हुने नै भयो बढी घण्टी उठाउनेलाई आर्थिक प्रोत्साहन नगर्दा त भएन। दिनै पर्ने भयो अतिरिक्त दिइयो। पूर्णकाललीन शिक्षक राख्ने अर्थव्यवस्था थिएन। सुरुसुरूमा त के पनि गरियो भने अतिरिक्त घण्टीको निकासा मेरो नाममा गरेर पनि बढी घण्टी पढाउने शिक्षकलाई वितरण गरियो यी सबै विद्यालयको हित र विकासकै लागि गरिएका थिए तर प्रात्साहन भत्ता शिक्षा नियमावली सम्मत् नै हुनेरहेछ। धेरै विद्यालयमा रहेछ अतिरिक्त खानेखुवाउने चलन समितिले निर्णय गरेर खुवाउँदा हुनेरहेछ नेतृत्वले पनि के गर्नु र जागिँदै जोगाउँदै लानुपर्ने हुन्छ जेसुकै होस् भनेर उन्मत्त भैयो भने इतिहासले धिक्कार्छ । अँ अनि थप पैसा खान पाउने भएपछि त घण्टीको गनगन, कचकच, रस्साकसी कसको कति मेरो त यति थपिएन। कसैको पाँच मात्रै कसैको छ कसैको त सात घण्टी । पाँच घण्टीभन्दा बढीको अतिरिक्त दिने चलन भएको थियो अनि त के हेडसरको माथापिच्चि भएकै थियो। म त पार्टटायम ३ घण्टी पढाउथें। अतिरिक्त नपाउने सरहरूको नजर मेरो घण्टीतिर पर्दै थियो। मैले त यो घण्टी (मैले लिएको घण्टी) उहाँ अर्को विद्यालयमा हुँदा पनि पढाएको यहाँ पनि पाए हुन्थ्यो भनेर र्‍याल झार्न थाले । अर्काको मुखैको गाँसमा आहारिस गर्न थालेको अनुभूति हुन लाग्यो। अझ विद्यालयमा नमुना कार्यक्रम सुरु भयो। गेटमा ताल्चा लगाउने आऊजाऊ गर्न पालेनै चाहिने हुन थालेको थियो म १२ बजे जाने पार्टटाइम शिक्षक सधैं घरबाट हिँडेपछि पालेलाई फोन गरेर जाने गरेको थिएँ। लाग्दै थियो अब नमुना विद्यालय बनाउन मैले छोडेर सहयोग गर्नुपर्छ आंशिक शिक्षक राखेर के गरि नमुना बन्ला भन्ने लाग्यो। नभन्दै हेड सरले पनि फोन गर्नुभयो त्यो एक घण्टी फलानालाई दिनु पर्यो सर के गर्ने पढाउँछु- पढाउँछु भन्छन् भन्नुभयो । मलाई पनि लागिरहेको थियो यता क्याम्पसमा परिस्थिति पनि अलि गाह्रो भएको थियो उता सरहरूमा पनि यसले छोडे मलाई हुनेथियो भन्ने पनि थियो केहीमा। हेड सरले पनि के गर्नु र सकेसम्म मिलाउनै पर्यो मिलाउन खोज्नुभयो। अनि सोचें ठिक समय भयो अनि मैले हेड सरलाई सोधें," सर मैले सबै घण्टी छोड्दा विद्यालयलाई केही अप्ठ्यारो पर्छ कि पर्दैन होला ? पर्दैन भने सबै घण्टी व्यवस्थापन गर्नुहोला । " हेड सरले भन्नुभयो हेर्नुपर्छ । हुन्छ हेरेर मलाई फोन गर्नुहोला भनें तर विद्यालयलाई समस्या परे म सदैव हुनेछु भनें किनकि पठनपाठनमा समस्या पर्दा मैले सक्ने र हुने काममा मैले सहयोग नै गरेको थिएँ। विद्यालय निरन्तर प्रगतिमानै छ। अलिअलि अन्तरकुन्तरमा समस्या छन्, होलान् ती आपसी समझदारीमा हल् हुन्छन् गर्नुपर्छ। हामी सबैको अभीष्ट शिक्षामा उत्कृष्ट बन्नु र बनाउनु हो। स्वार्थ गौण हो र प्रधान पेशा नै हो। अहिले मलाई निकै आनन्दको अनुभूति भएको छ। म क्याम्पसमा मात्र छु। न कतैको परीक्षा, न कतैको पढाइ। न विद्यार्थीको गुनासो न नैतिकतामा प्रश्न । न बजारमा टीकाटिप्पणी। न एक दिनमा १७ घण्टी भनेर आरोप-आलोचना। ढुक्क छ । यो नै राम्रो र उत्तम हुने रहेछ। एक संस्था एक भक्ति। तर के गर्नु र भनेर मात्र हुन्छ र ?? क्याम्पस चलाउनु छ। खोलियो हिजो। राज्यका लागि उच्च जनशक्ति उत्पादन गर्नु छ। राज्यको लगानी कम छ, त्यत्तिले मात्रै चलाउने अवस्था छैन। आंशिकको सहयोग लिएर चल्ने अवस्था छ। नत्र गाह्रो छ चलाउन। यस्तै छ यहाँको चलन। विद्यालयमा बिताएका १५ वर्ष त सबै सम्झन के सकिन्थ्यो र अलि प्रभावकारी सन्दर्भलाई सम्झेर कोरेको छु। कहीं कतै बिज्ड्यो भने नराम्रो अनुभूत नहोस्। सबैको जय होस् ।

## श्री मा.वि.लदाभीरको कहानी ।
## राधेश्याम पूर्वेको जूवानी ॥

**- राधेश्याम पूर्वे**

श्री मा.वि. लदाभीरको कक्षा संचालन हालको दुर्गा मन्दिर तिनताक विद्यालय संचालन हुने भवन पनि त्यही थियो । वि.स. २०३८ को कुरो हो, म पनि नि.मा.वि. शिक्षक भएर काम गर्न पुगेँ छु । तिनाताका विद्यालय प्रस्तावित मा.वि.मा थियो ।

**प्रस्तावित मा.वि. लाई स्थायी गर्न २ वटा चुनौती थियो ।**

१. एस.एल.सी परिक्षामा राम्रो नतिजा वा कम्तीमा ३३ प्रतिशत उत्तिर्ण लगातार तिन वर्ष भित्र ३३ प्रतिशत उत्तिर्ण नभए स्थायी मा.वि.को सम्बन्धन नपाउने र प्रस्तावित मा.वि.को दर्जा पनि खारेज हुने ।

२. जिल्ला स्तरिय विरेन्द्र शिल्ड प्रतियोगितामा राम्रो प्रदर्शन

**विकल्प १** को कुरा गर्दा त्यससमयमा प्रस्तावित मा.वि. र दक्ष जनशक्तिको अभावको कारण विद्यार्थी भर्ना हुन नचाहने ।

हामी शिक्षक कर्मचारी युवाको जमात बढी थियो । हामीसगँ जोश,जाँगर र दृढ संकल्प थियो । तत्कालिन विद्यालय संचालक समितिका अध्यक्ष श्री मोह बहादुर राउत , सदस्य तथा प्रधानपञ्च श्रीमती पद्मा घलेको अगुवाईमा विद्यार्थी जम्मा पार्ने काम थाल्यौँ । तिनताका पञ्चायत कालिन व्यवस्थाका गृह सहायक मन्त्री श्री डिल्ली शेर राईलाई टाढी घाटमा भव्य स्वागतको आयोजना प्रधान पञ्च श्रीमती पद्मा घलेज्यूले गर्नु भयो । मन्त्री ज्यूबाट नकारात्मक जवाफ आएपछि हाम्रो चुनौती झन थपियो ।

तत्कालिन शिक्षक कर्मचारीहरुको विवरण

१. श्री ठाकुरनाथ शर्मा -प्र.अ. -अंग्रेजी
२. रास विहारी महतो - मा.वि. - विज्ञान , जिवशास्त्र
३. नयनध्वज गिरी - नि.मा.वि. - ग्रामिण अर्थशास्त्र
४. राधेश्याम पूर्वे - नि.मा.वि. - गणित- २ , अतिरिक्त क्रियाकलाप
५. जयकृष्णलाल कर्ण - प्रा.वि. - स्वास्थ्य , खेलकुद
६. पदम बहादुर थापा -प्रा.वि.- पंचायत र इतिहास
७. देवी प्रसाद पराजुली - प्रा.वि.- नेपाली र संस्कृत
८. अम्मर चन्द्र के.सी. -प्रा.वि.- भुगोल , शिक्षा
९. राजवंशिलाल कर्ण - प्रा.वि. - इतिहास , वाद्यवादन, नृत्य
१०. दुर्गा बहादुर हमाल - प्रा.वि. - लेखापाल , इतिहास

यति शिक्षकहरुले कक्षा संचालन गर्न धौ धौ थियो । मलाई त आठ घण्टी पढाउनु पर्थ्यो । पहिलो ब्याज दक्ष जनशक्तिको अभाव बिच हाम्रो लगनले थप उर्जा श्रृजना गऱ्यो । कोही कोही विद्यार्थी त म भन्दा पनि उमेरले जेठो । ६ महिनापछि धनकुटा बाट काज सरुवा भई श्री भक्त बहादुर कार्की आउनु भयो ।

तत्कालिन कक्षा १० का छात्र छात्राहरु

१. लोकनाथ बास्तोला
२. केदार गिरी
३.कमल राउत
४. कृष्ण राज ठकुरी
५. निर्मला राउत
६. राज कुमार मल्ल
७. राज कुमार ठकुरी
८. इन्दिरा शाही ठकुरी
९. राम वरण कुमर
१०. डम्बर बहादुर बम्जन
११. सिताराम भट्टराई

१२. केशव खड्का
१३. शंकर खड्का
१४.मेनुका काफ्ले
१५.मृदुला लामा
१६. विनोद राउत
१७. क्षेत्र बहादुर सुनुवार
१८. गोपाल के.सी.
१९. गोपाल वसु
२०. मदन वसु
२१. गौशल गुरुङ
२२. राजकुमार गुरुङ
२३. कमल परियार
२४. पुष्पराज हमाल
२५. नानीबाबु खड्का
२६. हरी खड्का
२७............

पहिलो ब्याचको एस.एल.सी को नतिजा आयो तर प्रतिशत पुगेन अब थप जवाफदेही आयो दोश्रो ब्याचमा नतिजा राम्रो ल्याउन एस.एल.सी टेष्ट परिक्षामा कम उत्तिर्ण गरी नतिजा राम्रो ल्याई प्रतिशत पुऱ्याउने उद्देश्यले थोरैलाई उत्तिर्ण गरी नतिजा प्रकाशन गर्दा ठुलो बबाल भएको घटना स्मरण गराउन चाहान्छु । तत्कालिन प्रधानपञ्च श्रीमती पद्मा घलेको नेतृत्वमा असफल विद्यार्थीहरु र स्थानियको समुहले विद्यालयको कार्यालयमा तथानाम गाली गलौज गरेपछि मैले शिक्षक पदबाट राजीनामा दिएपनि स्वीकृत हुन सकेन दोश्रो ब्याचमा थोरै मध्येपनि नतिजा सन्तोषजनक भएन शम्भु प्रसाद दाहाल , किशोरी नायक , पूर्ण बहादुर कार्की , लोक बहादुर गुरुङ लगायत सफल हुन पुगे ।

**अब विकल्प २** जिल्ला स्तरिय विरेन्द्र शिल्ड प्रतियोगिता हाम्रै विद्यालयमा हुने भयो । प्रतियोगिताको स्थान तत्कालिन गौचरण हाल हाम्रो विद्यालय क्षेत्र भित्रको मैदानलाई छनौट गरी कस्यानघारी र माटो विछ्याउने काम गरी मैदान तयार गरी खेलाडीहरुलाई प्रशिक्षण कार्य शुरु गऱ्यौ ।

दोश्रो ब्याच भएको हुनाले नजिकमा रहेको श्री त्रिवेणी मा.वि. कटारीबाट लक्ष्मण अधिकारी लगायत ५/६ जना विद्यार्थीलाई आकर्षण गरी भर्ना गरियो ।
विरेन्द्र शिल्डको सम्पूर्ण व्ययभारको जिम्मा कजनी आमा श्रीमती पद्मा घलेले लिनु भयो । जिल्लाबाट आएका तत्कालिन जि.शि.अ. प्रमुख जिल्ला अधिकारी ज्यू मध्ये जि.शि.अ. श्री नग नारायण सिंहले कजनाी आमा घरमै डेरा गर्नुभयो, विरेन्द्र शिल्ड २०३९ मा हामीले हरेक क्षेत्रमा प्रथम, द्धितिय भई केही कुरा पुराना रेकर्ड तोड्न सफल भयौं ।

अब केही कुरा तेश्रो पक्ष (राजनीतिक पक्ष) को कुरा गरौँ । हाम्रो विद्यालयसगँ प्रस्तावित मा.वि. ग्वाल्टार पनि थियो । जुन हाम्रो लागि स्थायी अनुमतिको बाधक थियो वा प्रतिस्पर्धा थियो । जसका संरक्षक श्री गुणराज बरालका सहोदर भान्जा श्री नवराज सुवेदी तत्कालिन पञ्चायती व्यवस्थाका रा.प. अध्यक्ष तथा विभिन्न मन्त्रालय सम्हाली सकेका मन्त्री । हाम्रो पक्षमा श्री टिका जंग थापा सभापति जिल्ला पञ्चायत श्री भद्र कुमारी घले , श्री मोहन बहादुर राउत , सदस्य जि.प. तथा प्रधानपञ्च श्रीमती पद्मा घले ।
अन्तः श्री कौशिका मा.वि.ग्वालटार र श्री मा.वि. लदाभीरले २०४२ सालमा एकै चोटी स्थायी अनुमती पत्र पाएपछि श्री ठाकुरनाथ शर्मा प्र.अ.लाई गोरखा दक्षिणबाहु चौथो तथा श्रीमती पद्मा घलेलाई महेन्द्र शिक्षा सेवा पुरस्कारले शुसोभित गरियो ।

नेपाली साहित्यको एउटा सुन्दर प्राप्ति हो ‘प्रपञ्च’ उपन्यास



दिल पौडेल,

सिन्धुली

विषय प्रवेश :

उपन्यासकार प्रकाश कोइरालाको जन्म २०४४ साल फाल्गुण २ गते गोलञ्जोर-६, सिन्धुलीमा ( तत्कालीन वाशेश्वर- २, डडुवागाउँ) माता हर्ककुमारी र पिता वेद कोइरालाको कान्छो सुपुत्रको रूपमा भएको हो । उनीले २०६० मा कौशिकी मावि ग्वाल्टार सिन्धुलीबाट प्रवेशिका उत्तीर्ण, राराव क्याम्पस

जनकपुरबाट आइएस्सी गरेर आरआर क्याम्पस काठमाडौंबाट बीए पास गरे । हाल उनी आरआर क्याम्पसकै अङ्ग्रेजी विषयका स्नातकोत्तर तहका विद्यार्थी रहेका छन् । काव्य र आख्यानमा कलम चलाउँदै आएका प्रकाशको प्रथम साहित्यिक रचना 'श्रमको फल' (२०५९) फुटकर कविता हो भने 'आरूआरती' (खण्डकाव्य, २०६५) प्रथम प्रकाशित पुस्तकारकृति हो । यिनको हालसम्म 'आरूआरती' (खण्डकाव्य, २०६५), 'यो देशको नाउँमा' (२०६६), र 'जागृति जागरण' (२०७०) गरी तीनवटा खण्डकाव्यहरू प्रकाशित छन् । कवि मण्डली जनकपुरको उपाध्यक्ष (२०६३) र अध्यक्ष (२०६७) भई जनकपुरको साहित्यिक संस्थाको अनुभव लिएका प्रकाशले त्यहीँको विभिन्न काव्य गोष्ठीहरूमा सहभागिता जनाएर एक दर्जन जति प्रमाणपत्र हासिल गरेर आफ्नो प्रतिभालाई उजागर पारेका छन् । प्रस्तुत लेखनमा नेपाली साहित्यका यिनै साधक कोइरालाले हालै प्रकाशित गरेको प्रपञ्च उपन्यास (२०७६) को मुख्य प्रवृत्तिगत विश्लेषणसहित सामान्य चर्चा गरिनेछ ।

प्रपञ्च उपन्यासको विश्लेषण

प्रकाश कोइरालाद्वारा लिखित प्रपञ्च उपन्यास प्रकाशित कृतिमध्ये चौथो तर औपन्यासिक कृतिका रूपमा पहिलो कृति हो । यसभित्र ६५ भाग २५७+५ पृष्ठ समाहित छन् । बिएन पुस्तक संसार प्रालि काठमाडौंको प्रकाशन, सन्तोष दाहालको आवरण, भानु नेपालको भाषा, सम्पादन र हाङयुग अज्ञातको विचार यसभित्र समाहित गरेर उपन्यासमा घर गृहस्थी सम्बन्धी कता-कताबाट आइपरेका झोर झमेलाको प्रपञ्चलाई व्यवस्थापन गरेको पाइन्छ । उपन्यासलाई सजिलोको लागि स्थानगत परिवेशको आधारमा तपसिलअनुसार विभाजन गरेर हेर्न सकिन्छ :

१. भाग : १ देखि ३४ सम्म महोत्तरीको बर्दिबासको चित्रण (१-६० पृष्ठ)

२. भाग : १६ देखि ४७ सम्म मन्थलीको चित्रण (६१-१३५ पृ)

३. भाग : ३५ देखि ४६ सम्म रामेछाप बजार अनि भूस्वर्गराज्य गाउँ (१३६ -१७३ पृ)

४ भाग : ४८ खुर्कोट-सिन्धुलीमाडी- बर्दिबासको चित्रण (१७४-१७७ पृ)

५. भाग : ४८ देखि ६२ बर्दिबासको चित्रण (१७८-२२८ पृ)

६. भाग ६३ देखि ६५ भुस्वर्गराज्यगाउँको चित्रण (२२९-२५७ पृ)

यसरी यस उपन्यासले रामेछाप, सिन्धुली र महोत्तरीको स्थानगत र सामाजिक परिवेशलाई समेटेको पाइन्छ ।

प्रपञ्च पात्र बहुलता भएको उपन्यास हो । यसमा प्रमुख, सहायक र गौण पात्र गरी झण्डै पाँच दर्जनजति पात्रहरू उपस्थापन गरी कथानकलाई गतिशील बनाइएको छ । यस उपन्यासभित्र विभिन्न वाद तथा सिद्धान्तहरूको पनि समिश्रण भएको पाइन्छ । पाश्चात्य साहित्यमा परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, अतियथार्यवाद, विसङ्गतिवाद, अस्तित्ववाद, उत्तरआधुनिकतावाद आदि वादहरू प्रमुख रूपमा चलिआएको पाइन्छ । यीमध्ये यथार्थवादभित्र विभिन्न भेदहरू पाइन्छन् । सामाजिक, मनोवैज्ञानिक, आलोचनात्मक र समाजवादी भेदहरू रहेका छन् भने मनोविज्ञानअन्तर्गत पनि समाज मनोविज्ञान, बालमनोविज्ञान, अपराध मनोविज्ञान तथा व्यक्तिमनोविज्ञानजस्ता उपभेदहरू

प्रयोगमा आएका छन् । तसर्थ प्रपञ्च उपन्यासलाई पनि यसले आत्मसात् गरेका प्रमुख वाद र विशेषताहरूका आधारमा यसलाई केलाउनु वाञ्छनीय देखिन्छ ।

१. विसङ्गतिवादी प्रवृत्ति : पाश्चात्य साहित्यमा विसङ्गतिवादी सिद्धान्तको प्रवर्तक जाँ पाल सार्त्रलाई लिइन्छ । यसको पृष्ठभूमिमा डार्विनको विकासवाद, मार्क्सको द्वन्द्वात्मक भौतिकवाद, फ्रायडको मनोवैज्ञानिक सिद्धान्त तथा स्कोपेन हावरको जीवन जगतप्रतिको दुःखवादी दृष्टिकोण र नित्सेको निरीश्वरवादी मानवतावादी दृष्टिलाई प्राक् आधार मानिन्छ । यीमध्ये नित्सेको निरीश्वरवादी दृष्टिकोणबाहेक अरू सबैको सिद्धान्तलाई यस उपन्यासले अंगीकार गरेका पाइन्छ । मूलत : स्कोपेन हावरको दुःखवादी दृष्टिकोण र फ्रायडको मनोविज्ञानको दलदलमा यो उपन्यास हराभरा भएको छ । विसङ्गतिवाद जीवन जगत्को निरर्थकता निस्सारता र सङ्गतिहीन विसङ्गत जीवनमूल्य प्रकट गर्ने नास्तिक सिद्धान्त भए पनि प्रपञ्चको केन्द्रीय पात्र म अर्थात् पुण्यप्रसाद विसङ्गतिबोधपछि संघर्ष गरेर अस्मीता रक्षा गर्ने पक्षमा उभिन्छ; तसर्थ यो अस्तित्ववादी उन्मुख उपन्यास पनि देखिन्छ । विसङगतिवादी साहित्यका पात्रहरू अनिश्चित भविष्यको पर्खाइमा बाँच्ने गर्छन् । त्यस उपन्यासका केन्द्रीय पात्र पुण्यप्रसादको एउटा मनोसंवाद हेरौ :

म मरेर बाँच्दै थिएँ कि बाँचेर मर्दै थिएँ, मैलाई थाहा थिएन । (पृ २३०) विसङ्गत पात्रहरू अनेकौं हण्डर कष्ट भोगेर बाँच्न विवश हुन्छन् । जीवनको अर्थ र सार गुमाएर, नैतिक मूल्य र मान्यता, आस्था र विश्वासप्रति प्रश्न चिन्ह खडा गर्दै गौण पात्र भट्टीवाली साहुनी मनकुमारीको उद्देश्यहीन अवस्थाको एउटा उदाहरण हेरौ :

'साहुनी झम्टेर आई र मेरो गालामा क्वाप्पै टोकी ।' (पृ ३२)

उपन्यासमा पात्रहरूले भोग्नु परेका शारीरिक र मानसिक आघात, तनाव, पीडा, कुण्ठा र नैराश्यको कारण जीवनप्रति नै वितृष्णा जागेको छ । तसर्थ यस उपन्यासमा विसङ्गतिवादी शून्यवादी दर्शन पनि अभिव्यक्त भएको छ : जस्तै- 'मेरो मानसिक विचलनले उग्ररूप लिँदै थियो । जीवन नै शून्य थियो ।' ( पृ २३२)

यसैले विसङ्गतिवादले जीवनलाई चरम निराशातिर धकेल्छ । शून्यवादको मुख्य अभिव्यक्ति उपन्यासकारले म पात्र (पुण्यप्रसाद) द्वारा यत्रतत्र अनुभूति गराएका छन् । अञ्जलीसँगको पहिलो प्रेमको असफलता र श्रीमतीहरू किरण र चन्द्रकलाको मृन्युपछि उद्देश्यहीन जीवन बाँचेको पुण्यप्रसाद एकदमै रीत्तो निरर्थक र अभिषापपूर्ण भई चरम वितृष्णाको सिकार बन्दछ । यसरी प्रपञ्च उपन्यासमा विसङ्गतिवादी जीवन दृष्टिलाई सशक्त रूपमा प्रस्तुत गरिरहेको छ ।

२. अस्तित्ववादी प्रवृत्ति : अस्तित्ववादले मान्छे निस्सार र निस्प्रयोजन भएर पनि बाँच्न वा आफ्नो अस्तित्व प्रमाणित गर्न चाहान्छ भन्ने बताउँछ । अस्तित्ववाद मान्छेको वैयक्तिक जीवनलाई नुतन सन्दर्भ र नवीन मानवीय मूल्य र अर्थ दिएर प्रस्तुत भएको एक अत्याधुनिक साहित्यिक दर्शन हो । यसले 'मानव जीवन निरूपाय, असङ्गत, विवश र निरर्थक भए पनि यी सबैलाई समाप्त गर्न मानवीय अस्तित्व चेतना आवश्यक छ' भन्ने मान्यता राख्दछ ।

यसका प्रवर्तक डेनिश दार्शनिक सारेन किर्के गार्ड हुन् । त्यसपछि फ्रान्सेली विद्वान जाँ पाल सार्त्रले नयाँ सन्दर्भसहित अस्तित्ववादको प्रतिष्ठापन गरेको मानिन्छ । यो वाद दुई धारामा प्रस्तुत भएको भेटिन्छ : १) आस्तिक अस्तिववादी धारा : यसका प्रणेता सारेन किर्केगार्ड हुन् र यिनले क्रिश्चियन धर्मसापेक्ष अस्तित्ववादको थालनी गरेका थिए । २) नास्तिक अस्तिववादी धारा : ईश्वरको सत्ता नमानेर मान्छेको सत्ता स्वीकार्ने, धर्ममा विश्वास नराख्ने नास्तिक अस्तिववादी धारा हो । यसका प्रवर्तक जाँ पाल सार्त्र हुन् ।

यसरी हेर्दा प्रपञ्च उपन्यास आस्तिक आस्तिववादी धारा अन्तर्गत समेट्न सकिन्छ । यसका पात्रहरू सबै ईश्वर माथि विश्वास राख्दछन् । प्रमुख पात्र पुण्यप्रसाद, सहायक पात्र अञ्जली, किरण, चन्द्रकला, गौरी, विष्णुप्रसाद उपाध्याय आदि आ-आफ्नै समस्याले थिचिएर थिलथिलो भएको बेला अर्धनारिश्वर महादेवलाई पुकार्छन् । महिला पात्रहरू धार्मिक चाडवाँडमा भगवानलाई सम्झेर सहभागी बन्छन् । कोही आँफुले चाहेको पति प्राप्तिका लागि भाकल गर्छन् । तसर्थ यस उपन्यासका सबै पात्रहरू आस्तिक छन् ।

अञ्जलीसँगको पहिलो प्रेमको असफलता र किरण र चन्द्रकलाजस्ता दुईजना श्रीमतीहरूको मृत्यु वियोग भोगेको प्रमुख पात्र पुण्यप्रसाद चरम वितृष्णाको सिकार बनेपछि उसलाई चाहने भाउजुकी बहिनी नीलिमालाई ४६ वर्षको उमेरमा बिहे गरेपछि शीतलता प्राप्त गरेको अनुभूति गर्छ । तसर्थ यो उपन्यासमा अस्तित्ववादी दृष्टिकोण पाइन्छ । बिहेपछिको प्रमुख पात्र पुण्यप्रसादको सकारात्मक धारणाको संवादको उदाहरण हेरौ : घामको मुस्कुराहट धर्तीमा फुलेर मगमगाइरहेको बिहानमा हाम्रो मन्दमुस्कान पनि मिसियो ।'.. (पृ २५७)

तसर्थ मानवीय जीवनका पीडा विसङ्गति निस्सारता, निरर्थकताका बीचमा उभिएर इच्छा शक्तिलाई प्रवल तुल्याइ अस्तित्ववान बनाउने मान्यतालाई यस उपन्यासले आत्मसात् गरेको छ ।

३. सामाजिक यर्थाथवादी प्रवृत्ति : पश्चिममा बाल्जाकबाट सुरु भई जोलासम्म चरम विकास गरेको सामाजिक यथार्थवादले भौतिक जगत् र त्यसका वस्तुसत्यलाई सामाजिक यथार्थका कोणबाट हेर्दछ । समाजमा सामान्य, विशिष्ट, घटना, परिवेश, स्थिति, स्थानकाल सबैलाई आत्मसात गर्दै यो वादले समाजकै जनजीवन बोली भाषा आदिको महत्व दिन्छ ।

समाजमा जे छ अर्थात् समाजमा भइरहेको कुरा जति छ, त्यति मात्र आफ्ना रचनामा स्थापित गर्ने प्रवृत्तिलाई सामाजिक यथार्थवादी प्रवृति भनिन्छ ।

समाजको आर्थिक संरचनावाट पीडित बनेर सिकार भएका जीवनभोगलाई कर्मको फल ठान्ने, दुष्कृतिका षडयन्त्रहरूबाट पीडित क्षणहरूलाई पनि प्रारब्धको आर्जन ठान्ने, जाति, धर्म, लिङ्ग, वर्ण, आदिका कृत्रिम आवरणलाई ब्यापक रूपमा राखेर प्रस्तुत गर्ने कला सामाजिक यथार्थवादी चिन्तनकला हो र यी सबै प्रपञ्च उपन्यासले समेटेको छ ।

यस उपन्यासमा महोत्तरी, सिन्धुली र रामेछापको भौगोलिक एव्म सांस्कृतिक परिवेश समेटेको पाइन्छ । प्रेम प्राप्तिका खातिर मानिसहरूका मानसिक पीडा, दु:ख, चिन्ता आदिलाई आधार बनाएर नेपाली ग्रामीण जीवनको गोठाले र खेतालो कथावस्तुमा पात्रहरूको अनेक हण्डर र कलह देखिन्छ । किसानहरू

खेती गर्छन्, गाईभैंसी पाल्छन् । सम्पत्तिमा दाजुभाइहरू झगडा गर्छन्, मनोरञ्जनका साधनका रूपमा विवाह, व्रतबन्ध र सांस्कृतिक कार्यक्रमका नाचगान र नाटक मात्र हुन्छन् । प्राकृतिक प्रकोपले पीडित बन्छन् : भगवान पुकार्छन्, आजीविकाको कुनै अवसर भेटिदैनन्; यस्तै हृदयविदारक र कारूणिक पात्रहरूको जीवन्त चित्रण यस उपन्यासले समेटेको छ । नेपालीपनले ओतप्रोत भएका गाउँले भावलाई सरल र सहज शैलीमा सुधारको चाहना राख्दै गरिबिलाई एउटा गम्भीर समाजिक समस्याको रूपमा उनले चित्रण गरेका छन् । सामाजिक कुप्रथा, सङ्किर्ण मनस्थिति तथा अन्धविश्वासको कारणले समाजमा नारीले भोग्नु परेका मर्माहित व्यथा र उनीहरूप्रतिको सामाजिक दृष्टिकोणको चर्चा गरेका छन् ।

अन्धविश्वासका उदाहरण हेरौं : 'म औंसीको मध्यराति जन्मेको हुँ, औंसियाले आमा, बा अथवा पत्नी मार्छ ।' (पृ २१) 'जलेश्वरको शिवमन्दिरको कुटीमा बस्ने एउटा बाबाले छोरो जन्मने जडिबुटीको दुई मात्रा दिएका थिए । ( पृ २१३) यस्तै गरी निम्नवर्गीय समस्या, पारिवारिक विघटन र आर्थिक द्वन्द्वको प्रतिबिम्ब पनि उनको उपन्यासका समाजमा समाहित छ ।

२०४१, २०४५ र २०५० सालको अनावृष्टि भुकम्प र अतिवृष्टिको प्रकोपका कारण जनधनको क्षति भएपछि बर्दिबास पुगेका केही परिवारमध्ये यस उपन्यासका म पात्र अथात् पुण्यप्रसादलाई बिहेको चाहना गर्ने सहायक पात्र गौरीको अर्कोसँग बिहे हुँदा ब्रासलेट उपहार दिनलाई भैंसी बेचेको प्रसङ्गले उनको निम्नवर्गीय आर्थिक स्थितिलाई बोध गराउँछ ।

यिनले नारीपात्रलाई उच्च सम्मान दिएको एउटा उदाहरण यस प्रकारको छ :

'महिला हिंसा गर्नुमा पुरुषार्थ सोच्ने पुरुष नै नामर्द हुन् ।' (पृ १६) यसरी नेपाली साहित्यमा कथाकार मैनालीबाट प्रवर्तित र उपन्यासकार रूद्रराज पाण्डेको यथार्थवादी परम्परालाई निरन्तरता दिँदै नेपाली जनजीवनका वेदना र समस्यालाई सुन्दर पाराले सूक्ष्म ढङ्गले विषयवस्तु बनाएर प्रस्तुत गरेको प्रपञ्च उपन्यासमा आञ्चलिक विशेषताहरू पनि पाइन्छन् । उनको विषयवस्तुभित्र अशिक्षा, अभाव, अज्ञानता र स्थानीय नेताहरूको शोषण र उत्पीडनका चक्रले धुलिएको नेपाली समाजको सत्यताको उद्घाटन गरेको आभाषित हुन्छ । कक्षा ७ उतीर्ण गरेपछि गाउँलेले विद्यार्थीलाई अभिनन्दन गर्नु अशिक्षा र अज्ञानताको उदाहरण हो । समाजमा विद्यमान परम्परित रुढिवादी मान्यता, भेदभावपूर्ण संस्कार, बालविवाह, बहुविवाहजस्ता विकृति आदिको समाप्ति हुनुपर्ने साहित्यिक आग्रह पनि प्रपञ्च उपन्यासमा पाइन्छ ।

४) मनोवैज्ञानिक यर्थाथवादी प्रवृत्ति : यो वाद मनोवैज्ञानिक सिग्मण्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुष्ताभ युङका मनोविश्लेषण सिद्धान्तमा आधारित छ । फ्रायडवादको प्रभावलाई यथार्थ रूपमा हेर्नु नै मनोवैज्ञानिक यथार्थ हो, जसको प्रभाव उपन्यासमा पाइन्छ । बाह्य यथार्थभन्दा आन्तरिक मनको यथार्थ प्रक्रियाको यथातथ्य प्रस्तुति नै मनोवैज्ञानिक यथार्थवाद हो ।

फ्रायडले मनलाई चेतन, अवचेतन र अचेतन गरी तीन तहमा विभाजन गरेका छन् । प्रपञ्च उपन्यासका पुण्यप्रसादको अधिकांश समय चेतनभन्दा अचेतन अवस्थामा व्यतित भएको देखिन्छ । यौन कुण्ठाको सिकार भई पुण्यप्रसाद श्रीमती किरणलाई भेट्न राती ससुराली घरमा चोरझैं पस्नु, चन्द्रकलालाई सिन्धुलीगढीको सिस्नुघारीमा छेलिएर दिउँसै समागम गर्नु आदि विषय यौन असन्तुष्टिको विक्षिप्त अवस्था हो । त्यस्तै गरी यौनको असन्तुष्टि र अतृप्तिको अर्को घटना हो- शिक्षक रामबाबुले आफ्नै चेली

उजेलीलाई गर्भवती बनाउनु र प्रतिमालाई घारीमा लगेर बलात्कार गर्नु । यस उपन्यासमा यौन भावना छताछुल्ल छरिएको पाइन्छ । पुण्यप्रसाद र गौरीको समागम, कक्षा १० का विद्यार्थीहरू गौरव र कमली अनि विक्रान्त, भावना, हरिगोपाल र लीलामाया आदिले पत्राचार गर्दै झाडी प्रेम गर्नु जस्ता प्रवृत्ति देखिन्छन् भने अञ्जली चाहिँ परपीडन प्रवृतिको पात्र देखिन्छे । त्यस्तै भट्टीवाली साहुनीले चाहिँ रक्सीभन्दा बैंस बेचेर जीवन धानेकी हुन्छे ।

फ्रायड भन्छन्- मानिसका सम्पूर्ण क्रियाकलापको मूलशक्ति कामवासन हो । प्रेमको असफलतालाई मल्हम लगाउन रक्सीको भट्टीमा पुण्यप्रसादले धेरै समय खर्चिएको छ, र भन्छ, 'नाजायज फाइदा उठाएकोमा म आत्माग्लानिले पग्लिएँ ।' (पृ २१९) उता मनकुमारी भन्छे- 'सय पचासमा सय जनासँग लुछिनुभन्दा त माष्टरजी जस्तो एकमुष्ट मन खन्याउने मान्छे भए म यति धेरै कुहिने थिइनँ ।' (पृ.२१९)

यसरी उपन्यासमा यौन समस्याले ग्रसित पात्रहरूको मनोदशा र बाध्यतारूपी धरातलको उद्घाटन गरेको पाइन्छ । पुण्यप्रसादलाई गौरी, नानीमाया र नीलिमाले प्रेम प्रस्ताव राख्छन्, ऊ चाहिँ अञ्जलीको असफल प्रेममा बरबराउन थाल्छ । पुरै जीवन अञ्जलीको सपनामा निरर्थक बनाउँछ, मानौ जीवनको समस्याको एकमात्र समाधान भनेको आदर्श प्रेमका लागि नभएर अञ्जलीसँगको कामवासना तृष्ति मात्रै हो । पुण्यप्रसाद संसारप्रति उदिग्न छ । उता गौरीका दमित क्षणहरूले अचेतन रूपमा हुण्डरी मच्चाउँछ । यौन तृष्णाकै कारण छोरा निसान र सुशान्तले सुशिला र सर्मिलालाई भगाउँछन् । गृहयुद्धमा गएकी एक छापामार युवतीले कुमारीमै आमा बनेर क्रान्तिको जन्म दिन्छे । साथी पुष्पले किरणलाई अगाघ प्रेम गरे पनि असफल हुन्छ । यसरी उपन्यासका तमाम पात्रहरू प्रेमाग्निमा सेकिएका हुन्छन् । एकोहोरो र वाहियात प्रेम गरेको पुण्यप्रसादले सम्धिनी बनिसकेकी अञ्जलीको फोटो-सेक्स गरेर मानसिक रोगीको ज्वलन्त उदाहरण पेश गर्दछ । माष्टरले बलात्कार गरेको प्रतिमालाई पुण्यलालले बिहे गर्दछ । पुण्यप्रसादलाई नाङ्गी अञ्जली आएर सपनामा सधैं सताउने गर्छे र भन्छे- साखीने भालेले छेकेजस्तो गरी नाचेर छेक्दै श्रीमतीलाई खुसी तुल्याउनु । त्यसैले उपन्यासकारका अधिकांश पात्रको प्रेम अस्वीकृत छ, असफल छ । उनका पात्रहरू यौन विकृतिको जटिलतामा नाचिरहेका छन् । त्यसैले विवेच्य प्रपञ्च उपन्यास प्रेम, रोमान्स, आकर्षण, प्रेमाघात र पीडाहरूको सङ्गहजस्तै बन्न पुगेको छ ।

निष्कर्ष :

विवेच्य उपन्यासमा पञ्चायत र प्रजातन्त्रकालको परिवेशलाई मूल आधार बनाएर आर्थिक सामाजिक र सांस्कृतिक पाटोलाई चित्रण गर्ने उद्देश्य राखेको पाइन्छ ।

समाज यस्तो छ भनेर चित्रण गर्दा निम्न वर्गको पात्रहरूको घनत्वमा उपन्यास टुङ्गिएको पाइन्छ । त्यसैले सामाजिक यथार्थवादीहरू समाजकै अर्घेलो रहन सहन र चालचलन मन पराउँछन् । तसर्थ उपन्यासकारले मानव जीवनकै विशिष्ट घटना प्रेमलाई आत्मसात् गरेर मानवकै मनोदशा, मनोग्रन्थिको जटिलता र मनका अचेतन क्रियाकलापलाई चिरफार गरेर कामवासनाको तुष्टि लिएका छन् । यसका लागि उनले पात्रहरूमा अश्लील, क्षुद्र र अपरिष्कृत व्यक्तिबोली प्रयोग गरेको पाइँदैन । तसर्थ पात्रहरूको संवादमा विश्वसनीयता छ । भोक, रोग र शोक सुर्ताको विषयमा मात्रै नअल्मलिई आशा भरोसा र उज्यालोको प्रत्याभूति पनि गरिएकाले यो संयोगान्त विषयमा आधारित अस्तित्ववादी उपन्यास हो ।

राष्ट्रप्रेम, विद्रोहात्मकता र प्रगतिशीलता जस्ता प्रवृत्तिमा आधारित सहायक कथानकले उपन्यासलाई रोचकता र कुतुहलता पैदा गराएको छ ।

यौन भावनाको खुल्ला प्रस्तुति र कुत्सित रूपलाई देखाउनमा उनी खप्पीस देखिन्छन् । तसर्थ प्रकृतवादी यौन चेतनापरक विषयवस्तु र स्थानीयताको चित्रणले समेत उनको उपन्यास प्रभावकारी देखिन्छ । त्यसैगरी साहित्यमा यथार्थका प्रस्तुतिका क्रममा कतिपय असुन्दर र अपाच्य कुराहरू पनि आवश्यक छ भन्ने प्रकृतवादीहरूको मतलाई उनले पनि पछ्याएका छन् । किनकि आख्यानमा यथार्थलाई नलुकाइ जस्ताको तस्तै वर्णन गर्दा लुप्तगुप्त स्थानहरू असुन्दर र निर्लज्ज लाग्न सक्छन् यद्यपि उनले काव्यात्मक शैलीमा कतिपय विषयवस्तुलाई सुन्दर विन्यास पारेर प्रस्तुत गरेका छन् ।

उपन्यासमा असंख्य पात्र परिचालन भएकाले 'म' पात्रद्वारा कथानकलाई गतिशील बनाइएको छ । कतै तृतीय पुरुष दृष्टिबिन्दु पनि पाइन्छ । यस उपन्यासमा रसिला, घोचिला एवम् सार्थक संवादको आयोजना गरिएको छ । संवादमा पात्रको आँसु र सुस्केरा प्रतिध्वनित पाइन्छ । सारगर्भित संवादभित्र मनोवाद, एकालाप तथा स्वगत कथनको प्रयोग पाइन्छ । विचार र व्याख्याको कुशलताको कारण कतिपय अवस्थामा पात्रहरूमा शिथिलता देखिन्छन् । कतिपय स्थानमा लेखकले काल्पनिकताको प्रयोग गरे पनि यथार्थको निकट पुऱ्याएर साहित्यिक भ्रम सिर्जना गर्न सफलता मिलेको पाइन्छ । उपन्यासको आरम्भदेखि नै कारूणिक भावको मुहान खोले पनि अन्त्यमा संयोगान्त पारिएको छ । जब पाठकले उपन्यासको अध्ययन गर्न थाल्छन्, तब आँखाभित्र आँसु टिलपिल गर्न थाल्छन्, हृदय भक्कानिन र पग्लिन थाल्छ । त्यसैले यो चित्ताकर्षक र प्रभावकारी उपन्यास हो ।

तत्सम्, तत्भव र आगन्तुक शब्दको यथाप्रयोगले घटनाको प्रस्तुतीकरण सुगठित बनेको छ भने उखान टुक्काले भाषागत रूपमा थप सौन्दर्य थपिएको छ ।

दलित र अपाङ्गता भएका पात्रहरूको मानसिक आघात र हीनताबोधलाई पनि मार्मिक ढङ्गले चित्रण गरिएको छ । त्यसैगरी मानवीय यौन र रतिगात्मक सन्दर्भबाट तिनको अर्धपागल र विक्षिप्त मानसिकता केलाउने मनोविज्ञानले यो उपन्यास ओतप्रोत छ । विसङ्गतिवादी-अस्तित्ववादी पाश्चात्य जगत्मा विकसित नवीनतम् दर्शनलाई आधार बनाई मानव जीवनको व्याख्या विश्लेषण गर्नु र जीवनको विसङ्गतिबोधबाट झल्कने शून्यता र अहम्ताबोधबाट हासिल हुने अस्तित्व देखाउनु नै उपन्यासकारको प्रमुख उद्देश्य रहेको देखिन्छ । उपन्यासमा प्रेम सम्बन्धी जुन त्रासदी अभिव्यक्त भएको छ, त्यसले जीवनका थुप्रै विषयमाथि प्रकाश पारेको छ । विशेषतः यौन सम्बन्धी मानवीय अवधारणा र क्रियाकलापप्रतिको प्रस्तुतिमा उपन्यासकार अग्रपंक्तिमा उभिएका छन् । नेपाली ग्रामीण परिवेशलाई आधार बनाएर जनजीवनको यथार्थता खोलेकोमा उपन्यासकारलाई साधुवाद छ !

हाल : टीकाथली, ललितपुर

# असम्भव भन्ने केही छैन

- अशोक गुरुङ

ओखल्ढुंगाको कटुन्जेमा जन्म भइ त्यहीबाट क ख सुरु गरेर ३ कक्षा सम्म पढाइ सकेर कक्षा ४ पढ्न बिहान ५ बजे उठेर अमाले खाना खुवाएर खाजा बोकेर हिडे पछि १० बजे हारा हारिमा पुग्ने ठाउँ रामपुर बिध्यालय त्यहा पढाइ गर्दा गर्दै खाना न पुगेर हैन छोरा छोरिलाइ पढाउउनु पर्छ भनेर बाबा आमाले सिन्धुली जिल्लाको दुधौलीमा ल्याउनु भयो।आएकै बर्ष जन्म दिने आमाको कलिलो उमेरमा नै देहबशान भयो तर सानो आमा हुनु हुन्थ्यो ,कहिलैजन्मदिने आमको भन्दा कम माया र कम साथ दिनु भएन । त्यहा आएर १० कक्षा सम्म पढन पाएको थिएं।१० सम्म पढ्दा पनि धेरै उतार चडाउ आयो नया गुरु राधेश्याम पुर्बे ८ मा पढाउन आउदा बाटोलाइ रास्ता भन्नु भयो र मलाइ नै उठाएर सोध्नु भयो भन त ,मैले पनि निर्धक्क संग रास्ता नै उत्तर दिदा पढाउन आएको पहिलो दिनमै पढाउंदिन भनेर हिड्नु भयो र केही दिन मा मात्रै पढाउनाऔनु भयो त्यस्तै गुरु भक्त बहादुर कार्की ले उनी संग टिउसन पढेकालाइ धेरै मार्क र नपढेकालाइ थोरै मार्क दिने गरेकोले मलाइ नै थोरै दिए पछि बिद्रोह गरें र ३ दिन सम्म पढाउनै पस्न सक्नु भएन अन्तिम मा मेरो घरमै पुगेर मेरो बाबा संग हारगुहार गरे पछि गल्ती स्विकार्न लगाएको अझै याद छ । यसरी नै १० सम्मको पढाइ सकियो ।

पहिला त खिरियानीको दुर्गा मन्दिर भएको ठाउमा बिध्यालय थियो पछि हाल बिध्यालय भएको ठाउमा सरेको हो ।बिक्रम सम्बत २०४० सालको मा बि लदाभिरको दोस्रो ब्याजको बिध्यार्थी थिएं म । त्यो बेला एस एल सि पास गरे पछि उच्च शिक्षा पढ्ने ठाउँ सिन्धुली जिल्ला भरी नै थिएन । बाबा आमालाइ छोरा कहाँ पढाउने भन्ने चिन्ता भै रहेको बेला मेरो फुफुको घर भारतको कल्कतामा भएको कारण फुफुले मलाइ त्यहा पढाउनु भन्ने सल्लाह अनुसार उच्च शिक्षा हासिल गर्न त्यहाँ पुगें । नेपाली भाषा पढेको बिध्यार्थी त्यहा गएर कि त बंगाली भाषामा कि त अंग्रेजी भाषा मा पढ्नु पर्थ्यो १० सम्मको अंग्रेजी कस्तो पढाइ थियो होला हाम्रो बिध्यालयमा अनुमान लगाउंदा पनि हुन्छ तर पनि अर्को भाषामा भए पनि अध्ययन गर्नै पर्यो क्यारे।अध्ययन गर्न धेरै मुस्किल भयेको थियो ।अमसे कम त्यो मौका पनि म घरको जेठा छोरा भएकोले पो त्यहाँ गएर पढ्न पाएं तर अरु भाइ बैनीहरुलाई बाबा आमाले त्यति टाढा पठाएर पढाउने अबस्था थिएन ।गाउँ भरी धेरै जनाको अबस्था नै यस्तै थियो ।कोइ कोइ जनकपुरमा गएर पढ्थे,कोइ कोइ बिराटनगरमा गएर पढ्थे।बर्ष दिन्मा दशै बेला कलेज को छुट्टि हुन्थ्यो म त्यो बेला घर आउथें ,दशै देखि तिहार सम्म छुट्टी हुने हुंदा त्यो बिचमा म आफू पढेको बिध्यालयमा जान्थें सबै कक्षामा प्राय घन्टी खाली नै हुन्थ्यो जानी न जानी सबै कक्षामा पढाउन पनि जान्थेँ।कल्कत्तामा पढाइ धेरै कडाइको साथ हुन्थ्यो तर हाम्रो बिध्यालयका प्राय शिक्षक समय सम्म पढाउने भन्दा पनि कति खेर १२ -१ बज्ला र टिफिन होला भन्नेमा हुन्थे।धेरै जसो शिक्षक रक्सी न भै न हुनेमाथिए भने कतिपय तासमा रमाउंथे आज ती शिक्षक सबैकोअबकास भैब्सकेको छ ,यो सबैलाइ थाहा भएको कुरा हो कसैले केही भन्दैन पनि थिए कारण गाउंका ठुला बढाहरु नै लहै लहै मा लाग्थे खान र खेल्न।टिफिन पछि बिध्यार्थी निस्कन न पाउदै नजिक को पसलमा बसेर खुलेआम तास खेल्ने ,बजार घुम्ने ,घरको

काम गर्न जाने र प्राय जसो दुधौली भट्टिमा भेटिन्थे ॥१२-१ बजेको टिफिन पछि पढाइ कुनै पनि दिन् हुदैन थियो ,२०४५ तिर हुदो हो मेरा भाइ बैनीहरु पनि बढ्दै थिए ,म घर्बाएको बेलाब्सधै गै नै रहन्थें मलाइ यस्तो गति विधि पटक्कै मन परेको थिएन। बिध्यालयको लापर्बाही धेरै थियो ,चुट्टिमा घर गए पछि कैयौ दिन सम्म शिक्षक बिध्यालय ना आउदा पनि हुन्थ्यो ,जहिले आएर पनि सधैको हाजिरी गर्दा पनि हुन्थ्यो ,मैले नजिक बाट नियाली रहेको हुन्थें ।यस्ता गति विधि मन नब्परेकै कारण एकल निर्णयमा आन्दोलन छेडी दिएं,त्यो बेला सबै बिध्यार्थीले साथ दिए पछि श्याम तामाङ त्यो बेला भारतिय शैनिकमा कार्यरत थिए उनिले पनि साथ दिए साथै गौसल गुरुङ ले पनि साथ दिए पछि हाम्रो मिटिङ्ग हुने चाहिँ गर्थ्यो तीन दिन सम्म ९ सुत्रीय माग राखेर बिध्यालय ठप्पै पारे पछि मलाइ २०४३ सालको अ ने रा स्व बि यु को अधक्ष थियो भनी झुठो लान्छना लगाएर समाउन त्यो बेला को प्र अ र ब्यबस्थापन समितिले सि डि यो कार्यलयमा पत्र पठाए।त्यो पत्र लुएर पियन राम स्वरुप अधिकारिले लिएर जाँदै गर्दा घोडा बजार मा समायौ तर मरे पनि मर्छु यो बिध्यालयको स्वरुप बदल्छु भन्ने लागेर पाएको पत्र पनि पढेर फेरि अर्को खाममा लगाएर पठाइ दिएँ। उजुरी गरेकै दिन कटारी बाट आवा लिएर पुलिस आयेर मलाइ दुधौली चौकीले प्रहरी खटाइ पल्राउ गरियो ।त्यो बेला दुधौली चौकिको इन्चार्ज ताम बहादुर तामाङ थिए ,मैले भनेको थिएं आज मैले जायाज माग गर्दा गर्दै समाएर लगिएको छ मरे मरिब्गएं बाछे भने यस्तो लापर्बाही हुन अझै दिन्न गलत रिपोर्टिङ न गरि दिनु होला ।मलाइ अराष्ट्रीय तत्व भनेर जिल्ला प्रहरी प्रसासन देखि प्रहरी खटाएर समाएको थियो ।बजारमा ट्रक आएको रहेछ त्यसैमा चढाएर मलाइ सिन्धुली पुराना म सङै मोहन शाही ज्यु गौसल गुरुङ ज्यु पनि ट्रकमा चढेर जानू भएको थियो । मलाइ समाएर लगेको थियो भने वहाँहरु त्यतिकै साथी लागेर जानू भएको थियो मोहन शाहिज्युले मलाइ केहिदिन खाना पुराउनु भयो ।केही दिन भित्रै सिन्धुली मै गौसल गुरुङ लाई पनि समायो त्यस पछि मोहन शाही फरार हुनु भयो क्यारे र खाना ल्याइ दिने मान्छे कोइ भएनन ।लगभग १८,२० दिन सम्म पुलिस हिरासतमा केरकार भन्दै राती १२ बजे डि एस पि रमेश श्रेष्ठ र सै राम बहादुर हायुले दैनिक कार्यलय खोल्थे र उन्को कार्याकक्ष मै बोलाएर धेरै यातना धिन्थे।त्यो बेला कतिलाई समाएर ल्यएको हुन्थ्यो राती नै कहाँ लगिन्थ्यो र मारिन्थ्यो बच्ने दिन रिपोर्टिङ राम्रै पनि गयो होला भने तत्कालिन राजसभा स्थाइ समितिको सदस्य दिदी भद्र कुमारी घले र वहाँको दिदी दुर्गा कुमारी घले आफै कार्यलयमा उपस्थित भै हकारे पछि केही दिन अरु राखेर छोडेको थियो।त्यो बेला अराष्ट्रीय तत्व भनी मर्ने धेरै थियो तर भग्यले हामी बचेर आयौ ।तत्कालिन हामिलाइ कार्बाही गराउने प्र अ ठाकुर नाथ शर्माले झुठो लान्छना लगाएर समाएको हुंदा आँप डाडाको हरि बहादुर कार्कि सहित १२५ जना को हताक्षर संकलन गरि काठ्मान्डौ गएर अख्तियारमा मुद्दा हाले पछि म कल्कता गएं।पछि १०+२को परीक्षा चल्दै गर्दा तत्कालिन डि एस पि बिक्रम थापाले कार्बाहिको पत्र लिएर आयेको रहेछन र त्यो बेलाको बिध्यालय ब्यबस्थाको अधक्ष गंगा गिरि ज्यु ले बोलाउन पठाएछन मलाइ ।त्यस पछि के गर्ने भन्ने कुरा भयो ,मैले भने पुरानो मान्छे समय अनुसार जे जे भयो भयो कार्बाही भन्दा पनि स्व इक्षाले राजैनामा गरेर जान्छन भने त्यही कार्बाही हुनेछ भनी सोधनी हुँदा राजिनामा दिएर जाने भने पछि कार्बाही गर्ने गरि पत्र जांदा मलाई सोधनी भए पछि राजिनामा दिलाएर बिदाइ गराइयो।त्यत्रो आन्दोदन गरे पछि सुधार हुन्छ कि भनेको त प्रशासन चलाउने जो आएका थिए ती पनि त्यही ड्याङका थिए झन प्रजातन्त्र आए पछि पठन पाठन राम्रो होला भन्दा झन शिक्षकलाइ राज्निती लागेर सखाप नै भएको थियो ।म त बर्षमा छुट्टी हुंदा घर आउने हुँ एक दिन पढाइ सकि सके पछि घर सधैको लागि फर्किनै पर्यो ।सबै संगैका साथीहरु जागिरे भएका रहेछन ,अझै पनि त्यो बेलाका राम्रा साथिहरु शम्भु दाहाल ज्यु पुर्ण कार्कि ज्यु किशोरी नायाक ज्यु शिक्षक भएर जागिर खादै हुनु हुन्छ पनि ।मैले त जागिर खाने रहर पनि गरिन ।सायाद जागिर खाने भाग्यमा पनि थिएन होला।

त्यति बेला सम्म पनि पुरै जिल्ला भरी नै १० माथी पढ्ने ठाउँ कतै थिएन। उच्च शिक्षा पढ्न पढाउन चाहेर पनि सम्भब थिएन।१० पछि (१०+२) यानी उच्च मा बि खोल्ने होड्बाजी नेपाल भरी नै चलेको अबस्था थियो ,उच्च मा बि त खोल्न पाइन्थ्यो तर त्यो बेला बिध्यालयको खातामा छ लाख जम्मा हुनै पर्थ्यो ।हाम्रो बिध्यालय जिल्लाकै धनी भएता पनि आम्दानी जेरो थियो।छ लाख रकम न भै सन्चालन गर्न्न सरकारले अनुमती दिदैन थियो।यो ठाउंमा पनि१०+२ खोल्न पाए कोइ उच्च शिक्षा हासिल गर्न बाट बन्चित हुदैन थिए भन्ने मनमा लागि रहेको थियो ।२०५० साल तिरको कुरो हो एक दिन अहिलेका यश मा बि का प्र अ श्री मोहन शाही ठकुरि ज्यु त्यस बेला वहाले पनि अध्ययन सकेर बस्नु भएको अबस्था थियो।एक दिन हामी दुई जना कमला खोला तर्दै गर्दा मेरो मनमा उत्सुक्ता जागिब्रहेको बिचार वहाँ संग हुदा म जस्तै वहाँ पनि केही गरौ भन्न्ने जोसिलो ठिटो भएको र हाम्रो कुरा मिल्ने पनि हुंदा मैले भने मोहन जि यश ठाउंमा चन्दा संकलन गरेर भए पनि १०+२ को स्थापना गर्न अघि बढ्दा कस्तो होला भए भैगयो न भए केनै हुन्छ र भन्ने कुरा भए पछि लौ लौ लौ भोलि देखि नै लागि परौं भन्ने मा भयौं।प्र अ अफै पनि तिनै ठाकुर नाथ शर्मा थिए ।जति नै नब्राम्रो काम गरेका भए पनि म नै चन्दा संकलन को अनुमती माग्न गएं र अनुमती पनि पाए पछि अब कसरी त्यत्रो पैसा उठाउने होला भन्नेमा पर्यौ । कसरी चन्दा उठाउने त ,हामी भर्खरका केटाहरु कसैलाइ चिन्दैनौ न कसैले चिन्छ के गरि गर्ने होला भन्नेमा थियौ ।नाम संकलन गरौ र घर घरमा पत्र पठाएर बोलाउँ र सवैलाइ बोलाइ यौटा समिती बनाउँ हुँदै भएन भने अर्कै कुरा भयो भने त भै गयो भन्ने निर्णय भए मुताबिक अघि बढ्यौ ।भोलि पल्ट नै दुधौलिको बजारमा त्यो बेला असेस्वर नायक को किताब पसल थियो उधारो कागज खाम लियेर भए पनि जो जो भेटिन्छ नाम सोध्दै उनीहरुको वरपर बस्ने छिमेकिको पनि नाम सोध्दै ५०० भन्दा माथी एकै दिन पत्र तैयार गर्यौ।अब पत्र त तैयार भयो बोलाउने पो को मार्फत कस्को हस्ताक्षर गराउने आफत पर्यो ।कसैलाइ चिनेको पनि थिएन कस्ले बोलाउंदा आउछन कस्ले बोलाउंदा आउंदैन पर्यो आफद ।अनि यसो बिचारमा आयो र दुइब्जनाको सल्लह अनुसार राज्निती पार्टिका कोइ जिम्मेबार ब्यक्तीको हस्ताक्षरबाट बोलाउँ भन्ने निधो गर्यौ।भन्दै जांदा कसैलाइ घोचपेच गरे जस्तो लाग्ला तर यथार्थ त्यो बेलाको हो।तितो सत्य बोल्नै पर्छ कसैको नाम आए नरिसाउनु होला यथार्थ र सत्यकुरा हो मान्नै पर्छ मैले भन्नै पर्छ ।हामी कम्युनिस्ट बिचार धाराबाट आएको केटाहरु थियौ र पनि त्यो ठाउँको राजनिती देखि टाढा थियौ ।यो ठाउमा को छन त अग्रणी जन प्रतिनिधि हाम्रो खोजीको बिषय थियो ।देशको पहिलो चुनाबले गाउ,जिल्ला ,केन्द्र सबै तिर नेपाली कंग्रेसले जितेको अबश्था र हाम्रो इलाकामा पनि जिल्ला सदस्य यानी इलाका सदस्य पनि नेपाली कंग्रेसकै भएको कारण इलाका सदस्य श्री लाल बहादुर थापाज्यु हुनु हुदो रहेछ ,वहाँ बाटै पत्र कटाउन कुर भयो र हामी राय लिन गयौ तर वहाँ कमला तट्बन्धनको लागि लागि पर्नु भयेको कारण खोलाले बगाउने ठाउँमा १०+२ खोल्नु औचित्य छैन बरु नदि नियन्त्रनको लागि चन्दा उठाउं भन्ने सल्लाह दिनतिर लाग्नु भयो र यौटा निरासामा पारिब्दिनु भयो त्यस पछि के गर्नु होला भन्ने सोचमा थियौं । केन्द्र सम्म कङ्गेसकै नेतृत्व भएको कारण भोलि सरकार बाटै साथ लिनुपर्छ भन्ने लागेर कङ्गेस पार्टीका क्षेत्रीय अधक्ष गंगा गिरि ज्युकोमा त पुग्यो ।तर हामी युबा उराउठाउलो देखेर होला सुरुमा पत्रमा साइन गर्न चाहानु भयेन ।त्यतीकैमा वहाँको बुबा कृष्ण गिरि ज्यु उमेरले पाको भये पनि हक्की ,ठूलो आवाजले हकार्दै भन्नू भयो ,के सोचेर बस्छस केही गरौ भनेर आयेका छन त्यति साइन पनि गर्न सोचेर बस्ने हो ?गरि दे भनेपछी गङा गिरि ज्यु ले साइन गर्नु भयो र खुसी हुँदै आयौ।धेरै दुखले पत्रचार त गरियो उपस्थित भने न्यून भयो ५०० भन्दा ज्यादा पत्र पठाएको मा ५० -६० जना उपस्थित भए ।कतिलाइ पढाइको महत्व न भएर होला,कतिलाइ चन्दा दिनु पर्छ भनेर होला कतिलाइ कंग्रेसको मान्छेले बोलाएको भबेर होला।थोरै

उपस्थित हुनुमा कारण  राजनिती नै रहेछ्ब्भन्ने बुझियो,कङ्रेसकाले बोलायो भनेर एमालेका अग्रणी नेताहरु को झिनो उपस्थिती थियो।निगेटिभ फैलाउन धेरै नचाहिदो रहेछ,पछि थाहा हुँदै गयो काम गर्दै गये पछि । जति थिए त्यती बाटै चन्दा संकलन कमिटी गठन भयो ।अधक्ष्य मा गंगा गिरि ,उपाध्यक्षमा गंगा प्रसाद नेपाल सचिब मा म आफै कोषध्यक्षमा रंगलाल गुरुङ लाई बनाए।टिम गठन भए पछि वार्ड वार्ड मा चन्दा संगलन गर्ने उपसमिती गठन पनि बनाइयो ।तर बिडम्बना के भयो भने वार्ड वार्डका गठित ले के कति सके जम्मा गरे मुल टिम मा अधक्ष ,सचिब र कोषाध्यक्ष र  कोइ कोइ सदस्य बाहेक कसैले साथ दिएनन ,चुनाब नजिक आएकोले कंग्रेसले पैसा उठाएको भन्दै चन्दा दिने भन्दा न दिने धेरै भए ।आज त्यो भेगका ठूलो भनाउदा हरु कोइब्कोइ बाहेक कसैले पनि चन्दा दिएर सहयोग गर्न चाहेनन,सोध्दा हुन्छ ।मैले यति भन्दै गर्दा म म भन्दा हुन्छ वहाहरुले ।बरु केही न हुनेले सय दुई सय दिये ।हुने खाने केहिले बाहेक कसैले दिएनन। नाम त न भनौ ।हामी तीन जनाको बल बुत्ता ले मुस्किलले धेरैब्दिन्ब्लगाएर एकलाख पचास हजार जम्मा भएछ ।कंग्रेस पार्टिका जिल्ला सभापती बिपिन कोइरालालाई लिएर प्रधान मन्त्री संग हारगुहार गर्न गयौ ।न भन्दै प्रधान मन्त्री गिरिजा प्रसाद कोइरालाले शिक्षा मन्त्री गोबिन्द राज जोशीलाई पत्र कटाउन लगाएर हामी सिधै शिक्षा मन्त्रालय मा गयौ ।शिक्षा मन्त्रालयबाट आउने अघिल्लो आर्थिक बर्ष देखि सन्चालन गर्ने गरि अनुमती पत्र ल्याए पछि जिल्ला सभापती नरेन्द्र जंग मार्फत एक लाख आयो अर्को बर्ष २०५१;को प्रतिनिधि सभामा चुनाबमा बिपिन कोइरालाले कंग्रेसबाट जिते पछि वहाँ मार्फत  एक लाख दिनु भयो र दिन्छौ भन्ने कबुलियत गर्ने हरुबाट केही रकम संकलन गरेर छ लाख जम्मा भयो अर्को बर्ष देखि त्यो भेग कै १० +२ चलाउनमा सफल भैयो ।त्यो बेला कस्ले कति दिए भन्ने अभिलेख त्यही बिध्यालयले बेपत्ताब्पारी दियो आज भएको भए थाहा हुन्थ्यो कस्ले कति योग्दान र साथ दियो भन्ने कुरा।

यौटै सोच लिएर अघि बढेका मोहन शाही ज्यु १०+२ खुले पछि त्यो बिध्यालय को टिचर हुनु भयो।गंगा गिरि ब्यबस्थापन कोअधक्ष हुनु भयो। म भने जागिर न खाने मा परें ,कुनै पद नपाए पनि बिध्यालय खोले पछि कुनै परोपकारको काम गरें भन्नेमा छु ।धेरै पछि बिध्यालय ब्य बस्था समिती को अधक्ष्य हुन पाएँ।अधक्ष भएकै बेलामा मोहन शाही ज्यु आफै प्र अ को दाबेदार र योग्यतामा राज्यले मागेको योग्यता पूरा हुंदा पनि बन्न पहिलाका अधक्ष्य हरुले हिम्मत न गरेको अबस्थामा वहाँ लाइ यश बिध्यालयको प्र अ मा नियुक्ति गराएर धेरै अघि देखि राम्रो साथिको साथ पाएको गुण फर्काइ दिएं ।मेरो सोचमा वाहाको साथ पाएको थिएं  ।वहाँ प्र अ बन्दै गर्दा मैले भनेको थिएं कुनै पनि जिम्मेवारी पाउनु ठूलो कुरा हैन पाएको जिम्मेवारी पुर्ण निर्बाह गर्नु ठूलो कुरा हो ,धेरै फेरिए त्यो बिध्यालयका प्र अ तर तपाईं प्र अ हुदा हुँदै अबकास पाउने गरि काम गर्नु भनेको थिएँ वहालाइ याद होला,न भन्दै आज सम्म राम्रो काम गरि रहनु भएको छ ,धेरै भयो बिध्यालय को हातामा नब्छिरेको ,राम्रै गर्नु भयेको होलार न कतै बाट बिरोध न आएको॥म अधक्ष्य भएको बेला नै पहिलो चोटि ४ वटा कम्प्युटर मेरो ब्यक्तिगत आम्दानी बाट दिएको थिएं र बिध्यार्थिले फ्री मा कम्प्युटर सिकुन भनेर महिनाको ९००० नौ हजार तलब दिएर मनोज शर्मा लाइ कम्प्युटर शिक्षक नियुकति गरेको थिएं।उच्च शिक्षाको पुस्तकालयमा १ लाख को किताब किनि दियेको थिएँ।बिध्यालय हाता भित्र धुम्रपान र मध्यपान निशेधित क्षेत्र घोशणा गरेकोले त्यो बेला धेरै शिक्षकलाइ गाह्रो पनि भएको थियो ।मेरो बेलामा अर्को आफत आइ लाग्यो फेरि । ५ बर्ष देखी कार्बाहिमा मुद्दा खेपी रहेका सुमन ले मुद्दा जितेर त्यही पढाउन पाउ भनेर आएका थिये।तर माइले कुनै सम्झौता डर धम्की लोभमा न पारी नबल किशोर यादब लाई सोल्पा देखि ल्याएर वहालाइ सोल्पा जाने बाध्य बनाए।बिध्यालय सुधारको लागि केही योजना अघि सारेको थियेंब्त्यस पछि पनि फेरि फेरि सेवा गर्ने मौका त पाइन ।तर पनि आज  यो बिध्यालयले सक्षम होनाहार ,लगन्शिल, प्र अ पाएकोले छ पक्कै पनि प्रशासन राम्रो चलेको होला र बिध्यार्थी शिक्षक र समाजलाइ रिजाएर राख्नु भयेको होला ।मलाइ

पनि त्यस भेगका हर कोइ समुदायको छोरा छोरीलाई पनि उच्च शिक्षा दिलाउन सकेको मा भित्रै देखि खुसी छु ॥ जय मा बि लदाभिर

## वाह ! दुधौली आहा !

विनोद मन्जन

१) भावनाको भूगोल आकर्षक छ । कल्पनाको कर्कश झनै आकर्षक छ । नियमित आकस्मिकता भित्र विपयस पनि आनन्ददायक हुन्छ । यात्रका अनगिन्ती सम्भावनालाई कसैले पनि नकार्न सक्दैन । त्यसो त यात्राको वातावरण पनि विभिन्न माध्यमबाट तयार हुन्छ । मनमा अनेक विषयहरु छन् । एकाएक दुधौलीको 'ली' सिन्धुलीको 'ली' नेपालीको 'ली' बिच के भिन्नता छ होला भनेर कुरा खेल्न थाल्छ । एउटा तर्क त दुधौलीको 'ली' स्थानीय, सिन्धुलीको 'ली' जिल्ला स्तरीय र नेपालीको 'ली' राष्ट्रिय पनि गर्न सकिएला । राष्ट्र र राष्ट्रियताको कुरा गर्दा सिन्धुली गढीमा नेपालीहरुले प्राकृतिक हतियारहरु ढुङ्गा, बच्छिउँ, बारुला, सिस्नो समेतको प्रयोग गरेर अंग्रेजहरुलाई पराजित गरेर स्वाधीन नेपालको उपमा दिलाउने तमाम राष्ट्रप्रेमी नेपालीलाई सलाम । सिन्धुली गढी प्रत्येक नेपाली सन्तानलाई अवलोकन गराएर हाम्रा पुर्खाको बलिदानी इतिहास स्मरण गराएर राष्ट्रिय भाव जागृत गर्ने अनुपम ऐतिहासिक स्थल हो ।

२) मित्र दिल पौडेलको तारतम्यले सिन्धुलीको दुधौली जाने वातावरण तयार बन्यो । नगएको ठाउँमा जानका लागि कि त गएकाहरुको कि स्थानीयको निर्देशनलाई पछ्याउनुको विकल्प छैन । त्यसो त हामीमा नक्साको सहायतामा यात्रा गर्ने अन्तरराष्ट्रिय प्रचलन त्यति व्यवहारमा नआएकोले पनि हो । गौशालाबाट विहानै निर्देशन अनुसार सहचालकको मोवाईल जानकारीको पालना गर्दै सिन्धुली जानका लागि पाइलाहरु अगाडि बढे । बस सेवाको यात्रुलाई, भेला पार्न गरिएका कसरतले मलाई पुलकित

बनायो । गौशालामा केही समय पर्खदा तन्ना व्यापारीको षड्यन्त्रपूर्ण उत्तेजित बनाएर बिक्री गर्ने तरिकाले म त छक्क परें । दरबार मार्गको पचास प्रतिशत छुट र तन्ना व्यापारीको एक्लै निकाल्ने भए छत्तिस सयको तन्ना एकै हजारमा उस्तै उस्तै लाग्यो । भरे बुझ्दा पो थाहा भयो, त्यसको मूल्य नै सामान्य विक्रिमा त्यही एक हजार पर्दो रहेछ ।

३) प्रकृति मैत्री सडकमा प्रकृति मैत्री कुरा गर्दै दुधौलीको यात्रामा अनेक विषयहरु उठे । बसको यात्रालाई कसरी स्मरणीय बनाउने भनेर अनेक सन्दर्भहरुलाई जोडियो । खाना नास्ताको प्रबन्ध सहितले तोकेका ठाउँमा गर्दै अगाडि बढ्नुको विकल्प हुँदैन यात्रुको ।

४) अनेक गौंडा गल्छेडाहरु छिचोल्दै, खोलाखोल्साहरु पार गर्दै कतै रमणीय त कतै उजाड दृश्यहरु हेर्दै गन्तव्यलाई नजिक्याउँदै अगाडि बढ्ने क्रम निरन्तर रहिरह्यो । दुधौली साप्ताहिकको अफिसमा पुगेर कार्यक्रमको खाका तयार पार्ने कार्य सम्पन्न थियो । कार्यालयमा दिल पौडेल, राजेन्द्र बुडाथोकी, रबिन्द्र र रोहित अनि म लगायतका साथीहरु बिच घनिभुत छलफल गरेर नगरपालिकाको गाडीमा दिलको घरतिर हिंडियो ।

५) दिल पौडेलका बा धनबहादुर पौडेलमा मैले मेरै वा रामचन्द्र कार्कीको छायाँ देखें । आमा चन्द्रकुमारी पौडेलमा मेरी आमा ईश्वरी कार्कीको प्रतिरूप महसुस गरें । हरेक आमाहरू भित्र बाहिरै ज्यादै प्रसन्न हुन्छन् भने बाह्य चाहिँभित्र अति प्रसन्न हुन्छन् र बाहिर चाहिँ खासै चासो नदिएझैं गर्छन् । अतिगहिरो अविस्मरणीय आतिथ्यताले म भित्रैदेखि पुलकित भएँ । आमाको फेरि फेरि पनि आउनुहोला भन्ने भनाईको मातृत्वभावले सम्वेदनशीले बनायो । दही र केराको सम्झनाधिकै ताजै छ । छरछिमेकीहरु दिल स्थानीय विकासका बारेमा छलफलमा बसे, म चाहिँ शयनकक्षतिर लागें

६) भोलिपल्ट बिहानी हिंडाईमा दुधौली खोलासम्म पुगियो र दृश्य हेरियो । दिलसँग त्यहाँका पुलपुलेसा, कलभर्ट, स्कुल आदिका बारेमा जानकारी लिइयो । केही स्थानीयहरुसँग कुराकानी पनि गरियो । हतार हतार कार्यक्रम स्थलतिर पुग्यो। रुमला बहु क्याम्पसमा कार्यक्रम गर्ने तयारी भएको थियो । दिल पौडेलद्वारा लिखित दलको दुब्बुस्तिकको परिचय र दुधौली साप्ताहिकद्वारा सम्मान प्रदान गर्ने कार्यक्रम निर्धारित समय भन्दा केही ढिलो गरेर आरम्भ भयो । खचाखर्च उपस्थितिका बिच भएको कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भियो । कार्यक्रममा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्दै विभिन्न सन्दर्भमा मन्तव्य राख्ने कार्य गरिएको थियो । मैले दिल पौडेलको पुस्तकको समीक्षा प्रस्तुत गर्दै अभिनन्दन प्राप्त हुँदाको अनुभव सुनाएको थिएँ ।

७) दुधौली नगरपालिकाका मेयर घनश्याम राउतलाई साक्षी राखेर मैले दुधौलीलाई आकर्षक पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिने काल्पनिक योजना प्रस्तुत गरेको थिएँ । दुधौली नगरपालिकामा दुधका परिकार सबै पाउने गरेर व्यवस्था गरेका खण्डमा नामपनि सार्थक हुने सम्भावना देखिन्छ । विभिन्न वडाहरुलाई गाई, भैंसी, बाखापालनमा उत्साहित बनाउने र लगाउने, कुनै वडामा कुराउनी बनाउन लगाउने, कुनै वडालाई पेडा त कुनै वडामा रसवरी, कुनै वडालाई दुधजन्य पदार्थको वर्फी र त्यसैगरी कुनैलाई चाहिं खीर बनाउन लगाउने त कुनै वडामा दही मात्रै पाउने बनाउने । चोक चोकमा तर साथ दुधखान पाउने व्यवस्था मिलाउने अनि नगरपालिकाको केन्द्रमा एउटा दुधौली साहित्य केन्द्रको स्थापना गर्ने हो सिन्धुली गढी आउने अधिकांश दुधौलीमा दुधको परिकार खान र कोसेली लिन एक पटक पुग्ने छन् । अनि दुधौलीको स्वरुप फेरिनेछ । शाकाहारी भोजनको गन्तव्य हेर्न विद्यार्थीहरुको ओइरो लाग्नेछ ।

८) पुरानो चिनजानको मित्रहरु भेट्दा मलाई साह्रै हर्ष लाग्छ । प्रायः सबै ठाउँमा यस्ता हर्षित हुने अवसर प्राप्त हुन्छन् । यस्तो पनिभयो । कलेज पढ्दाका आन्दोलनमा सहभागी हुँदाका, साहित्यिक कार्यक्रममा भाग लिँदाका साथीहरुसँगको सानिध्यले मन प्रफुलित बन्छ । यात्राको मज्जा एउटा यो पनिहो । त्यसो त नयाँनयाँठाउँ, फरक फरक स्वादका खानेकुरा, चालचलन अनुसारका पहिरन, साँस्कृतिक परम्पराहरुले कसको मन आकर्षित हुँदैन र ? खास गरेर मानव समूहमा रमाउने प्राणी नै हो । मानवका असीमित रुचिका कारण नै नयाँ नयाँ आविष्कारहरु भएकाहुन् । एक अर्का बिच घुलमिल हुने स्वभावका कारण मानव समुदायले सामूहिक कार्य सम्पादनका योजनाहरु बनाउने र कार्यान्वयन गर्ने दिशामा अग्रसार हुन्छ । मानवीय सृजनात्मक हरेक कार्यलाई गति प्रदान गर्ने काम विभिन्न मान सम्मान र पुरस्कारहरुद्धारा हुने गर्दछ । विशिष्ट पहिचान भनेकै विशिष्ट कार्य देखिन्छ ।

९) दुधौली नगरपालिका क्षेत्रमा चल्दै गरेका दर्जनौं पुलहरु निर्माण चरणमा रहेका सडकहरुले विकास निर्माणका प्राथमिकतालाई समातेको अनुभुति हुन्छ । स्थानीय तहका प्रतिनिधिहरुले विकासको प्राथमिकता छुट्याउन नसक्दा पनि बजेटको सही सदुपयोग हुन नसकेको महसुस यत्रतत्र हुने अवस्था हुँदाहुँदै पनि दुधौलीमा प्राथमिकता पहिचान भएको अनुभुतिले मनमा राहतमिले जस्तो भयो पाउँदो उज्ज्वलै भविष्यको केही स्थानीयहरुसँग बुझ्दो जनप्रतिनिधिहरुले ठिकै गरेको सुन्न संकेत प्राप्त भयो र आशा पनि पलायो मेरा मनमा स्थानीय निकायमा उत्पादनलाई बढावा दिने र उत्पादनको सामानको उचितबजार व्यवस्थापन गर्ने होभिने विकासले फड्को मार्नेछ । जहाँ जे छ, त्यसैको महत्वलाई स्थापित गर्ने र प्रयोगमा ल्याउँदा गौरव बोध गर्ने वातावरणले स्थान पहिचानलाई आकर्षक बनाउन सकिन्छ ।

१०) अर्काको प्रशंसा सुन्नै नसक्ने, अर्काको प्रगति देख्न नसक्ने, आफ्नो प्रशंसामा पुलकित हुने, प्रगतिमा दङ्ग पर्ने एकलकाँटे प्रवृत्तिले सामाजिक रुपान्तरणलाई सहयोग पुर्‍याउँदैन । आफूले हासिल गरेको ज्ञानको सही सदुपयोगले मात्र समाजमा असल परम्पराको स्थापना हुन्छ । असल परम्पराको स्थापना गर्नका लागि हिम्मतका साथ नेतृत्वले लिन र दिनतत्पर हुनै पर्छ । सामाजिक मूल्यपरम्पराको समयानुसार मानवहितका खातिर उपयोगी बनाउनु साहित्यकारहरुको परम दायित्व हो । पुतलीको घर नाटक हेरेर अतिमिल्ने लाखौं जोडीले सम्बन्ध विच्छेद गर्नु र नाटकको समाप्तिलाई परिवर्तन गर्ने तहमा पुग्नु, उदास आइतबार गीत सुनेर दर्जनले आत्महत्या गर्नु, आमा उपन्यास पढेर हजारौंले क्रान्तिमा लागेर ज्यान बलिदान गर्नु साहित्यका केही विशेष प्रभाव पारेका दृष्टान्तहरु मात्रै हुन् । साहित्यकारहरुले अरुले भन्दा फरक ढङ्गले हेर्नुपर्छ र त्यही अनुरुपको अभिव्यक्ति दिनुपर्छ भन्ने कुरामा कसैसँग विमति हुने कुरै छैन । उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ले चन्द्रमा ज्ञान प्रेरणा दिनु चानचुने कुरा हो र ?

११) बाको बर्दान पाएर छोराछोरीले आफूलाई सक्षम बनाउन सक्छन् । आमाको आशिर्वाद प्राप्त गरेर सृजनशील बन्न सक्छन् । त्यसै गरेर समय कोल्टो फेर्दै जाँदा संसारका सबैभन्दा शक्तिशाली लाग्ने बाआमा पनि कमजोर हुँदै जान्छन् । त्यतिबेला छोराछोरीले कर्तव्य पालनको चरम कार्यान्वयन गर्न सक्नु पर्छ । बरदानको बदल बलिदानंदिन पनि तयार हुनुपर्छ । आशिर्वादको आदेशमा आफैलाई मेट्न दिनपनि तयार हुनुपर्छ भन्ने भामानिमा राखेका खण्डमा अभिभावकका सेवामा छोराछोरी छहारी बनेर खडा हुन सक्छन् । म पनि भोलिको छहारी चाहिने पात्र हुँ भन्ने भावको विकास गर्न सकेका अवस्थामा बा-आमाको खुशीको साक्षी बस्न सकिन्छ । कसको फ्यान कतिखेर जान्छ, कुन कारणले जान्छ भन्ने कुनै लेखाजोखा नै हुँदैन त्यसैले हर समय आफूले सकेको साथ र सहयोग परिवारका कुनै पनि सदस्यलाई गर्नु पारिवारिक दायित्वभित्रै पर्दछ । यतिभए पछि यसो गर्छु भन्दाभन्दै समयले छिटो फड्को मारिसक्छ र पछुतोको पद्का से उसरे पोखरीमा डुब्नुको विकल्पै हुँदैन त्यसैले गर्दा हरेक सन्ततिले आफ्ना बाआमा र हामो प्रचलनअनुसार लोग्नेका बाआमा, स्वास्नीका बाआमालाई आफ्नै ठानेर साथ सहयोग दिनुपर्छ ।

उमेर बढ्दै गएपछि गाँस, बास, कपासले मात्रै पुग्दैन, उहाँहरुले जीवनभर गर्नुभएका, भोग्नुभएका अनेक सन्दर्भहरु ध्यानपूर्वक सुनिदिनु सबैमा उत्तम साथ सहयोग हुन जान्छ । त्यसो त हरेक परिवार, गाउँ, सहर, क्षेत्र, जिल्ला, प्रदेश, राष्ट्र, महाद्विप, अझभनौं सारा ब्रम्हाण्ड भरिका मान मात्र होईन सारा जीवन वस्पतिलाई आफ्नै ठानेर व्यवहार गर्न सकेका खण्डमा चरम सन्तुष्टि प्राप्त हुन्छ ।

१२) अनन्त सम्भावनाहरुलाई सृजनामा रुपान्तरण गर्नका लागि भावनाको संसार साँघुरो बनाएर हुँदैन । कल्पनाको कलकलमा कमजोर बनेर पनिहुँदैन, कहिले स्वाभाविक गतिशीलताले चित्त बुझाउनु पर्छ । कहिले विशिष्ट गतिशीलतासँग सन्तुष्ट हुन सकिंदैन । समयको गतिमा कहिले आत्म केन्द्रितहरुसँग जम्का भेट हन्छ भने कहिले अवरोधमा रमाउनेहरु भेटिन्छन् । समयले मानिसलाई मानव तहमा पुर्याउने अनेक उपायहरु पनि छ । सुखी हुँदैमा खुशी हुन सकिदैन, खुशी हुँदैमा सुखी हुन पनि गाह्रो हुन्छ । उपभोक्तावादीहरु आफूमा मात्र क्षमता भएको महसुस गर्छन् र कसैको आड भरोसामा विशिष्ट हुने सपना देख्छन् ।

(उपप्रधापक-आर.आर. क्याम्पस)

## खै त स्वाभिमान

टेकनाथ पहाडी
(शिक्षक)

व्यथिति र भ्रष्टचार गोडमेल गरी
शक्तिकेन्द्र धाउने हर्दम देवालय सरी ।
बबुरो त्यो शिक्षक एउटा पाठ घोकाउने
अन्याय र व्यथितिलाई डाँडो कटाउने ॥

ताते ताते हिड्ने बालक क ख सिकाउने
शिक्षा दिई भरपूर्ण समाज मिलाउने ।
नीति नियम बनाउने सत्ता शासन गर्ने

शिष्य आफ्नो कानुन लेख्छ गुरु भोकै मर्ने ॥

अनुशासित मेहनती बन्नु पर्छ भनी
हौसला र प्रेरणाका सौगात बाँड्ने अनि ।
कुमार्ग र सुमार्गको रेखाङ्कन गरी
काखमा राखी सिकाउने आफ्नै सन्तान सरी ॥

राष्ट्रपति प्रधानमन्त्री कानुन शिक्षा हुँदै
खै त सम्झ्यौ गुरुलाई बस्नुपर्ने रुँदै ।
प्रफुल्ल त्यो गुरु तिम्रो कति बन्थ्यो अरे
प्रगतिका सन्देश लिई तारिफ तिम्रै भरे ॥

नियमन निकायमा पदार्पण गरी
उच्च पदमा आसीन भयौ न्यायमूर्ति सरी ।
घाटबारेको पर्याय त्यो निरिह नै भयो ,
मैन बत्ती जले झैँ नै पूरा जीवन गयो ॥

अँध्यारोमा आलोक छर्ने उदत्त छ छात्ती
पेशाप्रति निष्ठावान स्वार्थ राखी थाती ।
रङ्क पनि भूप पनि छैनन् सम्मान दिने
सङ्कट आयो जीवनमा आदर कसको लिने ॥

जब हुन्छ आफ्नो मुटु पराइको साथ
शासक बने चेला आफ्नै छैन उच्च माथ ।
अहङ्कार त्याग बाबु गुरु चिन्न थाल
अन्यायको घेरा तोडी न्यायिक टुकी बाल ॥

डाँडाकाँडा सबैतिर शिष्यकै छ रबाफ
तर पनि तिरस्कृत कसले देला जवाफ ।
आधा हामी पिल्सिएका लाग्दा भयो चोट
स्वाभिमान गुम्यो हाम्रो छैन केही खोट ॥

जीवनको इतिहास दर्पण जस्तै मानी

गुरुलाई आदर गर आमाबाबु ठानी ।
भ्रुण पनि मौलाउन जल पर्नु पर्छ
जीवन प्राण भर्ने काम तिम्रो गुरु गर्छ ॥

**म एक अङ्ग्रेजी शिक्षक**

**गोविन्द आचार्य**
**(शिक्षक)**

बा ले भन्नु हुन्थ्यो
संस्कृत पढ्नु पर्छ ।
अनि पण्डित बन्नु पर्छ,
तर मैले जानी न जानी अङ्ग्रेजी पढेँ
र त मेरो अङ्ग्रेजीले
तोडिदियो मेरा बा को

बाहुनवादी चिन्तन,
न बा ले घोकाउने
न आमाले सिकाउने
न मेरा बाजे ले सिकाउने
कसरी सिक्ने अनि कसरी सिकाउने
द मोर लर्निङ द मोर कन्फ्युजन
थाले मेरो इङ्गलिस लेशन
घरी डिक्सनरी घरी प्रोनन्सिएइशन
घरी डाइलग घरी कन्भर्सेइसन
घरी लेक्चर घरी इक्स्प्लानेइशन

द मोर टेक्निक्स द मोर सस्पिसिअन
वट अ बोरिङ प्रोफेशन
किनभने म एक अङ्ग्रेजी शिक्षक
घरी न्यारेइशन, घरी नेगेशन
घरी क्वेश्चन, घरी प्यासिभाइजेसन
घरी रिपिटेइशन , घरी ट्रान्सफर्मेइशन

द मोर टिचिङ द मोर क्वेश्चन
किनभने म एक अङ्ग्रेजी शिक्षक
घरी ट्रान्सलेशन, घरी डिक्टेइशन
घरी स्पोलिङ, घरी कम्पोजिशन
घरी रोल प्लेइ , घरी ड्रामाटाइजेशन
घरी डिस्कशन, घरी इन्स्ट्रक्शन
द मोर टेक्निक्स द मोर फ्रस्टेइशन
किनभने म एक अङ्ग्रेजी शिक्षक

## स्कूल

शर्मिला शाही ठकुरी
(शिक्षक)

आउँदै गर्नू है नानी रमाई रमाई आउँदै गर्नू ॥।
सधैँ भरी बिहान उठी हातमुख धुनू ॥
खाना खाई नाना लाई स्कुलमा आउनू।
आउँदै गर्नू है नानी रमाई रमाई आउँदै गर्नू ॥।

स्कुलमा रमाई रमाई पढ्नु पर्छ नानी ।
खाजा खाई हात धोई पिङ खेल्ने बानी ॥

आउँदै गर्नू है नानी रमाई रमाई आउँदै गर्नू ॥।

स्कुलमा सधैँ भरि पोशाक लगाई आउनू ।
कापी कलम पेन्सिल कटर सबै बोकी ल्याउनू ॥
पढ्दै गर्नु है नानी रमाई रमाई आउँदै गर्नू ॥।

स्कुल हाम्रो कति राम्रो लदाभीर हो नाम ।
हरियाली फुलबारी लदाभीरको सान ॥
आउँदै गर्नू है नानी रमाई रमाई आउँदै गर्नू ॥।

## श्री मा.वि. लदाभीर

- वी.पी. आचार्य
(शिक्षक)

कत्ति राम्रो श्री मा.वि. लदाभीर
तिम्रै सम्मानमा निहुरिन्छ हाम्रो शीर ।

दुधौलीको शिक्षाको दीप
सबैलाई सिकाउछ्यौं सीप ।

२०१५ मा प्रा.वि. रुपमा स्थापित भयौ
शिक्षा दीप बाल्दा बाल्दै नमुना रुपलियौ ।

कमलाको कलकल पानी तिमी ज्ञानकी खानी
तिमी सितै नाता गाँस्न आएथैँ म पनि ।

तिम्रै ज्ञानको मद्दतले अघि बढैँ पहिले
विविध विद्यालय महाँ सेवा गरेँ मैले ।

तिम्रै सेवा गर्ने धोको राखेको थैँ मैले
तिम्रै दूरदृष्टि भर्न समर्पित छु ऐल्हे ।

म्चभक

क्जचष्कजतङ द्ययजयचब
९त्भबअजभच०

म्चभक ष्क तजभ बकउष्चबतष्यल तजबत बधिबथक ाष्भिक,
क्ष्त गिचअजभक ष्ल तजभ भखभचथयलभुक भथभक।
ब्लम कभभक तजभ धयचमि धष्तज ब जभष्नजत,
ल्भखभच कतयउउष्लन ष्पिभ तघ्भ बलम तष्मभ।

क्ष्तुक ब पभथ तय गलयियअप ागतगचभ नबतभ,
ब कयगचअभ तय चभबअज मभकतष्लबतष्यल बजभबम।

त्जबत भखभचथ भथभ कभभक मबथ बलम लष्नजत,
ब लबतगचभुक नषत तय ङबपभ ागतगचभ दचष्नजत।

म्चभक चयबचक धष्तजष्ल गक जष्नज बलम जष्नज,
ज्बखष्लन धष्लनक तय ाथि ाचफ तजभ भबचतज तय कपथ।
क्ष्त अबल तचबलकायच्क बर्ाी षउयककष्दभि धबथ,
ःगकत जबखभ ाबष्तज ष्ल भबअज तय धबपि बधबथ।

क्ष्तुक खभचथ जबचम तय बअजष्भखभ तजभ नयर्बा,
ल्भखभच नष्खभ गउ जयउभ बलम ाष्क थयगच कयगा।
ीभत ष्त कयबच मबथ बलम लष्नजत,
ग्लतर्ष थयगच ागतगचभ दभअफभक दचष्नजत।

## गीत

कुशक पुरी
(शिक्षक)

माया यस्तै हो हाम्रो जिन्दगी
दुःख किन गर्छौं जीवन राखी बन्दगी
दुःख सुख मिलन विछोड जिन्दगीको खेल हो
मानिसको जिन्दगी खहरेको भेल हो
माया यस्तै हो ........................

यस्तै यस्तै हुन्छ सधैँ जीवनको खेलमा
कहिल्यै पनि नरुनु है विछोड हुने बेलामा
माया यस्तै हो हाम्रो जिन्दगी
दुःख किन गर्छौं जीवन राखी बन्दगी

## गणतन्त्र

कोले भन्छ गणतन्त्र
जनता ठग्ने तन्त्र हो
कोही भन्छन गणतन्त्र
बोक्सी फुक्ने मन्त्र हो
तर म त भन्छु गणतन्त्र
शोषक सामन्त अन्त गर्ने यन्त्र हो

## हाम्रो गाउँ

**– रचना प्याकुरेल**
**कक्षा ११**

चारै तिर पहाडले छेकेको छ गाउँ
नदि आफ्नै गतिमा वगी हिडेको ठाउँ
पूर्वबाट तावा ककुर पर्ख साथी भन्छिन्
वर्षा याममा खोला नाला सुसाउदै झर्छिन

पाखा पखेरा जुरमुराई एकै हो भन्छन्
त्रिवेणी घाटमा भेलाभइ आफ्नै बाटो लाग्छन्
बिहानको मिरमिरेमा कोइलीले गित गाउँछन्
चराहरु आफ्नै गतिमा चारो खोज्न धाउँछन्

पाठशाला र कार्यशाला बाक्लो बस्ती भन्छन्
आहा कति राम्रो ठाउँ हामी सबैले गुण गाउँछन्
मेचिदेखि महाकालीसम्म जोडिएको चिप्लो बाटो भन्छन्
यहि बाटो हुँदै कयौँ यात्रीहरु आफ्नो गन्तव्यमा पुग्छन्

## टुहुरा बालबालिका

-गिता श्रेष्ठ
कक्षा ११

जन्मदै टुहुरो भई बाँच्न विवश छन्
टुहुरा बालबालिका
आफ्नो परिचय बिना बाँच्न विवश छन्
समाजको साम‍ु यहाँ बालबालिका
सहरको मन्दिर र सडकमा बास बस्न
अर्काको अपहेलना र तिरस्कार सहन विवश छन्
यहाँ बालबालिका
भोक भोकै हिड्न विवश छन्
भोक मेटाउन भनी फालेका खाना खान विवश छन्
यहाँ बालबालिका
सानैमा रोगी भई हिड्न विवश छन्
उपचार नपाई मर्न विवश छन्
यहाँ बालबालिका

जन्म दर्ता बिना शिक्षा सेवा लिन आफ्नो हक र अधिकार लिन पछि
परेका छन् यहाँ बालबालिका
बेरोजगारीका कारण जीवन चलाउन
खराब बाटो हिड्ँन विवश छन्
यहाँ बालबालिका

**थाकिसकैँ म**

**– विन्दु परियार**
**कक्षा १०**

मनोरञ्जनका लागि सुनिने ती सङ्गीत एक्लो मान्छेको मन भुल्ने बाहाना भएको छ,
खुसी टाँसोको रङ्गले रङ्गिनु पर्ने त्यो भित्ता एकान्तको रोदनले रङ्गिएको छ ,
एक्लै रमाउनु पनि यो समाजलाई जिते जस्तै हो जति जसको साथ पाए पनि त्यस्तै हो ,
साथी साथी भनेर मरिहत्ते गर्नु पनि व्यर्थै हो भगवानले पठाएको ठाउँबाट फेरि भगवान कै ठाउँमा फर्किन मन छ ,
सोचेर हारेको मलाई यो समाजले धेरै नसोच है भन्छ ,
आँसुसगँ पनि आँखाले सफा देख्न थालेको छ
मनले कहिले पूरा नहुने आशा पालेको छ
कति राम्रा लाग्ने तो दिनहरु उराठ लाग्न थाल्यो
मलाई एक्लै देख्नेहरु मलाई  एक्लै देख्नेहरु मसँग अन्धकार छ
अरुले गरेको हेला छ , तिनका नराम्रा वचन सँगै छ

दिमाग छ , लेख्नलाई शब्द भेटिदैंन
भावना मिसाउन चौतारी भेटिदैंन
हार मानेर छाडे पनि सफल हने चाहना मेटिदैंन

## मेरा बा

**-सुदिक्षा कार्की**
**कक्षा ९**

सानोमा हात समाएर हिड्न सिकाउने तिमी
ऋहिले माथ दिएर अघि बढाउने तिमी
तिमी मेरो पितासँगै बन्यौ एक साथी
प्रेरणाको श्रोतमा तिमीसब भन्दा माथि

हाम्रो लागि भनी बस्यौ होला तिमी मोको पेट
खुसी खोज्नका निम्ति गयौ तिमी अर्को देश
परिवारको खुसी खोज्दा आफ्नो चाहिँ भुल्यौ होला
चाडपर्व नजिकँदा परदेशमा तिम्रो नि मन रुन्छ
मेरो सफलतामा सबै भन्दा ठुलो हात तिम्रो हुनेछ
त्यसैले त तिम्रो र मेरो कदम सधैँ साथ हुनेछ
मेरो नाम पछिको थर रगतको प्रकार सबै तिमी
त्यसैले त म भित्र बाँचिरहेको सबै सपना सबै तिम्रो

बा पसिना आँउदा तिमीलाई वायु बनि लम्कन सकूँ
तिम्रो आकांक्षाका दिनहरु पुरि दिन सकूँ
मेरो बा थेग्न नसकिने गरी फलेको वृक्षमा लाउने झै
म तिम्रो सबैभन्दा दरो टेका बन्न सकूँ

## धार्मिक स्थल त्रिवेणी

**– यूनिषा कोइराला**
**कक्षा ९**

बागमती प्रदेशको उत्तर पूर्वमा अवस्थित दुधौली नगरपालिका बागमती प्रदेशको अन्तिम सिमानामा रहेको छ । पूर्वमा उदयपूर जिल्लाको कटारी नगरपालिका रहेको छ । दुधौली नगरपालिकालाई छुट्याउने नदीको रुपमा तावाखोला रहेको छ । दुधौली नगरपालिकालाई परिचित गराउने धेरै विषयहरु भएतापनि कमला नदी प्रमुख हो । अर्को यही कमला , तावा र दुधौली खोलाको मिलन स्थलका रुपमा रहेको त्रिवेणी बजार पनि एक हो । यो त्रिवेणी मेला प्रत्येक वर्ष माघ १ गते देखि १५ गतेसम्म लाग्ने गर्दछ । पहिले यो मेला १ महिनासम्म लाग्ने भन्ने भनाइ छ । त्यसैले यसलाई महिनी बजार पनि भनिन्थ्यो ।यो बजारको मुख्य विशेषता भनेको यातायातको साधन नहुने समयमा यहाँ घोडा ल्याएर नेपाल लगायत भारतका नागरिकहरुलाई बेचिने गरिन्थ्यो । जसको फलस्वरुप यस बजारको एक भागलाई घोडा बजार पनि भनिन्छ । घोडाको अलवा यस बजारमा भोटे कुकुर, राडी, पाखी पनि बेच्ने गरिन्थ्यो । माओवादी द्वन्द्व र कोभिड १९ को समय अवधि बाहेक अन्य समयमा यो बजार निरन्तर लागिरह्यो । यो बजारलाई धार्मिक स्थलको रुपमा पनि लिइने हुँदा यस मेलामा त्रिवेणी स्नान गरी पुन्य प्राप्त गर्न सोलु , खोटाङ,ओखलढुङ्गा देखि

मानिसहरु आउने गर्छन् । भारतबाट पनि धर्मावलम्बीहरु आउने गर्छन् । यो बजारको मनोरञ्जनको मुख्य आकर्षणको रुपमा पिङ, सर्कस थिए भने अन्यमा भाँडा , जुलेवी र कपडा पसल पनि थिए । सुरुवाती समयमा यँहा जुवा तास पनि खेल्ने गरिन्थ्यो । यसलाई विकृतीको रुपमा लिइने भएतापनि तत्कालीन समयमा लुकाछिपी खेलाउने खेल्ने गरिन्थ्यो । यसरी दुधौली नगरपालिकाले आफ्नो पहिचानलाई कायम राख्न यस्ता सास्कृतिक महत्वको विषयमा आफ्नो अतुलनीय योगदान दिएको छ ।

## स्वागत गीत

**चेत बहादुर विश्वकर्मा (बिसम्बर)**
**(शिक्षक)**

स्वागत छ स्वागत छ अतिथिहरुलाई
लदाभीर स्कुल सम्झेर आउने अतिथिहरुलाई

ज्ञानको दियो फैलाउँदै आयो यो हाम्रो स्कुल
पठाउनुस् स्कुल ती नानी बाबु नमान्नुस् मुस्किल
स्वागत छ स्वागत छ बाबा र आमालाई
ज्ञानको पहिलो मुहान हाम्रो बाबा र आमालाई

कलकल बग्ने कमला नदी शिरैमा माभारत
कलिला मुना फूलाउन हेर नभनी दिन रात

स्वागत छ स्वागत छ ती गुरुहरुलाई
शिक्षाको ज्योति फैलाउने महान् ती गुरुहरुलाई

दुधौली सुन्दर नगरमा हाम्रो लदाभीर स्कुल फुलेको
ती पूर्व शिक्षक , चन्दा है दाता छैन नी कसैलाई भुलेको
स्वागत छ स्वागत छ ती पूर्व शिक्षकलाई
लदाभीर स्कुल सम्झेर आउने ती पूर्व शिक्षकलाई

चुरेको पहाड त्यो हाम्रो छाती माईथान मन्दिर
लदाभीर स्कुल ज्ञानको दियो विद्याको मन्दिर
स्वागत छ स्वागत छ सबै सबैलाई
नमुना स्कुल बनाउन योगदान गर्नेहरुलाई

यो स्कुलसगँ सबै सबैले पिरती लाउनु है
फेरी पनि हामिलाई सम्झी फर्केर आउनु है
स्वागत छ स्वागत छ अतिथिहरुलाई
हाम्रो निम्तो स्वीकारी आउने अतिथिहरुलाई

## **<u>समय र आधुनिकतासँगको प्रबिधि</u>**

दिलिप तिवारी-.
शिक्षक प्रतिनिधि
श्री मा .बि .लदाभिर

जीवन निरन्तर चलिरहने प्रक्रिया हो। जीवन भोगाइ र अनुभवको संगालो पनि हो। यस प्रक्रिया भित्रको एउटा महत्वपूर्ण अङ्ग वा तत्व समय हो। समय एक चक्रीय प्रणाली हो जुन , आफ्नै गतिमा चलिरहन्छ। यसलाई रोक्न पनि सकिँदैन न त कसैले पर्ख भनेर नै यसले कसैलाई पर्खन्छ। यो आफैमा महान छ। जसरी समय दिनानुदिन सेकेन्ड महिना , दिन, घण्टा , मिनेट , हुँदै वर्षमा परिबर्तन हुँदैछ , बदलिँदैगइरहेको छ त्यसरी, नै हामी मानव पनि बदलिँदै गईरहेका छौं। विकासको

क्रमसंॅंगै मानिसहरुका मनहरु क्रियाकलापहरू , पनि बदलिँदै गएको आभास हुँदै छ। सबै मानिसहरु परिवर्तन हुँदैछन् ।

स्वतन्त्रताको हकसँगै आ आफ्ना-बिचार , अभिव्यक्तिर अविस्कारमा प्रविधिले सबै मौलिकता छोप्दै छ । सक्कलीपनहरु हराउँदै जाँदा नक्कलीपनहरु बढ्दैछन् । चोर्ने र राख्ने ९ऋयउथ बलम उबकतभ ० नक्कली भावना वा क्रियाकलाप गाँजिदै छ । आफ्नो मौलिक क्षमता, पहिचान, हराउँदै गइरहेको छ । हामी जंक फुड खान अभ्यस्त हुँदै गइरहेका छौँ । हामी भन्ने शब्द हराउँदै छ समय र । प्रविधिको सापेक्षताामा आफू राम्रो र अरु खराव अनि चाप्लुसी पोलको बाटोमा सत्य र तथ्य नबुझी रिसाहा प्रवृतिको विकास हुँदै गइरहेको छ । म र मेरो आफ्नो भन्ने भावनाले सिधा समाज नगर ,र राष्ट्रलाई असर गरिरहेको अवस्था प्रस्ट देखिन्छ । हाम्रो समाज देखावटी समाज बनिसकेको छ । सत्यतालाई अल्प क्षणिक र असत्य सधैँ बाहिरी देखावटीका कारण राम्रो लागिरहने जस्ता विषयले समाजभित्र नकारात्मक रुपमा विकृति फैलदै गइरहेको छ। पुर्खाहरुले दिएको संस्कृति आविष्कार , सभ्यता , हराउँदै गएको छ ती सबै केवल सङग्रहालयमा कैद भइ रहेका छन् । आधुनिकताले जितेर हामीलाई कहाँ पुर्याउने हो ? मौलिकताजोगाउन सकिएला या नसकिएला त्यो , पनि समयकै पर्खाइमा रहनु पर्ने देखिन्छ ।

कुनै पनि व्यक्ति गरीब नराम्रो , अविकसित, पुरानो , खुंजेली , फोहरी,बन्न चाहदैन र यसो बन्न मन पनि लाग्दैन । समय सापेक्ष यसबाट परिवर्तन हुन चाहन्छ । यसरी परिवर्तन हुने क्रममा आएको वा देखिएको रुप नै आधुनिकता हो । त्यसैले हामी लगायत जो कोही पनि आधुनिक हुन र देखिन चाहन्छौँ। अहिलेको आधुनिकता एक दसक भित्र लोप हुँदै जाने र अर्को आधुनिकता आउने क्रम चलिरहन्छ । मानिस अझै धनी– जान्ने , लोकप्रिय, सुन्ने निरोगी , अनि सुखी बन्न र यसैको प्राप्तिका निम्ति नयाँ– नयाँ कुराको खोज अनुसन्धान, गरिरहेको हुन्छ । जीवन सङघर्षशील बनाइरहेको हुन्छ ।

आज समयसँगैको आधुनिकता भित्र प्रविधिको विकास भएको छ । जसले आजको समयमा हाम्रो जीवनयापन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । प्रविधिले हामीलाई सजिलो र सुगम बनाउँछ । सँचारसँगै विविध पक्ष जोडेर

समृद्ध बनाउँछ विश्वव्यापी , अवस्थामा हामीलाई जोडिदिन्छ । यसले समाजमा सम्वेदनशीलता तथा साझा सम्मेलन बढाउँछ । समयसँगसँगै आधुनिक प्रविधि महत्वपूर्ण बन्न थालेको छ । यसले हामीलाई सञचारका महत्वपूर्ण उपकरणहरु दुरसंचार डाटा, इन्टरनेट,विज्ञान उच्च, स्तरीय संगठन र विज्ञानमा महत्वपूर्ण अग्रसरता प्रदान गर्दछ । यसले समाजमा अधिक समृद्धि प्राप्त गर्दछ । लोकतान्त्रिक व्यवस्था , शिक्षा , स्वास्थ्य र साझा समृद्धिको क्षेत्रमा योगदान हरपल पुर्याइरहन्छ ।

आधुनिकतासँगैको प्रविधि यस्तो हुनुपर्छ– जसले हाम्रो पहिचान पनि जोगाओस र हामीलाई विश्व नागरिकको हैसियत पनि दिन सकोस । आधुनिक चेतनासँग जोडिएको होस् जानकारी , सहितको होस् । त्यसैले पूर्खाहरुले गरेका अविस्मरणीय विषयहरुलाई सम्मान गर्दै आधुनिकतालाई विस्तारित गरी हामी र हाम्रो समाज प्रविधिसंगै आर्गानिक बनाउनु आजको आवश्यकता हो । समय सापेक्ष जोडिएको प्रविधिले हामीलाई कतिको साथ र सहयोग गर्छ कसरी ? परिवर्तन गर्दै लैजान्छ जीवन ? भोगाई र अनुभवसँगै हेर्दै र आत्मसात गर्दै महान र अविराम समयसँगै अघि बढ्नु र हिड्नु नै बुद्धिमता देखिन्छ ।

# " शुभकामना"

मिति २०८० ०९/१२/गते श्री माध्यमिक विद्यालय लादाभिरका कक्षा ११ मा अध्ययनरत  बिद्यार्थी भाइ बहिनीहरुको आयोजनामा  कक्षा १२- का विद्यार्थी भाइ बहिनीहरुलाई विदाइ तथा शुभकामना कार्यक्रममा प्रस्तुत  गरीएको कविता----

सफलताका पाइलाहरु अघि बढी रहून यहि छ कामना
हार्दिक वधाई छ गुरुहरुबाट उज्जवल भविष्यको शुभकामना

दुःख पीडा ध्वस्त होस् शरीर, तिम्रो स्वस्थ्य रहोस्
महल पजेरो होस् या नहोस् गुरुजनसँग, भेटघाट भइरहोस्

आखाँ मात्र केवल माध्यम बनून दृष्टि पनि मन कै होस्
कोही  होलान फटाहा चोर तर सङ्गत सज्जन कै होस्

अल्झिन सक्छौ चौबाटोमा सकारात्मक हल मिलोस्
परिश्रमी छन्  तिम्रा हात  माटो खन्न बल मिलोस्

असल सोच लक्ष्य तिम्रो अनि आफ्नै पहिचान बनोस्
तिम्रो वचन गहना अनि व्यवहार तिम्रो धन बनोस्

चप्पल नहुँदा नबिझ्ने जमिन मिलोस्
अन्न नपाउँदा पिउने कन्चन जल मिलोस्

शुभकामना छ ,
सफलताका पाइलाहरु अघि बढी रहून यही  छ कामना
हार्दिक बधाई छ गुरुहरुबाट उज्जवल भविष्यको शुभकामना

दिलिप तिवारी
शिक्षक श्री, मा बि लदाभिर

## मेरो मानसपटलमा सधैं बस्ने श्री मावि लदाभिर (संस्मरण )

- रोहित कुमार गुरुङ

ओहो कस्तो राम्रो भएछ मैले सानोमा पढेको विद्यालय ! त्यो चन्चले बालापना बिताएको विद्यालय । भवन पनि कत्रा कत्रा ! ति काठको पटाहाले घेरेको घर, बेस्सरी हावा चल्दा र पानी पर्दा कानै खाने गरी कराउने जस्ताको छानो अनि हामी नाचगान र अध्ययन गर्ने घुमाउरो मञ्च घर पनि हराएछ । ठूला ठूला सपना बोकेर जाडोमा कठेंग्रीदै र गर्मीमा पसिना चुहाउदै सुन्दर भविष्य कोर्ने ति साना विद्यालय पनि कत्ति ठूला भए छन् । हाम्रो उमेर सँगसँगै मैले पढेको भवन पनि कति ठूला ठूला भएछन् । भलै हामीले देखेको सपना र उदेश्यले गगन छुन नसके पनि मैले पढेको विद्यालयका  भवनहरूले गगन चुम्न खोज्दे रहेछन् । त्यति बेलाका श्री उच्च मावि अहिले उच्च हराएर श्री मावि मात्रै भए पनि भौतिक संरचनाले उच्च स्थान पाएका रहेछन् ।

गेट र कार्यालय अगाडी सुन्दर वाटर फाउन्टेन, बिचमा विद्याकी देवी सरस्वती माताको मुर्ति, हातमा वीणा , अनि पुस्तक लिएर सबै भन्दा माथि बसेर हामी सबैलाई आशीर्वाद दिईरहेकी ।

ढिलो हुँदा छिट्टो कक्षामा आउदा होस या कक्षा छाडेर भाग्दा नाघेर जाने ति काडे तार पनि हटेछन् । विद्यालय वरी परी मजबुत घेरा बेरा भएछ । गाउलेले भाग लगाएर घास काट्ने र चौपाया चराउने चौरमा विभिन्न प्रजातिका फुल फुल्न थालेछन् ।  हिजोका दिनमा भन्दा आज मैले पढेको विद्यालय सुन्दर भएछ । म कक्षा आठमा हुँदा त्यति बेलाका विज्ञानका गुरु बर्तमान प्रधानाध्यापक मोहन शाही सरले भन्नु हुन्थ्यो, धेरै कुराको सम्भावना हुँदा हुँदै पनि विद्यालयको स्तर उठ्न सकेन श्रोतको दुरुपयोग भयो की ?  अहिले थाहा भयो वास्तवमा सरले भन्नु

भएको कुरा । त्यो समयको लदाभिर स्कुल अनि अहिलेकोमा आकाश जमिनको फरक भएछ । सहि समयमा सहि नेतृत्व भयो भने आखिर  के हुँदैन रहेछ  र ? अझै कत्ति विद्यालय दाताको आसामा हात फैलाएर बसेका छन् । कत्ति विद्यालय श्रोत साधन भएर सम्भावना हुदा पनि केही नभएको । तर  मैले पढेको श्री मावि लदाभिर केही वर्ष यता भएको परिवर्तन अतुलनीय छ ।

यो सब मैले पर सडकबाट एक टक हेरी रहे । आफू पढेको विद्यालय, आफ्नो बाल्यकाल, साथी सँगीसँगै खेलेको रमाएको विद्यालयलाई आँखाले सेकेर मात्रै मनले मानेन । विद्यालयको ति भित्ताहरू स्पर्श गर्न मन लाग्यो, एक पटक चौरको बिचमा बसेर मेरा ति अतितमा हराउन मान लाग्यो । मन न हो के मान्थ्यो र ।

मेरो अभिभावकले हाम्रै उज्ज्वल भविष्यको लागि भन्दै विक्रम सम्वत् २०५० साल असोजमा (दशैं आउदै थियो) कमला खोँचको तातो भुक्रोमा लिएर आउनु भयो । त्यही साल देखिको हो म र यो विद्यालयको सम्बन्ध । कक्षा २ मा तत्कालीन गाविस भवनको धुलै धुलो भएको भुइँ तल्लामा बसेर आदरणीय गुरु राजवंशी लाल कर्ण, हेम प्रसाद गौतम लगायत अन्य गरु ज्यूहरूको मार्ग निर्देशन अनुसार त्यही धुलो माटोमा आफ्नो भविष्य कोर्न थालियो । अझै पनि मलाई याद छ कक्षा २ मा रोल नम्बर २४ मा भर्ना भएको कक्षा ३ मा जादा नै रोल नम्बर ४ भइएछ । कक्षा ४ मा तेस्रो म कक्षा पाँचको त्यति बेला जिल्ला स्तरीय परीक्षामा मैले प्रथम स्थान हासिल गरेछु । सबैको स्याबास र आशीर्वाद त हुनै नै भयो ।  त्यस पश्चात् सबैले माया गर्नु भएर पनि होला कक्षा ८ सम्म मेरो स्थान कसैले खोसेनन् या गुरु वर्गहरूले खोसाउन चाहानु भएन । मज्जाको कुरा यतिबेला हामी प्रत्येक वर्ष प्रथम हुन्थ्यौ अनि गुरु ज्यूहरूले रु ५  को एक पाकेट कोकोनट चकलेट दिनु हुन्थ्यो । त्यो मलाई मात्रै हैन हामी भन्दा सिनियर राजकुमार पौडेल दाई, रोहित भट्टराई दाई, म अनि तल विश्वास शाही ठकुरी, अहिलेको चलचित्रमा दया ह्याङ राइ जस्तै हामी त्यति बेलाका निरन्तर प्रथम टोली तर सबैले पाउने त्यही कोकोनट चकलेट ।

म कक्षामा गुरुहरूसँग अलि नजिक हुन मन पराउने भएकोले पनि होला अध्ययनका कुरा सँगै गुरु बा गुरुआमाहरूले व्यवहारिक ज्ञानका कुरा पनि गर्नु हुन्थ्यो । कक्षा

आठमा हुँदाको समयमा हामीलाई मोहन शाही सरले विज्ञान विषयमा प्रयोगात्मक सिकाईको लागि केही सामाग्री खोज्न भनि हामी सबै बिद्यालयको एउटा गोदाममा छिऱ्यौं। गोदाममा विज्ञानका विभिन्न सामाग्री सँगै अनेकौं प्रकारका खेल सामाग्रीहरू पनि थिए जुन धमिराले आफ्नो सुरक्षित गूढ बनाएर बसेका थिए। उसै समयमा हामी सबैले काम लाग्ने खालको सामाग्रीलाई सुरक्षित निकाल्यौ। त्यो क्षण मलाई अझ पनि याद छ मोहन शाही सरको आँखामा टिलपिलाएको। आफूलाई सम्हाल्नु हुदै लामो सास फेरेर भन्नु भयो। " विद्याथीहरूले खेल सामग्री मागेका छन्, विभिन्न प्रयोगात्मक सामाग्री मागेका छन् , तर सामाग्रीको हालत यस्तो ? सरकारले गरेको लगानीको सहि सदुपयोग भएन केटा हो। मैले सोचे के भन्नु भएको होला सरले भनेर। तर अहिले यो भवन, उता वाग वाणी, विभिन्न विषयगत शिक्षक शिक्षिकाहरू कस्तो व्यवस्थापन। यसरी भन्दा मैले देवत्वकरण नै गर्न खोजेको भने हैन नेतृत्वको पनि कमी कमजोरी हुन्छ तर अन्जानको वा भुलेर भन्ने फरक कुरा रहन्छ। वास्तव मै विद्यालयले काँचुली फेरेको रहेछ। लाखौंको उज्ज्वल भविष्य कोरेको हिजोको विद्यालयलेको स्वरूप र आजको यो स्वरूप हुनुमा नेतृत्व सँगै सबैको त्यतिकै हात छ। त्यसैले त यी कक्षा कोठाका भित्ताहरू उनै पौरखी र इमान्दार गुरुहरूको माया बसाएको छ। हामी जस्ता शिष्यहरूको भविष्य कोर्नको लागि बगाउनु भएको पसिनाको घुर बसाएको। नैतिक शिक्षाको वाणीहरू गुन्जिएको छ। पूर्व व्यवसायी शिक्षा पढ्दा बनाएको माटाको चराको सुरीलो धुन गुन्जिएको छ। त्यही भएर मेरो लदाभिर स्कुल सधैं अमर छ। अजर छ। सरकारले उच्च हटाए पनि हाम्रो लागि सधैं शिर माथि उच्चकोटिको छ।

**गजल**

**- सुमन अधिकारी**
**(शिक्षक)**

केहि नहुने मान्छेको शरिरमा पनि त खुन हुन्छ
निरन्तरको अभ्यासले एकदिन अवश्य जुन भेटिन्छ

कस्ले भन्यो नेपालमा बसेर केहि हुदैन भनेर ?
गर्न सक्नुपर्छ यहि दुधौलीको माटोमा सुन भेटिन्छ

म लेख्दै छु सोच्दै छु किन विद्यार्थीको सोचे जस्तो अंक आउदैन्
कारण हाम्रा विद्यार्थीको झोलामा किताब कम बढि फोन भेटिछ

मिहिनेती बन पढ्दै लेख्दै जाउ ठुलो मान्छे बन्
बल्न आफै विद्यार्थीको मनमा शिक्षकका लागि गुन भेटिन्छ

असल मान्छे बन्न अनुशासनमै बसेर पढ्नुपर्छ भाइबहिनी हो ,

पढाइ पनि सङ्गीत जस्तै हो पढ्दै जादा मिठो धुन भेटिन्छ

## हाम्रो पाठशाला

- नागेन्द्र महतो
(शिक्षक)

ज्ञानको ज्योति छरेर धर्ती उज्यालो पार्नेछौं
श्रद्धा र आस्था लिएर आत्मा पवित्र पार्नेछौं ।

सिर्जना नयाँ फुलाउँछौ चेतना नयाँ जगाँउछौ
ज्ञान र विज्ञान कलाले हाम्रो यो देश चम्काउछौं ॥

मनवता हाम्रो धर्म हो सेवा नै हाम्रो कर्तव्य हो
अज्ञान सारा हटाई सभ्यता चुम्ने लक्ष्य हो ॥।

ज्ञानको दीप बाल्दै जाऊ प्रगतिपाइला चाल्दैजाऊ
धर्तीको निशा हटाई उषाका किरण छर्दै जाऊ
यो हो हाम्रो पाठशाला ॥

## कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको अध्ययन अवलोकन भ्रमण प्रतिवेदन

### १. अध्ययनको पृष्ठभूमि

प्रत्यक्ष अवलोकन भ्रमण गरी मनोरञ्चनका साथै ज्ञानको दायरा फराकिलो बनाउने उद्देश्यका साथ श्री. मा.वि लदाभिर, दुधौली-( खिरियानीमा अवास्थित विद्यालयबाट मिति २०८०।०९।२५ गते देखि २९ गतेसम्म ५ दिनको लागि कक्षा १२ (व्यवस्थापन, विज्ञान र शिक्षा) का विधार्थीहरुको भ्रमण तथा अवलोकन कार्यक्रमको यो भ्रमण यात्रा प्रतिवेदन हो । यस विद्यालयको स्थापना वि.स. २०१५ सालमा भई विगतको केही वर्षदेखि यस क्षेत्रमा शिक्षक ज्योति फैलिदै गइरहेको छ । विद्यालयले अतिरिक्त र सहकियाकलापलाई महत्वपूर्ण स्थान दिएको छ । विगतमा पनि यस विद्यालयले विद्यार्थीहरुको सिर्जनशीलता / व्यक्तित्व विकासको लागि शैक्षिक भ्रमण कार्यकम कहिले पूर्वी भाग हुदै दार्जिलिङत कहिले नेपालको उत्तरी भू-भागको मुस्ताङ सम्मको छोटो लामो रुपमा शैक्षिक भ्रमण र बनभोज कार्यक्रम सम्पन्न गरेको थियो । यस वर्षको विधालयको वार्षिक कार्ययोजना २०८० मा पुस महिनाको २५ गते देखि २९ गते सम्म शैक्षिक भ्रमण कार्यकम रहेकोले मिति २०८०।०९।२२ गते विधालयको प्रधानाध्यापक र शिक्षकहरु सहित उक्त कार्यक्रमको तयारीमा लागियो , छलफलको क्रममा सरलाई दिइयो । भ्रमणको लागि हामी विद्यार्थीहरुले तीन ओटा क्षेत्र छनौट गऱ्यौ : १) मुक्तिनाथ , मुस्ताङ, २) पोखरा, ३) गोरखा ,सम्मको यात्रा त्यस प्रश्चात विद्यार्थीले र शिक्षक सबैको यस क्षेत्र जाने कुरामा सहमति भयो । भ्रमणको काले विद्यार्थीमा १/२ दिनमा उत्साश आयो तर भ्रमण कार्यक्रममा आर्थिक पक्षले प्रत्यक्ष प्रभाव पार्ने भएकोले केही विद्यार्थीहरुमा नैराश्यता पनि छाउन थाल्यो। यसरी हामीले प्रत्यक विद्यार्थी / शिक्षकबाट रु.४००० को दरले जम्मा गरी भ्रमण्को लागि तयारी

गर्ने निर्णय गर्यो । भ्रमणको लागि केही सहयोग नगरपालिकाबाट सहयोग गरिदिन' हुन्छ भन्ने आशाले हासी केही विद्यार्थीहरुले निवेदन लेखी विद्यालयको अनुमति लिएर नगरपालिका पनि पुग्यौं तर त्यहाँ नगर प्रमुख नहुनु भएको कारणले हामीले नगरपालिकाबाट सहयोग पाउने मौका गुमायौ यसरी भ्रमण जानु भन्दा अगाडि भ्रमण जाने विद्यार्थीले ध्यान दिनुपर्ने आधारभूत जानकारी प्रधानाध्यापक, वि.व्य.स.का आदरणीय व्यक्तित्वहरुबाट जानकारी गराउनु भयो । छलफलको अन्त्यमा मौसम चिसो भएकोले न्यानो कपडा लगाउन, आफ्नो घरमा बनाइएको खाजाहरु सम्भव भए सम्म ल्याउन सुझाइयो । शैक्षिक भ्रमण सहयात्रीको रुपमा ४२ सिटको बस रिर्जभ नै गरेका थियौं । शैक्षिक भ्रमण तथा अवलोकनको क्रममा ४५ जना विद्यार्थी र ३जना शिक्षक गरि जम्मा ४८ जना भ्रमणका लागि तयार भयौं । २०८० पौष २५ गते बुधबार ठिक १०:०० बजे विधालयको गेटमा जम्मा हुने गरी हामी सबै टिफिनको समयमा घरगई, आ-आफ्नो तयारीमा लाग्यौं । संयोजकको जिम्मेवारी लिनु भएको शिक्षक श्री मोदनाथ काफ्ले ,भीष्मराज धमला र अन्जय जयसवाल सरले सम्पूर्ण भ्रमणमा सहभागी हुने विधार्थी र शिक्षकको नामावाली तयार गर्दै भ्रमणको पहिलो दिन प्रारम्भ भयो ।

## २. भ्रमणका उद्देश्यहरु

कुनै पनि शैक्षिक भ्रमण एवं अवलोकनको उद्देश्य स्पष्ट हुन जरुरी हुन्छ । सोही बभोजिम हाम्रो भ्रमणको उद्देश्य निम्न लिखित रुपमा राख्यौं ।

- विद्यालयमा सिकेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्नु ,
- नेपाल प्राकृत्तिक, धार्मिक र संस्कृतिक दृष्टिकोणले धनी देश हो यहि विविधतालाई अवलोकन गर्नु ,
- मनोरञ्जन गर्नु ,
- भौगोलिक विविधताको बारेमा जानकारी लिनु ,
- व्यक्तित्व विकास र सिर्जनशीलतालाई प्रवद्धन गर्नु ,
- प्राचीन कला, सभ्यता र संस्कृतिको जानकारी लिनु ,

## ३. भ्रमण अध्ययन विधि

यस भ्रमण र अवलोकनलाई सफलतापूर्वक समपन्न गरी उपलब्धिभूलक र उद्देश्य प्राप्तिको लागि निम्नलिखित विधि छनोट गरियो ।

- अवलोकन विधि

## ४. भ्रमण यात्रा र उपलब्धि

❖ **पहिलो दिन - मिति २०८०।०९।२५ गते मुक्तिनाथ दर्शनको लागि यात्रा सुरु**

पूर्व निर्धारित योजना अनुसार बिहानको करिब ९:०० बजे बाट विद्यालयको गेटमा जम्मा भईयो, त्यहां लगभग सम्पूर्ण विध्यार्थीहरुको उपस्थित भइसकेका थियौं । विद्यालयका प्रधानाध्यापकबाट केही समय भ्रमणमा जाँदा पालना गर्नुपर्ने नियमहरु र शर्तहरु सुनी त्यसमा सम्पूर्ण विद्यार्थीहरुको मञ्जुरी सहित सम्पूर्ण विद्यालयको परिवारतर्फबाट आर्शिवाद लिएर करिब ११:५० तिर हामी हाम्रो यात्रातर्फ लाग्यों । हामीले हाम्रो यात्रा सफलताको लागि भगवानसंग प्राथना पनि गर्यो । यात्राको पहिलो दिन भएकोले गदां होला हामी सम्पूर्ण गाडी भित्र नै खुब रमाइलो गर्दै (नाच्दै, गाउँदै, चिचाउँदै, खादै गइरहेका थियों तर केही साथीहरुलाई भने गाडी लाग्ने समस्या भएकोले उहाँहरुलाई भने केही कठिनाइ भएको महसुस गर्न सकिन्थ्यो, तथापी उहाँहरु पनि रमाउँदै हुनुहुन्थ्यो । यात्रा, गर्दै जादाँ हामीले हेटौडामा ५:२० मा बस रोकाएर खाजा खाई नारायणघाट तर्फ लाग्यो । खाजा खाए पश्चात झन् हामी विद्यार्थीहरुमा केही शक्ति प्रदान भएकोले साथीहरुले निकै नै रमाइलो गर्नुभयो। यसै क्रममा हाम्रा शिक्षकहरुले केही समय अगाडि खाना तयार राख्नु भनी होटलमा अडर दिनुभएको रहेछ । हामीले करिव ८:५३ मा आपुखैरेनी तनहुँमा खाना खायौ र फेरी हाम्रो मुक्तिनाथको यात्रा सुरु गर्यो । हामी सम्पूर्ण रातीको समय भएकोले त्यहि माथि पनि गाडीमा हिडेकोले गर्दा केही साथीहरु र शिक्षकहरु भने गाडीमा नै सुत्नभयो र केही साथीहरुले भने झै बसभित्र नै रमाइलो गर्दै हुनुहुन्थ्यो । यसरी हामीले हाम्रो यात्राको सुरु दिन बसमा नै यात्रा गरेर कटायौं किनभने मुक्तिनाथ दर्शन गर्न जान निकै समय लाग्ने भएकोले हामीले रातभर यात्रा गर्यो ।

## ❖ दोश्रो दिन (मितिः २०८०।०९।२६) गते मुस्ताङ पुगी मुक्तिनाथको दर्शन

बिहान ६:०० बजे हामीले मुस्ताङ जिल्लाको प्रवेश गऱ्यौ । मुस्ताङको थाङसाङ भन्ने ठाउँमा बस रोकाएर सम्पूर्ण विद्यार्थीहरु फ्रेस भएर केही बेर त्यहाँ आगो तापियौ र त्यहाँ बाट झिसमिसे उज्यालो हुदै केही सेता सेता हिमालहरुमा हिउँहरु टल्किरहेको देख्यौं। त्यहाँबाट हामीले बसभित्रबाट बाहिरका मनमोहक हिमालहरुको दृश्य हेर्दै हाम्रो यात्रा अगाडी बढायौ । त्यहाँ साना ठूला हिमालहरु थुप्रै थिए त्यहीं हिमालहरुले हामी जति अघि बढ्यौ त्यति नै हाम्रो मनमा झन् उत्सुकता र कौतुहलता अनि अजस्र ऊर्जा थप्दै थिए ।हामी करिब ९:०० बजे गन्तव्य स्थल पुगी मुक्तिनाथ दर्शनका लागि फूलपाती किन्यौ। त्यहाँसम्म पुग्दा हामीलाई केही अलि बढी नै जाडो भएको महसुस भएको थियो तर पनि हामीले चिसोको प्रवाह नगरी मुक्तिनाथ दर्शन गर्नतिर लाग्यौ । त्यहाँ धेरै ठण्डार थियो समुन्द्री सतहदेखि निकै अग्लो स्थानमा रहेकोले हामीलाई अक्सिजनको कमी भएको महसूस हुनथाल्यो। हाम्रा केही साथीहरु भने लेक लागेका कारणले माथि मन्दिर दर्शन गर्न जान सक्नु भएन तर धेरै जसो विद्यार्थीहरु र आदरणीय शिक्षकहरु भने दर्शन गर्न जसोतसो मन्दिर पुग्यौं, त्यहाँ गएपश्चात हामीलाई त्यति बाक्लो बाक्लो ज्याकेट, जुत्ता, टोपी,

गलफन, पञ्चा इत्यादि लगाउँदा समेत जाडो, भने कम भएको थिएन र प्रतिकूलताका बाबजुत  मुक्तिनाथ दर्शनबाट  प्राप्त गरेको ज्ञानहरु निम्नलिखित छन् ।

मुक्तिनाथ हिन्दु तथा बौद्धधमार्गीहरुको लागि एक महत्वपूर्ण तीर्थस्थल रहेको यो तीर्थस्थल समुन्द्र सतहदेखि ३,७१० मीटरको उचाईमा भएको  नेपालको हिमालपारिको जिल्ला मुस्ताङ जिल्लामा अवास्थित भएको  यस मन्दिरलाई हिन्दुहरुले मुक्ति क्षेत्र भन्ने गरेको यो तीर्थस्थल शालिगाम भगवानको लागि प्रसिद्ध रहेको शालिग्राम वास्तवमा एउटा पवित्र शिला हो जसलाई हिन्दु धर्ममा पूजतीय हुने । मुक्तिनाथको यात्रा जटिल रहेको छ तैपनि हजारौ संख्यामा हिन्दु धर्मावलम्बी  तीर्थ गर्नका लगि आउने गरेको यी र यस्तै शाश्वत ज्ञान प्राप्त भयो । मुक्तिनाथमा विशेष गरी भगवान् श्री नारायणको पूजा गरिन्छ । यो मन्दिर प्यागैडा शौलीमा बनाइएको छ । यहाँ १०८ धारा रहेको छ जसमा :नान गर्नाले सम्पूर्ण पाप पखालिने मान्यता रहेछ । यसरी स्नान गर्नाले पाप पखालिने मान्यता अनुसार हाम्रा केही साथीहरुले भने त्यस १०८ धारामा स्नान गरी पूजा गर्नुभयो भने हामी धेरै जसोले चाहिं स्नान गर्न नसकेकोले गर्दा पूजा मात्र गरी त्यहाँ वरिपरिका सेताम्मै हिमालहरु हेरी मुस्कुराउँदै त्यहाँका केही चिनोहरु बोकेर र साथीहरुसँग ग्रुप फोटो खिची खाना खानका लागि होटलतर्फ लाग्यौ। होटलबाट खाना खाएर करिब ११:०० बजेतिर त्यहाँबाट हामी फर्किएर आउँदै गर्दा बाटामा थुप्रै स्याउका बोटहरु पनि देख्यौ तर स्याउ चाहि अवसिजन भएकोले रहेनछन् । अपसिजन भएता पनि हामीले मार्फामा आएर मुस्ताङको स्याउँ किनेर यात्रातर्फ लाग्यौं ।

**रुप्से झरना**

आउदै गर्ने क्रममा हामीले बाटोको नजिकै रहेको म्यागदी जिल्लामा रुप्से झरना पनि देख्यौ । त्यहाँ केही बेर बस रोकाएर हामीले त्यस झरनालाई राम्रोसँग  हेर्‍यौ र फोटो पनि खिचौं रुप्से झरना अर्थात्  बेनी जोमसोम सडक खण्डमा पर्ने यो एक मनमोहक झरना अवलोकन गर्न थुप्रै पर्यटकहरु आउने गरेका रहेछन । म्यागदी सदरमुकामन बेनी नग/पालिकादेखि ३० किलो मिटर उत्तर पूर्वमा पर्ने रुप्से झरना ७५ मिटर अग्लो रहेको छ। यहाँ पानीको धारा चाहि काली गण्डकी नदीबाट आउने रहेछ ।

रुप्से झरना पछि हाम्रो यात्रा पोखरातर्फ लागियो । पोखरामा बास पनि बस्यौं। पोखरामा बास बसेको राती हामीले साथीहरुसँग निकै रमाइलो गौं । यसरी हाम्रो भ्रमणको दोस्रो दिन पनि रमाइलोको साथ सम्पन्न  भयो ।

**❖ तेस्रो दिन (मिति २०८०।०९।२७) गते पोखरामा**

फेवा ताल र ताल वारही मन्दिर दर्शन, डेभिड फल्स, गुप्तेश्वर महादेव गुफा,अन्तर्राष्ट्रिय पर्वतीय संग्राहलय :

**फेवा ताल (ताल वाराही मन्दिर)**

बिहानै उठेर आ-आफ्नो नित्यकर्म सकेपछि हाम्रो नित्यकर्म सकेपछि हाम्रो योजनाअनुसार बिहान ८:०० बजे फेवा ताल पुग्यौं ।

- बिहानको समयमा चाँहि जस्तै टल्कने माछापुच्छे अन्नपूर्ण हिमालहरु नजिकबाट देख्न पाउँदा हामी साथीहरु फुरुङ्ग र खुसी भयौं ।
- टिकट लिएर डुङ्गामा चढेर हामी ताल वारही मन्दिरमा पूजा गर्न गयौं ।
- हामीले डुङ्गामा चढ्दाको पल त्यहाँबाट देखिने हिमालहरु मन्दिरहरु एकदमै रमणीय भएको हुदाँ हामी फोटाहरु खिच्न र भिडियो बनाउन व्यस्त थियौं ।
- यो कास्की जिल्लामा अवस्थित रहेको र ५.२३ वर्ग.कि. क्षेत्रफल ओगटेको यस तालमा माछापुच्छे, अन्नपूर्ण र धवलागिरि तथा अन्य पर्वतको जल यहाँ बगेर आउने गर्दछ। फेवा ताल पुगिसकेपछि हामी खाना खानको लागि पोखराको अन्नपूर्ण होटलमा पुग्यौं र खाना खाएर हाम्रो यात्रा डेभिज फल्स र गुप्तेश्वर महादेव मन्दिरतर्फ अगाडी बढ्यो ।

## पातले छाँगो (डेभिज फल्स)

- यो झरना कास्की जिल्ला अन्तर्गत पोखरामा अवस्थित छ ।
- जमिनको सतह भन्दा तल गुप्तेश्वर गुफा तर्फ झनै यो झरना वर्षायाममा हेर्न लायकको रहेछ ।
- एउटा प्राकृतिक सुंरुगको माध्यमबाट यो झरना लगभग ५०० फिट माथिबाट जमिनस्तरभन्दा १०० फिट रहेछ ।
- डेभि नाम गरेकी एक स्विस पर्यटक यस झरनाबाट खसेर बेपत्ता भएको हुनाले यस झरनाको नाम डेभिज फल्स रहन गएको भन्ने मान्यता रहेछ ।

## गुप्तेश्व/ महादेव मन्दिर

- कास्की जिल्लाको पोखरा महानगरपालिका भित्र एउटा धार्मिक एवं पर्यटकीय स्थलका रुपमा अवस्थित रहेको यस ग’फाको ऐतिहासिक, पुराताव्विक तथा धार्मिक महत्व रहेको पाइयो ।
- साँझमा सुख, शान्ति र समृद्दिका लागि आरती बाल्ने चलन रहेछ ।
- गुफा जमिन देखि १५० मि. तल रहेको गुफा भित्रबाट पातले धाँगा बाट खसेको झरना हेर्न सकिँदो रहेछ ।

त्यसपछिको हाम्रो यात्रा अन्तर्राष्ट्रिय पर्वतीय सङ्गहालय तर्फ सोजियो ।

## अन्तर्राष्ट्रिय पर्वतीय सङग्रहालय (२०६० सालमा)

- हिमाल र हिमाली क्षेत्रका सम्पूर्ण गतिविधि झल्कने पोखरामा निर्माण गरिएको सङग्रहालय अवलोकन पश्चात प्राप्त अनुभवहरु :

- नेपालका ८००० मि. भन्दा बढी उचाइ रहेका ८ वटा हिमालहरु र विभिन्न हिमश्रृंखालहरुको जानकारी
- हिमाली क्षेत्रमा वसोवास गर्ने जातजातिहरुको रीतिरिवाज, भेषभूषा, कला संस्कृति र भौगोलिक अवस्था जानकारी :
- नेपालमा वसोवास गर्ने सम्पूर्ण जातजातिहरुको भेषभूषा, रीतिरिवाज झल्काउने मूर्तिहरू
- पार्साङ ल्याम् शेर्पा, कामिरिता शेर्पा जस्ता थुप्रै नेपालीहरुको बारमा जानकारी
- जलवायू परिवर्तनले हिमालमा पारेको असर र कालोकार्बन बारे जानकारी :
- मनास्लु हिमालको प्रतिरुप निर्माण गरिएको । महत्वपूर्ण जानकारी अवलोकन पश्चात करिब बेलुकाको ६:०० बजे तिर खाना खान हामी फेरि अन्नपूर्ण होटलमा नै पुगी खाना खाए पछिको यात्रा हाम्रो मनकामना मन्दिरतिर लाग्यो ।

❖ **चौथो दिन** (**२०८०।०९।२८ गते**)

(**मनकामना मन्दिर, हेटौडा सहिद स्मृति पार्क**)

### मनकामना मन्दिर दर्शन

- मनकामना जिल्लामा अवस्थित रहेको मनकामना मन्दिरको दर्शन गर्न दिनहुँ थुप्रै मानिसहरु आउने रहेछ जसमध्ये विद्यार्थीहरु नै भ्रमणका लागि बढी आउने गरेको पाइयो ।
- यस मन्दिरमा चाहि दुर्गा भगवती रहेको :
- एक पटक दर्शन गर्दा एउटा मात्र मनोकामना पूरा हुने विश्वास रहेको :
- मन्दिरमा पूजा गर्ने पुजारी मगर जातिका हुनु पर्ने प्रचलन रहेको :
- विद्यार्थीह?को सङ्ख्या निकै नै भएको कारणले गर्दा हाम्रो बजेटले नभ्याउने स्थिति आएकोले हामी केवलकारमा भने चढ्ने भने पाएनौं तर पनि हामीले सबै साथीहरुसँग रमाइलो गर्दै सिंडी चढेर भएपनि मनकामना दर्शन गर्न करिब ३:०० बजे पुगिसकेका थियौ ।

### हेटौंडा सहिद स्मृति पार्क

चितवनमा ९:३० तिर खाना खाएर हामी हेटौडातर्फ लाग्यौ । बसमा नाच्दै, गाँउदै , रमाइलो गर्दै हेटौडा पुग्दा १२:०० बजेको थियो । त्यसपछि बसलाई पिकनिक स्थलमा लगेर सबैजना एकैसाथ हेटौडा सहिद स्मारक पार्क तिर अगाडी बढ्यौ , त्यस पार्क भित्र प:न टिकट लाग्दो रहेछ अनि हामीले टिकट काटेर पार्क भित्र हिड्यौ । हामी त्यहाँ पुग्दा खाना तयार हुदै थियो । त्यसपछि हामी त्यहाँ गएर एकछिन रमाइलो गरेर घुम्न व्यस्त भयौं । घ'म्नका लागि चिडियाखानातर्फ गयौं जँहा विभिन्न प्रकारको चितुवा, निलगाई, अजिङ्गर गोही आदिका जीवजनावरको साथै विभिन्न प्रकारका गिद्ध, वन कुखुरा, मयूर,

चिल, परेवा, सुगा, ओस्ट्रिच, लाटोकोसेरो जस्ता थुप्रै चराचुरुङगीहरु पनि  थिए । चिडियाखाना घुमिसकेर हामी लागिम सहिद पार्क तर्फ । त्यहाँ थुप्रै सालिकहरु रहेका छन् ति मध्य पनि त्यहा एउटै ढुगांमा कुदिएको १२ सहिदहरुको कलात्मक मुखाति पार्कको मुख्य आर्कषण रहेछ । २५ टनको एउटै अजङ्गको ढुंगामा राष्ट्रको स्वाधीनताका निम्ति ब्रिटिस सेनाविरुद्ध लडेर वीरगति प्राप्त गर्ने भक्ति थापा, १०४ बर्षीय जाहानिया राणाशासन विरुद्ध प्रजातन्त्र प्राप्तिको लडाईं लडी  अमरत्व प्राप्त गर्ने वीर सपुतहरु २०१७ साल पंछि पञ्चायती निरकुशता विरुद्ध गरिएका विभिन्न जनसंघर्षका कममा वीरगति प्राप्त गर्ने रतन कुमार वानतवा, भोजदत्त पन्त, यज्ञबहादुर थापा, दुर्गानन्द झा, वीरेन्द्र राजवंशी, मुनेश्वरी यादव र प्रभावर पौडेलको आकृति कुदिएको रहेछ । त्यहाँ पुष्पलाल, विपि कोइराला, गणेशमान र मनमोहक जस्ता प्रजातान्त्रिक योद्धाहरुको सालिक निर्माण गरिएको रहेछ । सहिद पार्कमा घुमिसकेर स्तम्भ भएको ठाउँमा घ'म्न गयौं। त्यहाँको स्मारकमा सहिदहरुको सम्झनामा १९ मिटर गोलाइमा ६५ फिट अग्लो स्तम्भ निमार्ण गरिएको रहेछ। चारैतिर वगैंचा र आग्रभागमा नेपालको प्राकृतिक नक्सा निर्माण गरिएको रहेछ ।

## ५. भ्रमणका  सबल पक्षहरु

- विद्यार्थी अत्यन्तै  अनुशासित र मर्यादित रहेको :
- भ्रमणमा सहभागी  शिक्षक र विद्यार्थी विच सम्बन्ध राम्रो भएको :
- कतिपय स्थानहरुमा सम्बन्धित क्षेत्रका मानिसहरु मार्फत जानकारी लिने मौका पाइएको :
- शिक्षक तथा गाडी स्टाफ बिच राम्रो समन्वयात्मक भूमिका रहेको :
- विद्यार्थी सक्रिय भएको  :
- भरपुर मनोरञ्जनात्मक कार्यहरु गरिएको :
- भ्रमणको दैनिक समिक्षा गरी भोलिको योजना बनाउने गरेको  ।

## ६. भ्रमणका दुर्वल  पक्षहरु

- भ्रमणबारे पूर्व तयारी र छलफल कम हुनु :
- शैक्षिक भ्रमण तथा अवलोकनलाई बढी भन्दा बढी उपलब्धिमूलक बनाउन पूर्व योजना समयमै नबन्नु :
- लक्षित सम्पूर्ण विद्यार्थीह?लाई भ्रमणमा सहभागी  बनाउन न;क्न' :
- दैनिक रुपमा भ्रमण गतिविधिबाट आर्जित ज्ञान तथा अनुभवको छलफल र विश्लेषण हुने पर्याप्त समय र बालमैत्री वातावारणहुन् नसक्नु :
- विद्यालयबाट भ्रमणमा के, कसरी, कति, किन भ्रमण आयोजन गर्ने भन्ने बारेमा ठोस निर्णय व्यवस्था नहुनु ।

## ७. भ्रमणको निष्कर्ष तथा सुझाव

शैक्षिक भ्रमण तथा अवलोकन कार्यक्रम विद्यालयको कार्ययोजना अनुसार सम्पन्न गरिएको हुँदा केही कमीकमजोरी रहेतापनि समग्रमा हाम्रो भ्रमण तथा अवलोकन कार्यक्रममा राखिएको उद्देश्यहरुसँग रहेर हाम्रो ज्ञानको दायरा बढाउन उपलब्धिमूलक भएको छ । भ्रमणको कममा आर्थिक व्यवस्थापन चुस्त दुरुस्त भएको छ । यस शैक्षिक भ्रमण तथा अवलोकन कार्यक्रमका गतिविधि र उपलब्धिका आधारमा निम्नानुसार सुझाव प्रस्तुत गर्न सकिन्छ ।

- शैक्षिक भ्रमण तथा अवलोकन कार्यक्रममा लक्षित सबै विद्यार्थीलाई सहभागी कसरी गराउन सकिन्छ भन्ने विषयमा विद्यालयको तफबाट जिम्मेवारी भूमिका खेल्नु पर्ने :
- भ्रमणको उद्देश्य: विद्यार्थी सहभागी कसरी गराउने, आर्थिक व्यवस्थापन कसरी गर्ने, जिम्मेवारी कसलाई दिने जस्ता विषयमा व्यापक छलफल गर्नुपर्ने :
- भ्रमण क्षेत्रको नक्सा त्यस ठाउँको महत्व र विशेषता शिक्षकलाई जानकारी हुनुपर्ने :
- शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने नियमहरु भ्रमणपूर्व बनाउनु पर्ने ।

अन्यमा भ्रमण सफल गराउन सहयो गर्नहुने वि.व्य.स.का अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरु विद्यालयका प्रधानाध्यापक मोहन शाही ठकुरी र सम्पूर्ण विद्यालय परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछौं

त्यसैगरी भ्रमणमा संयोजकको जिम्मेवारी पूरा गर्नु भएकोमः मोदनाथ काफ्ले सर र अन्जय प्रसाद जयसवाल सरलाई विशेष धन्यवाद चाहन्छौं । त्यसैगरी वीरेन्द्र धानुक सरलाई सम्पूर्ण स्थानहरुको सम्पूर्णको फोटो तथा भिडिया खिच्न सहयोगी भूमिका निर्वाह गर्नु भएकोमा उहाँलाई पनि विशेष धन्यवाद दिन चाहन्छौ ।

### भ्रमणका क्रममा लिइएका तस्विरहरु














ndhya Aarati ... माता ताल बाराही



